# गैँडाकोट नगरपालिकाको प्रथम पाँच वर्षीय शैक्षिक योजना

## (२०८१/०८२-२०८५/०८६)

२०८१

श्री गैँडाकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गैँडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश

सर्बाधिकारः
श्री गैँडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैँडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश,
नेपाल

**पाँच वर्षे शैक्षिक योजना (२०८१/०८२-२०८५/०८६)**

**२०८१**

# प्रकाशकीय

नेपालको संविधानले एकात्मक शासन व्यवस्थालाई सङ्घीय संरचनामा रुपान्तरण गरे पछि राज्यबाट प्रवाह हुने सेवा सुविधाहरूको पनि सोही आधारमा विभिन्न तहका सरकारको कार्यक्षेत्रभित्र समेटिएका छन् । राज्यको उन्नति र प्रगतिको लागि आधारशिला तथा मेरुदण्डको रुपमा रहेको शिक्षाको जग विद्यालय शिक्षालाई जनताको मौलिक हकको रुपमा परिभाषित गरिएको छ । संविधानको अनुसूची ८ मा विद्यालय तहको शिक्षाको व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्दछ भनी स्पष्ट रुपमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७५ अनुसार आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहमा रहेको कुरा स्पष्ट छ ।

संवैधानिक व्यवस्था तथा प्रचलित ऐन कानुनअनुसार गैंडाकोट नगरपालिकाले विद्यालय शिक्षाको प्रभावकारी व्यवस्थापन गर्न विभिन्न कार्यहरू गर्दै आएको छ । सङ्घीय तहमा आवश्यक कानुन नबन्दा हाम्रा कामको सन्दर्भमा व्यवधान आइपरेको हामीले महशुस गरेका छौं । त्यस्तो कठीनाइलाई सानो तहबाट भए पनि समाधान गर्न सकिन्छ भन्ने सोचका साथ गैंडाकोट नगरपालिकाले आवधिक शैक्षिक योजनाको आवश्यकता महशुस गरेको हुनाले यो योजना निर्माण गरिएको छ । संवैधानिक प्रावधान, राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धताहरू, आवधिक योजना, सहस्राब्दी विकासका लक्ष्यहरू, जनताका अपेक्षा र हामीले जनतासँग गरेका बाचाहरूलाई समेत आधार लिएर योजना निर्माण गर्ने कार्यादेशका आधारमा यो योजना तयार भएको छ । यसले शिक्षा क्षेत्रमा सुधारका लागि परिवर्तनका आधरशिला खडा गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिइएको छ ।

गैंडाकोट नगरपालिकाको पाँच वर्षे शैक्षिक योजना निर्माण गर्न नेतृत्वदायी भूमिका खेल्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख डा. बालकृष्ण चापागाईं विशेष धन्यवादका पात्र हुनुहुन्छ । आफ्ना अमूल्य सुझाव प्रस्तुत गर्नु हुने शिक्षा विकास तथा मानव संशाधन केन्द्रका महानिर्देशक श्री दीपक शर्मा, गैंडाकोट नगर प्रज्ञाप्रतिष्ठानका उपकूलपति श्री गोविन्द विनोदी प्रति विशेष आभार व्यक्त गर्न चाहन्छु । योजनालाई स्तरीय बनाउन आफ्ना सुझावहरू प्रस्तुत गर्नु हुने शिक्षा समितिका सदस्यहरू दोलराज पाण्डे, खेमराज सापकोटा, निर्माल पाण्डे, उहाँसगै कार्य गर्ने कार्यदलका सदस्यहरू श्री गोपाल भण्डारी, श्री कमल सुवेदी, श्री डिल्ली राज आचार्य, शिक्षा अधिकृत श्री रामप्रसाद अधिकारी र प्राविधिक अधिकृत श्री दिलमाया लम्साल विशेष धन्यवादका पात्र हुनु हुन्छ । यो योजना तयार गर्दा विभिन्न स्थानमा भएका अन्तरक्रिया कार्यक्रममा आफ्ना अमूल्य विचार प्रदान गरी योजनालाई जनताको अपेक्षा बमोजिमको प्रतिवेदनको रुपमा निर्माण गर्न सहयोग पुऱ्याउनु हुने विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, शिक्षक तथा प्रधानाध्यपकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, स्थानीय अभिभावकहरू सबैजनाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**मदनभक्त अधिकारी**

नगर प्रमुख

# हार्दिक कृतज्ञता

स्थानीय सरकार सञ्चालन ऐन अनुसार माध्यमिक तहको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहमा रहेको कुरा स्पष्ट पारिएको छ । नेपालको संविधानको अनुसूची ८ मा समेत विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारमा रहेको कुरा स्पष्ट पारिएको छ । सङ्घीय सरकारबाट शसर्त तथा निशर्त रुपमा आउने बजेट तथा कार्यक्रमलाई प्रभावकारी तरिकाबाट सञ्चालन गरी नतिजाकेन्द्रित बनाउन योजनाबद्ध कार्यक्रमको आवश्यकता रहन्छ । केन्द्र सरकारबाट पाएको अनुदानलाई आफ्नो परिवेश र आवश्यकता अनुसार उपलब्ध स्रोतको आधारमा परिचालन गरी उच्चतम प्रतिफल पाउन पनि योजनाको आवश्यकता रहन्छ । यही आवश्यकतालाई मध्यनजर गरी शिक्षा क्षेत्रको माग तथा आवश्यकता पूर्ति गर्ने गरी यो पहिलो शैक्षिक योजना निर्माण गरिएको हो ।

शिक्षा क्षेत्रमा लामो अनुभव र शैक्षिक योग्यता भएका विद्वतवर्गको सुझाव तथा राय सल्लाह, जनस्तरको अपेक्षा र माग, राष्ट्रिय लक्ष्य र गैंडाकोट नगरपालिकाको भावी सोचका आधारमा यो आवधिक शिक्षा योजना तयार गरिएको छ । योजनाको आधारमा हाम्रा भावी कार्यक्रम र कार्यक्रम कार्यान्वयन मार्फत नतिजा हासिल हुने कुरामा हामी विश्वस्त छौं । योजनामा समावेश भएका विषयवस्तुको अध्ययन गरी यसलाई थप प्रभावकारी बनाउन सम्बद्ध सबै पक्षसँग हामी हार्दिक आह्वान गर्दछौँ ।

नगरपालिकाको योजना निर्माणको सन्दर्भमा आफ्ना अमुल्य सुझाव र सल्लाह प्रदान गर्नुहुने सम्बद्ध सबै पक्षहरूप्रति हार्दिक कृतज्ञता एवम् आभार प्रकट गर्दछौँ ।

यो योजनालाई अन्तिम रुप दिने बेलासम्म आफ्नो अनुभव र ज्ञानको उपयोग गरी गैंडाकोट नगरपालिकाको अमूल्य सम्पत्तिको रुपमा विकास गराउन महत्त्वपूर्ण भूमिका खेल्नु हुने यस कार्यालयका नगर शिक्षा अधिकारी डा. बालकृष्ण चापागाईं प्रति हार्दिक आभार व्यक्त गर्दछु । उहाँसगै खटिएर योजनालाई अन्तिम रुप दिन खटिइरहने शिक्षा सम्बद्ध बौद्धिक व्यक्तित्वहरू, राजनीतिका दलका नेता तथा कार्यकर्ताःहरू, विभिन्न वडाको सदस्यज्यूहरू, विद्यार्थी भाइबहिनीहरू, प्रधानाध्यापकज्यूहरू सबै जना धन्यवादका पात्र हुनुहुन्छ ।

**झबिन्द्र खनाल**

प्रमुख प्रशासकीय अधिकृत

# हाम्रो भनाइ

गैंडाकाट नगरपालिकाको वर्तमना संरचना स्थापनापछि संवैधानिक व्यवस्था तथा प्रचलित ऐन कानुन अनुसार शिक्षाको प्रभावकारी व्यवस्थापन गर्न विभिन्न कार्यहरू गर्दै आएको छ । संविधानमा उल्लेख भएका विषयवस्तुहरूलाई पनि कतिपय ऐन कानुनको अभावमा प्रभावकारी रुपमा शिक्षा सम्बद्ध कार्यहरू अघि बढाउन सकिएको छैन । तथापि केन्द्रस्तरका ऐन कानुन तथा स्थानीय तहमा निर्माण भएका ऐन नियमहरूका आधारमा तेकिएका कार्यहरू अघि बढाउँदै गैरहेको छ । राज्यको प्रशासनिक तथा राजनैतिक स्वरुप नै परिवर्तन भइ सङ्घीयतामा प्रवेश गरेको सन्दर्भमा जनताले आफू नजिकको सरकारबाट ठूलो अपेक्षा गर्नु स्वभाविक हो । शिक्षा क्षेत्रमा पनि जनताले  ठूलो र तत्काल देखिने परिवर्तन खोजिरहेका छन् । योजनाबद्ध तरिकाले कार्य गर्न सकियो भने जनताको उक्त अपेक्षा, नगरपालिकाले जनता समक्ष गरेका वाचा पुरा गर्न तथा राष्ट्रले शिक्षा मार्फत खोजेको देशको समृद्धि तथा जनताको खुशी प्राप्त गर्न सकिन्छ भन्ने मान्यताका आधारमा गैंडाकोट नगरपालिकाले आवधिक योजनाको आवश्यकता महशुस गरेको छ ।  यही आधारमो पहिलो पाँच वर्षे आवधिक योजना निर्माण भएको छ ।

शिक्षा सेवा, अधिकार, दान वा उपहार के हो भन्ने सन्दर्भमा विभिन्न प्रकारका दृष्टिकोणहरू हुन सक्दछन् । प्राचीन कालबाट यसलाई  फरक ढङ्गबाट बुझिँदै आएको भए पनि सबै बेलामा यसको महत्त्व दिन प्रतिदिन बढिरहेको अवस्था छ । हामी वा कोही कसैले शिक्षाको महत्त्वको विकल्प छैन र यस मार्फत मात्र सुख र समृद्धि प्राप्त हुन सम्भव छ भन्ने विषयमा फरक मत प्रकट गर्न सक्दैनौं । राज्यको तर्फबाट कुन तहको शिक्षालाई कति महत्त्व दिने, कुन प्रकारको शिक्षालाई कति महत्त्व दिने भन्ने विषय र जनताले कस्तो प्रकारको शिक्षाको आवश्यकता महशुस गरेका छन् भन्ने विषयमा सबैको एक मत नहुन सक्दछ । तर पनि गुणस्तरीय, गरी खाने, नयाँ खोज गर्न सक्ने शिक्षाको आवश्यकता छ भन्ने विषयमा हामी सबै एक स्थानमा  नै आउँछौं ।

गैंडाकोट नगरपालिकाले आफ्नै धरातलमा बसेर आफ्नै जनशक्तिबाट शैक्षिक योजना निर्माण गर्नु पर्दछ भन्ने सोचका साथ शिक्षा, युवा तथा खेलकूलद शाखालाई पहिलो आवधिक शैक्षिक योजना निर्माण गर्न सुम्पिएको जिम्मवेवारीलाई बहन गर्दै पहिलो आवधिक योजनाको रुपमा यसलाई विकास गर्न सम्भव भएको छ । योजना निर्माणको शुरुमा यसलाई टेको दिनका लागि आवश्यक अभिलेख तथा विभिन्न सामग्रीहरूको अध्ययन गरिएको थियो । त्यसपछि विज्ञहरूसँगको छलफल पछि जनस्तरबाट शिक्षामा हुनु पर्ने मुख्य विषय क्षेत्रको संकलनका लागि आवश्यक सूचना संकलनका लागि साधनको निर्माण गरिएको थियो । त्यही आधारमा गैंडाकोटका विभिन्न स्थानमा गई जनताका अपेक्षा सङ्कलन गरी शैक्षिक तथ्याङ्कका आधारमा योजना निर्माण गरिएको छ ।

योजनालाई यो रुपमा ल्याउन आफ्नो अमूल्य समय दिई आवश्यक सुझाव र पृष्ठपोषण प्रदान गर्नु हुने शिक्षा विकास तथा मानव संशाधन केन्द्रका महानिर्देशक श्री दीपक शर्मा, गैंडाकोट नगर प्रज्ञाप्रतिष्ठानका उपकुलपति श्री गोविन्द विनोदी प्रति आभार व्यक्त गर्न चाहन्छु । यस कार्यलाई अगाडि बढाउन हौसला र निर्देशन प्रदान गर्नु हुने आदरणीय नगर प्रमुख श्री मदनभक्त अधिकारी, नगर  उपप्रमुख श्री शान्ति कोइराला, प्रमुख प्रशासकीय अधिकृत श्री झविन्द्र खनालज्यू प्रति आभार व्यक्त गर्न चाहन्छु । योजना निर्माणमासँगै खटिनु भएका शिक्षा समितिका सदस्यहरू दोलराज पाण्डे, खेमराज सापकोटा, निर्माल पाण्डे, तथा श्री गोपाल भण्डारी, श्री कमल सुवेदी, श्री डिल्ली राज आचार्य, शिक्षा अधिकृत श्री रामप्रसाद अधिकारी र प्राविधिक सहायक श्री दिलमाया लम्साल लगायत योजना निर्माणका लागि सुझाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरू धन्यवादका पात्र हुनु हुन्छ ।

योजनालाई जीवित दस्तावेजको रुपमा हेरिनु पर्छ भन्ने मान्यताका आधारमा यसको थप सुधारका लागि रचनात्मक सुझाव र सल्लाहको निरन्तर अपेक्षा गर्दछु ।

**डा. बालकृष्ण चापागाईं**

नगर शिक्षा अधिकारी

# विषयसूची


| क्रम | विषय | पृष्ठ |
|---|---|---|
| **१** | **परिच्छेद १**<br>**परिचय** | **१** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | विगतका योजनाको प्रगति समीक्षा | ४ |
| १.३ | शिक्षा क्षेत्रको वर्तमान अवस्थाको क्षेत्रगत विश्लेषण | ४ |
| **२** | **परिच्छेद २**<br>**दीर्घकालीन सोच र मार्गचित्र** | **११** |
| २.१ | सन्दर्भ र औचित्य | ११ |
| २.२ | प्रमुख समस्या | ११ |
| २.३ | चुनौति तथा अवसर | १२ |
| २.४ | दीर्घकालीन सोच | १३ |
| २.५ | लक्ष्य | १३ |
| २.६ | उद्देश्य | १४ |
| २.७ | रणनीति | १४ |
| २.८ | कार्यनीति | १४ |
| २.९ | प्रमुख कार्यक्रमहरू | १९ |
| २.१० | अपेक्षित उपलब्धि | २२ |
| **३** | **परिच्छेद ३**<br>**शैक्षिक क्षेत्रका विविध विषय** | **२४** |
| ३.१ | शिशु स्याहार केन्द्र | २४ |
| ३.२ | प्रारम्भिक बालविकास केन्द्र | २५ |
| ३.३ | आधारभूत शिक्षा | २६ |
| ३.४ | माध्यमिक शिक्षा | २८ |
| ३.५ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ३० |
| ३.६ | अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा | ३१ |
| ३.७ | पाठ्यक्रम र मूल्याङ्कन | ३३ |
| ३.८ | शिक्षक व्यवस्थापन र विकास | ३५ |
| ३.९ | समावेशी शिक्षा | ३७ |
| ३.१० | गुणस्तरीय शिक्षा | ३८ |
| ३.११ | शिक्षामा सूचना प्रविधिको प्रयोग | ४० |
| **४** | **परिच्छेद ४**<br>**अन्तर्सम्बन्धित विषय तथा क्षेत्रहरु** | **४२** |
| ४.१ | सन्दर्भ र औचित्य | ४२ |
| ४.२ | शैक्षिक समता र समावेशीकरण | ४२ |
| ४.३ | विद्यालय स्तारोन्नति तथा तह मिलान | ४५ |
| ४.४ | आपत्कालीन तथा दैवी प्रकोपको अवस्थामा शिक्षा | ४७ |

| क्रम | विषय | पृष्ठ |
|---|---|---|
| **५** | **परिच्छेद ५**<br>**सुशासन तथा व्यवस्थापन** | **४९** |
| ५.१ | सन्दर्भ र औचित्य | ४९ |
| ५.२ | संस्थागत क्षमता विकास | ४९ |
| ५.३ | योजना कार्यान्वयन प्रबन्ध तथा अनुगमन मुल्याङ्कन | ५३ |
| **६** | **परिच्छेद ६**<br>**लगानी र स्रोत व्यवस्थापन** | **५४** |
| ६.१ | सन्दर्भ र औचित्य | ५४ |
| ६.२ | लगानी र स्रोत प्रबन्ध | ५४ |
| ६.३ | योजना कायान्वयन प्रबन्ध तथा अनुगमन मुल्याङ्कन | ५६ |
| **७** | **परिच्छेद ७**<br>**प्रमुख क्रियाकलाप र नतीजा तथा उपलब्धि सूचकहरु** | **५९** |
| ७.१ | सन्दर्भ र औचित्य | ५९ |
| ७.२ | दीर्घकालीन सोच अनुसार शिक्षा क्षेत्रका प्रमुख कार्यक्रमहरुमा सम्भावित रुपान्तरण तालिका | ५९ |
| ७.३ | शिक्षा क्षेत्रका प्रमुख विषयका उपलब्धि सूचकहरु | ६१ |
| ७.४ | दीर्घकालीन सोच अनुसार शिक्षा क्षेत्रका प्रमुख कार्यक्रमहरूमा सम्भावित लागत | ६४ |
| ७.५ | अनुगमन योजना | ६९ |
| | सन्दर्भ सामाग्री | ७० |

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

मानव संसाधन विकास र व्यवस्थापनको आधारशिला शिक्षा हो । मानव संसाधनको विकासको आधारमा नै अन्य सबै प्रकारका विकासले मूर्त रूप लिन सक्दछन् । राज्यको सामाजिक एवम् आर्थिक रूपान्तरणको मुख्य जग नै शिक्षा हो । यसले व्यक्तिको चौतर्फी विकास गरी नयाँ सोच र सिर्जनाको आधारमा ज्ञान विज्ञानको क्षितिजलाई थप उजागर गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा रोजगार, सेवा तथा श्रमको पहुँच पुऱ्याउने मुख्य आधारको रूपमा कार्य गर्दछ । नेपालको संविधानले शिक्षालाई नेपाली नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधानले प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क पाउनु पर्ने हक सुनिश्चित गरेको छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिले शिक्षालाई आधारभूत आवश्यकताका रूपमा स्थापित गरेको छ । मौलिक हकको उपयोग सुनिश्चित गर्न गैंडाकेट नगरपालिकाको उपलब्ध आर्थिक स्रोत र साधनको समुचित उपयोग गरी पर्याप्त अवसरहरूको सिर्जना गर्न दीर्घकालीन सोच सहितको गुणस्तरीय र समावेशी शिक्षा प्रदान गर्न यो पाँच वर्षे शैक्षिक योजना निर्माण गरिएको छ । सङ्घीय, प्रदेश सरकारको सहयोग र आन्तरिक स्रोत र साधनको व्यवस्थित प्रयोग गरी दीर्घकालीन सोचको प्राप्तिका लागि गैंडाकोट नगरपालिकाले बहुवर्षीय शिक्षा क्षेत्रको योजनाको आवश्यकता महसुस गरी पञ्चवर्षीय योजनाको निर्माण र कार्यान्वयन गर्न यो शुरुवाती प्रयास गरिएको छ ।

### १.१.१ गैंडाकोट नगरपालिकाको परिचय

धार्मिक एवं पौराणिक महत्त्वका हिसाबले पवित्र र प्रख्यात मानिएको नारायणी नदी किनार, प्रसिद्ध धार्मिक र पुरातात्वीक स्थल मौलाकालिका र मणिमुकुन्दसेनको काखमा अवस्थित गैंडाकोट नगरपालिका विभिन्न गैरसरकारी, सहकारी संघसंस्थाको उर्वरभूमि मानिन्छ । ऐतिहासिक, समाजिक, आर्थिक, विकासात्मक, धार्मिक, एवम् साँस्कृतिक रूपले मुलुककै अग्रणी नगरीका रूपमा गैंडाकोट नगरपालिकाले आफ्नो पहिचान बनाएको छ । प्रारम्भमा साविक गैडाकोट आदर्श गा.वि.स. लाई नै गैंडाकोट नगरपालिकाका रूपमा घोषणा गरिएकोमा मिति २०७१/०१/२५ गते पूर्ववत् मुकुन्दपुर गा.वि.स. र अमरापुरी गा.वि.स.लाई समावेश गरियो भने वि.सं. २०७३ सालमा रतनपुर गा.वि.स.समेत समावेश गरी १८ वटा वडा सहित गैंडाकोट नगरपालिका बनेको हो ।

### १.१.२ गैंडाकोट नगरपालिकाको भौगोलिक परिचय

गैंडाकोट नगरपालिका नेपालको मध्यभागमा अवस्थित साविक नवलपरासी जिल्लाबाट टुक्रिएर बनेको पूर्वतर्फको खण्ड (बर्दघाट सुस्ता पूर्व) नवलपुर जिल्लाको पूर्वी भागमा पर्दछ । नेपालको सङ्घीय राजधानी शहर काठमाण्डौबाट १५० मि.मी. दक्षिण पश्चिम, प्रदेश राजधानी पोखराबाट १३० मि.मी. दक्षिणमा अवस्थित छ । यसको पूर्व र दक्षिणमा चितवन जिल्ला (भरतपुर महानगरपालिका), पश्चिममा देवचुली नगरपालिका र बुलिङ्टार गाउँपालिका, उत्तरमा तनहुँ जिला रहेको छ । गैंडाकोट नगरपालिकाको पूर्व र दक्षिणमा नारायणी नदी र चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमा कालीगण्डकी नदी र पश्चिमतर्फ झराही खोलाले सिमाना छुट्याएको छ । नदीवेष्ठित नगरपालिकाको रूपमा रहेको यस नगरपालिका २७.७० डिग्री अक्षांश र ८४.३९ डिग्री देशान्तरमा अवस्थित छ ।

### १.१.२ जनसाङ्ख्यिक अवस्था

जनगणना २०७८, अनुसार गैडाकोट नगरपालिकामा कुल १७,१५१ घरधुरीमा २०१९१ परिवार बसोबास गरिरहेका छन । यस नगरपालिकामा महिला ४१४२० जना र पुरुष ३७९२९ जना गरी जम्मा ७९३४९ जनसङ्ख्या रहेको छ। गैंडाकोट नगरापलिकामा लैङ्गिक अनुपात ९१.५७, जनघनत्व प्रति वर्ग कि.मी.४९६,साक्षरता दर ८४.८०  प्रतिशत (पुरुष साक्षरता दर ९०.७० प्रतिशत र महिला साक्षरता दर ७९.६० प्रतिशत) रहेको छ भने ५ वर्षमुनिको जनसङ्ख्या ६.९ प्रतिशत ( पुरुष ३.७ प्रतिशत र महिला ३.२ प्रतिशत ) र १५ वर्ष भन्दामुनिको जनसङ्ख्या २३.८ प्रतिशत (पुरुष १२.८ प्रतिशत र महिला ११ प्रतिशत) रहेको छ।

### १.१.४ सामाजिक तथा आर्थिक अवस्था

पूर्वपश्चिम राजमार्गको मध्य भागमा अवस्थित प्रमूख सहर नारायणगढसँग सीमाना जोडिएका कारण गैडाकोट नगरपालिका आर्थिक वृद्धि र विकासको क्षेत्रमा प्रगतिपथमा रहेको छ। उद्योग कलकारखाना, व्यापार व्यवसाय, पर्यटन व्यवसाय, शैक्षिक संस्था, गैरसरकारी संघसंस्थाहरूको स्थापना र विस्तारले रोजगारीको प्रचुर सम्भावना रहेको यस पालिका कालिगण्डकी कोरिडोरको उद्‌गम स्थल पनि भएकाले व्यापारको विकास र विस्तारमा थप टेवा पुगेको छ । देशका प्राय जिल्लाबाट यस जिल्लामा बसाइँसराईंको प्रभाव परे पनि बाग्लुङ्ग, पर्वत, लमजुङ, तनहुँ, गोर्खा जस्ता जिल्लाबाट बसाइँ सरी आउने मानिसहरूको बाहुल्यता रहेको छ। यहाँ प्राय सबै धर्मालम्बीहरूको बसोवास रहेको छ भने आर्थिक तथा सामाजिक रूपले पछि परेको कुमाल, बोटे, दराई, थारु आदि सीमान्तकृत र अल्पसङ्ख्यक जातिहरूको पनि बसोबास रहेको छ । विभिन्न जातजातिहरूको आ आफ्नै मौलिक भाषा र संस्कृतिले यसलाई विविधताको पहिचान समेत दिलाएको छ।

### १.१.५ शैक्षिक अवस्था

व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सामाजिक रूपान्तरणमा शिक्षाको अतुलनीय भूमिका रहेको हुन्छ । वर्तमानमा शिक्षा आर्जन गर्न विद्यालय जाने कलिला बालबालिकाहरू नै भोलिका देशका कर्णधार  र सामाजिक परिवर्तनका वाहक हुन । वि.सं. २००७ सालमा देशमा प्रजातन्त्र प्राप्तिपश्चात देशभर नै विद्यालय स्थापनाको लहरसँगै गैडाकोट नगरपालिका समेत मूलप्रवाहीकरणमा जोडिन पुग्यो । १८ वडामा विभाजित गैडाकोट नगरपालिकामा सामुदायिक विद्यालय ३३, धार्मिक विद्यालय ५, संस्थागत विद्यालय २१ सामुदायिक सिकाइ केन्द्र २, सामुदाीयक विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्र ४०, समुदायमा आधारित वालविकास केन्द्र ३, संस्थागत विद्यालयमा आधारित २० ओटा बालविकास केन्द्र, शिशुस्याहार केन्द्रको रूपमा ९ ओटा प्रारम्भिक बालविकास केन्द्र रहेका छन । त्यसै गरी उच्च शिक्षा तर्फ सामुदायिक क्याम्पस ५ ओटा, निजीस्तरमा सञ्चालित कलेज ७ ओटा गरी १२ ओटा छन् । निजीस्तरमा सञ्चालित १ ओटा प्राविधिक शिक्षालय समेत सञ्चालनमा रहेको छ । नगरपालिकाले विगतका वर्षहरूदेखि नै नेपाल विश्व विद्यालय स्थापनाका लागि प्रशस्त योगदान पुऱ्याएको छ । नगरपालिका भित्र प्रशस्त शैक्षिक संस्थाहरू भए तापनि वडा न. ९ र १६ मा शैक्षिक संस्थाहरू छैनन् ।

यस नगरपालिका भित्र नमूना विद्यालय विकासका लागि छनौट भएका २ वटा विद्यालय, प्राविधिक धार सञ्चालित १ विद्यालय लगाएत विभिन्न उच्च दक्षताका सीपयुक्त जनशक्ति विकासका लागि पर्याप्त शैक्षिक संस्था देखिएका छन् । यी संस्थाहरूमा सरकारको केन्द्र तहदेखि  स्थानीय तहसम्म शिक्षा क्षेत्रमा गरिएको बजेट विनियोजन अपर्याप्त एवं उपयुक्त रणनैतिक योजनाको अभावका कारण शैक्षिक संस्थाहरूले जनताको माग तथा अपेक्षा अनुसार समयानुकुल फड्को मार्न सकेका छैनन् ।

नेपालको संविधानको भाग ३, धारा ३१ मा व्यवस्था गरेको शिक्षा सम्बन्धी हकलाई प्रत्येक नागरिकको तहसम्म पहुँच पुऱ्याउन संविधानमा उल्लेख गरिएको स्थानीयतहको अधिकार, राज्यका निर्देशक सिद्धान्त, शिक्षा ऐन, नीति, सङ्घीय एवम् प्रदेश सरकारको कानून तथा नीतिको परिधिभित्र रही स्थानीय शैक्षिक योजना निमार्ण गर्न मार्ग प्रशस्त गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले व्यवस्था गरेअनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको शैक्षिक विकासका लागि संविधानको अनुसूची ८ को बुँदा ८ मा तोकिएको अधिकार प्रयोग गरी आधारभूत र माध्यमिकतहसम्मको शिक्षालाई संविधानको मर्मअनुसार स्थानीय सरकारले प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रणनैतिक योजना निर्माण आवश्यक महसुस गरिएको छ ।

दिगो विकासका लक्ष्य (सन् २०३०) मध्ये लक्ष्य नं. ४ मा उल्लेख गरिएको गुणस्तरीय शिक्षा अन्तर्गत सबैका लागि समावेशी तथा समतामूलक गुणस्तीय शिक्षा सुनिश्चित गर्ने रहेको छ । जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्नका लागि सन् २०३० सम्ममा सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरू हासिल हुने गरी सबै बालबालिकाले निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पुरा गरेको सुनिश्चित गर्ने, गुणस्तरीय बाल विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने, सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा विश्वविद्यालय लगायत उच्च शिक्षामा सबै महिला र पुरुषको समान पहुँच सुनिश्चित गर्ने, रोजगारी, मर्यादित काम तथा उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सिप लगायतका सान्दर्भिक सिपहरू हासिल गरेका युवाहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने, शिक्षामा लैङ्गिक असमानता उन्मुलन गर्ने र अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति र सङ्कटासन्न बालबालिका लगायत सङ्कटापन्न अवस्थामा रहेका सबैका लागि सबै तहको शिक्षा र व्यावसायिक तालिमको समान पहुँच सुनिश्चित गर्ने, दिगो विकासका लागि शिक्षा र दिगो जीवनशैली, मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसाको संस्कृतिको प्रवर्धन, विश्व नागरिक र सांस्कृतिक विविधता तथा दिगो विकासमा संस्कृतिको योगदानको प्रशंसा इत्यादि मार्फत दिगो विकासको प्रवर्द्धनका लागि आवश्यक ज्ञान र सिप सुनिश्चित गर्नका लागि स्थानीयस्तरबाट नै विभिन्न रणनीति, कार्यनीति र कार्यक्रमहरू सञ्चालन गर्न आवश्यकता महसुस भएको छ ।

स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी गुणस्तरीय र प्रभावकारी शिक्षामार्फत सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्नु योजनाको मूल ध्येय रहेको छ । अन्तर्राष्ट्रिय बजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने नागरिक उत्पादन गर्ने मुख्य ध्येयका साथ विद्यमान कमी कमजोरी केलाई सबल र दीर्घकालीन मार्ग दर्शकका रूपमा यसले कार्य गर्न सक्दछ भन्ने अपेक्षा गरिएको छ ।

स्थानीय शैक्षिक योजना निर्माण गर्नका लागि देहाय बमोजिमका प्रकृया अवलम्बन गरिएको छ ।

- शिक्षा सम्बद्ध संवैधानिक प्रावधान, ऐन, कानुन, नीति र सीमितताको अध्ययन एवम् पूर्वतयारी
- विद्यालयका प्रधानाध्यापक एवं विज्ञसँग योजना तयारीको ढाँचा सम्बन्धमा छलफल र सुझाव सङ्कलन
- नगरपालिकाका विभिन्न स्थानमा विज्ञको उपस्थितिमा सरोकारवालासँग छलफल र सुझाव सङ्कलन
- जनस्तरमा छलफल र सुझाव तथा अपेक्षा सङ्कलन
- विगतका अभ्यासहरूको पुनरावलोकन र समस्या पहिचान

- सङ्घ तथा प्रदेश सरकारका नीति, योजना र नतिजाको अध्ययन
- प्राप्त सूचनालाई विश्लेषण एवं तालिकीकरण
- मस्यौदा लेखन तथा मस्यौदा उपर छलफल
- योजनाको अन्तिमीकरण र स्वीकृतिका लागि पेश

## १.२ विगतका योजनाको प्रगति समीक्षा

गैंडाकोट नगरपालिकाको शिक्षा क्षेत्रको जग दीर्घकालीन र बलियो बनाउने उद्देश्यले निर्माण गर्न लागिएको पहिलो शैक्षिक योजना हो । लिखित योजनाका रूपमा यसभन्दा अगाडि कुनै दस्तावेज नभएता पनि गैडाकोट नगरपालिकाको शैक्षिक धरोहरलाई बलियो बनाउन विभिन्न प्रयास र अभ्यासहरू निरन्तर सञ्चालन हुँदै आइरहेका छन । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कक्षा ५ र ८ को गणित र विज्ञान विषयको स्तरीकृत परीक्षा र सोको विश्लेषण गरी प्रतिवेदन तयारी, शिक्षकको क्षमता विकासका लागि तालिम, अनुगमन तथा पृष्ठपोषण,  सूचना तथा सञ्चार प्रविधि तालिम, शैक्षिक सामग्री वितरण, दैनिक शैक्षिक योजना तयारी पुस्तिका निर्माण तथा कार्यान्वयन, विद्यार्थी पुस्तिका निर्माण र वितरण, शिक्षक पुरस्कार जस्ता सफल अभ्यासहरू निरन्तर सञ्चालनमा रहेका छन् । कक्षा ८ सम्म स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन भैरहेको छ भने आधारभूततह (कक्षा ८) उत्तीर्ण परीक्षा पनि व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ । नियमित रूपमा विद्यालय अनुगमन, कक्षा अवलोकन र स्थलगत तालिम जस्ता गतिविधिको निरन्तरताले गुणस्तरीय शिक्षाको लक्ष्य प्राप्तिका लागि विद्यालय, शिक्षक र समुदायलाई एकताबद्ध बनाएको छ ।

## १.३ शिक्षा क्षेत्रको वर्तमान अवस्थाको क्षेत्रगत विश्लेषण

शिक्षामा भएका विभिन्न तथ्याङ्का आधारमा हाम्रो अवस्था पहिचान हुन सक्दछ । भविष्यमा कहाँ पुग्ने हो भनी दृष्टिकोण बनाउन समेत यी तथ्याङ्कले ऐनाको रूपमा काम गर्न सक्दछ भन्ने मान्यताको आधारमा शिक्षा क्षेत्रका विविध पक्षहरूको प्रस्तुति गरिएको छ । यसले हाम्रो समग्र शैक्षिक योजना र कार्यक्रम निर्माण गर्न सहयोग गर्दछ भन्ने अपेक्षा राखिएको छ ।

**तहगत विद्यार्थी सङ्ख्या (सामुदायिक, धार्मिक र संस्थागत)**

| तह | २०७८ | | | २०७९ | | | २०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| पुर्व प्राथमिक | १८१२ | २२५० | ४०६२ | १८८० | २२९७ | ४१७७ | १९७७ | २४१० | ४३८७ |
| आधारभूत १-५ | ३९७८ | ४८६३ | ८८४१ | ३६७३ | ४५६७ | ८२४० | ३६९५ | ४४४९ | ८१४४ |
| आधारभूत ६-८ | २३१७ | २५७४ | ४८९१ | २२०१ | २५०० | ४७०१ | २२६६ | २७५५ | ५०२१ |
| माध्यमिक ९-१० | १४३४ | १५७० | ३००४ | १३३२ | १५५७ | २७९९ | ११८३ | १३३६ | २५१९ |
| माध्यमिक ११-१२ | १२८४ | १५७० | २८५४ | १५४९ | १७९३ | ३३४२ | १५६२ | १८३९ | ३४०१ |
| कुल जम्मा | **१०८२५** | **१२८२७** | **२३६५२** | **१०६३५** | **१२७१४** | **२३३४९** | **१०६८३** | **१२७८९** | **२३४७२** |

**शिक्षक दरबन्दी विवरण (२०८१ असारसम्म)**

| तह | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | धार्मिक विद्यालय |
|---|---|---|---|---|---|---|
| | **दरबन्दी** | **राहत** | **निजी** | **जम्मा** | | |
| बालविकास | | ४० (विद्यालयमा आधारित) | ३ (समुदायमा आधारित) | ४३ | | |
| प्राथमिक | २३० | ३१ | ६२ | ३२३ | २०५ | ० |
| निम्न माध्यमिक | २७ | १५ | ३१ | ७३ | १२६ | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माध्यमिक ९-१० | २७ | १० | ५ | ४२ | १३१ | ४ |
| माध्यमिक ११-१२ | ५ | ५ | १ | ११ | ७३ | ९ |
| प्राविधिक धार तर्फ | | प्रशिक्षक: ४<br>सहायक प्रशिक्षक: २<br>ल्याब सहयोगी: २ | | ८ | | |
| जम्मा | २८९ | १०९ | १०२ | ५०० | ५३५ | २२ |

**आधारभूत तह (कक्षा- ८) उत्तीर्ण परीक्षा**

| वर्ष | सामुदायिक विद्यालय | | | धार्मिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहभागी | उत्तीर्ण | प्रतिशत | सहभागी | उत्तीर्ण | प्रतिशत | सहभागी | उत्तीर्ण | प्रतिशत |
| २०७८ | ८६७ | ८५२ | ९८.२६ | ४ | ४ | १०० | ४७४ | ४७४ | १०० |
| २०७९ | ८८७ | ७०४ | ७९.३६ | ६ | ४ | ६६.६७ | ५०७ | ४६९ | ९२.५० |
| २०८० | ९७३ | ७७९ | ८०.०६ | १४ | ९ | ६४.२९ | ५५२ | ५२६ | ९५.२९ |

## आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०८०

| क्र.स. | औसत उपलब्धि | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | ३.६-४.० | १०८ | १४५ | २५३ |
| २ | ३.२-३.६ | १८७ | १९५ | ३८२ |
| ३ | २.८-३.२ | २४६ | २१२ | ४५८ |
| ४ | २.४-२.८ | १०० | ७२ | १७२ |
| ५ | २.०-२.४ | ३० | २२ | ५२ |
| ६ | १.६-२.० | ० | ० | ० |
| ७ | ०.० -१.६ | १२६ | ९९ | २२५ |

## कक्षागत सिकाइ उपलब्धि

| विद्यालयका प्रकार | २०७८(प्रतिशतमा) | | | | २०७९ (प्रतिशतमा) | | | | २०८० (GPA) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-७ | कक्षा ९ | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-७ | कक्षा ९ | कक्षा १-३ | कक्षा ४-५ | कक्षा ६-७ | कक्षा ९ |
| सामुदायिक | ६४.६९ | ५५.७३ | ४९.५० | ४९.८३ | ६०.८९ | ५७.६७ | ५६.२४ | ५७.६१ | ३.०६ | २.६६ | २.३८ | २.३९ |
| संस्थागत | ८३.८९ | ७४.९९ | ६७.७७ | ६०.५३ | ८४.८४ | ७८.६१ | ७२.०० | ६७.९९ | | | | |
| जम्मा | ७४.२९ | ६५.३६ | ५८.६४ | ५५.१८ | ७२.८७ | ६८.१४ | ६४.१२ | ६२.८० | | | | |

## जनसाङ्ख्यिक अवस्था (गैडाकोट नगरपालिका)

| ०-२४ वर्ष उमेर समूहको जनसङ्ख्या (२०७८) | | | |
|---|---|---|---|
| उमेर समूह | पुरुष | महिला | जम्मा |
| ०-४ | २९६५ | २५५२ | ५५१७ |
| ५-९ | ३५३९ | ३०३२ | ६५७१ |
| १०-१४ | ३६४७ | ३१६८ | ६८१५ |
| १५-१९ | ४०२५ | ३७४४ | ७७६९ |
| २०-२४ | ३६५५ | ४२७६ | ७९३१ |
| जम्मा | १७८३१ | १६७७२ | ३४६०३ |

## विद्यार्थी सङ्ख्या र जनसङ्ख्याको तुलना

| ०-२४ वर्ष उमेर समूहको जनसङ्ख्या (२०७८) | | | | विद्यार्थी सङ्ख्या, २०७८ | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उमेर समूह | पुरुष | महिला | जम्मा | उमेर समूह | छात्र | छात्रा | जम्मा | कैफियत |
| ०-४ | २९६५ | २५५२ | ५५१७ | बालविकास | २२५० | १८१२ | ४०६२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५-९ | ३५३९ | ३०३२ | ६५७१ | कक्षा १-५ | ४८६३ | ३९७८ | ८८४१ | |
| १०-१४ | ३६४७ | ३१६८ | ६८१५ | कक्षा ६-८ | २५७४ | २३१७ | ४८९१ | |
| १५-१९ | ४०२५ | ३७४४ | ७७६९ | कक्षा ९-१० | १५७० | १४३४ | ३००४ | |
| २०-२४ | ३६५५ | ४२७६ | ७९३१ | कक्षा ११-१२ | १५७० | १२८४ | २८५४ | |
| जम्मा | १७८३१ | १६७७२ | ३४६०३ | जम्मा | १२८२७ | १०८२५ | २३,६५२ | |
| **०-२४ वर्ष उमेरम समूहको प्रक्षेपित जनसङ्ख्या (२०७९)** | | | | **विद्यार्थी सङ्ख्या, २०७९** | | | | |
| उमेर समूह | पुरुष | महिला | जम्मा | उमेर समूह | छात्र | छात्रा | जम्मा | कैफियत |
| ०-४ | ३०२१ | २६०० | ५६२२ | बालविकास | २२९७ | १८८० | ४१७७ | |
| ५-९ | ३६०६ | ३०९० | ६६९६ | कक्षा १-५ | ४५६७ | ३६७३ | ८२४० | |
| १०-१४ | ३७१६ | ३२२८ | ६९४४ | कक्षा ६-८ | २५०० | २२०१ | ४७०१ | |
| १५-१९ | ४१०१ | ३८१५ | ७९१७ | कक्षा ९-१० | १५५७ | १३३२ | २७९९ | |
| २०-२४ | ३७२४ | ४३५७ | ८०८२ | कक्षा ११-१२ | १७९३ | १५४९ | ३३४२ | |
| जम्मा | १८१७० | १७०९१ | ३५२६० | जम्मा | १२७१४ | १०६३५ | २३३४९ | |
| **०-२४ वर्ष उमेरम समूहको प्रक्षेपित जनसङ्ख्या (२०८०)** | | | | **विद्यार्थी सङ्ख्या, २०८०** | | | | |
| उमेर समूह | पुरुष | महिला | जम्मा | उमेर समूह | छात्र | छात्रा | जम्मा | कैफियत |
| ०-४ | ३०५१ | २६२६ | ५६७७ | बालविकास | १९७७ | २४१० | ४३८७ | |
| ५-९ | ३६४२ | ३१२१ | ६७६३ | कक्षा १-५ | ३६९५ | ४४४९ | ८१४४ | |
| १०-१४ | ३७५४ | ३२६१ | ७०१५ | कक्षा ६-८ | २२६६ | २७५५ | ५०२१ | |
| १५-१९ | ४१४२ | ३८५४ | ७९९६ | कक्षा ९-१० | ११८३ | १३३६ | २५१९ | |
| २०-२४ | ३७६२ | ४४०१ | ८८१६३ | कक्षा ११-१२ | १५६२ | १८३९ | ३४०१ | |
| जम्मा | १८३५१ | १७२६३ | ३५६१४ | जम्मा | **१०६८३** | **१२७८९** | **२३४७२** | |

**मुख्य उपलब्धिका सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९/८० | लक्ष्य २०८३ | लक्ष्य २०८५ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* % | स्थानीय | ९४.४ | ९७ | १०० | IEMIS | IEMIS Flash Report |
| | | प्रदेश | ८९.७ | | | | |
| | | राष्ट्रिय | ९४.९ | | | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालवालिका* % | स्थानीय | ८०.८ | ८५ | ९० | | |
| | | प्रदेश | ८२.१ | | | | |
| | | राष्ट्रिय | ७६.७ | | | | |
| २. आधारभूत शिक्षा कक्षा (कक्षा १-८) | | | | | | | |
| २.१ | कक्षा १ मा भर्ना भएका बालवालिकाको खुद भर्ना दर* % | स्थानीय | ९८.४ | ९९ | १०० | | |
| | | प्रदेश | ९३.४ | | | | |
| | | राष्ट्रिय | ७०.६ | | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिकाको कुल प्रवेश दर % | स्थानीय | १२३.७ | ११० | १०५ | | |
| | | प्रदेश | १०१.१ | | | | |
| | | राष्ट्रिय | १२३.३८ | | | | |

| क्र.स. | सूचक | | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९/८० | लक्ष्य २०८३ | लक्ष्य २०८५ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* % | | स्थानीय | ९७.७ | ९८.५ | ९९.५ | | |
| | | | प्रदेश | ९६.३ | | | | |
| | | | राष्ट्रिय | ९७.६ | | | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर % | | स्थानीय | १२७.१ | ११२ | १०६ | | |
| | | | प्रदेश | १२३ | | | | |
| | | | राष्ट्रिय | १२९.५ | | | | |
| २.५ | आधारभूत तह कक्षा ५ सम्म टिकाउ दर* % | | स्थानीय | ९८.७ | ९९.५ | १०० | | |
| | | | प्रदेश | ९७.७ | | | | |
| | | | राष्ट्रिय | ९८.१ | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* % | | स्थानीय | ९४.५ | ९८.५ | १०० | | |
| | | | प्रदेश | ९२.० | | | | |
| | | | राष्ट्रिय | ९२.० | | | | |
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क* | | स्थानीय | १.०५ | १.०३ | १.०० | | |
| | | | प्रदेश | १.०० | | | | |
| | | | राष्ट्रिय | ०.९८ | | | | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* % | | स्थानीय | ९८.८ | ९९ | १०० | | |
| | | | प्रदेश | ९५.७ | | | | |
| | | | राष्ट्रिय | ९६.१ | | | लैङ्गिक | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर* % | | स्थानीय | १२४.१ | १२० | ११५ | | |
| | | | प्रदेश | ११९.५ | | | | |
| | | | राष्ट्रिय | ११९.३ | | | | |
| २.१० | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर* % | | स्थानीय | ९७.५ | ९८ | ९९ | | |
| | | | प्रदेश | ८४.३ | | | | |
| | | | राष्ट्रिय | ८५.७ | | | | |
| २.११ | आधारभूत तहको (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०१ | १ | १ | | |
| | | | प्रदेश | १.०१ | | | | |
| | | | राष्ट्रिय | ०.९८ | | | | |
| २.१२ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालवालिकाको सङ्ख्या % | नेपाली भाषा | स्थानीय | १०० | १०० | १०० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | १०० | १०० | १०० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१३ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालवालिकाको सङ्ख्या % | नेपाली भाषा | स्थानीय | | ९८ | ९९ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | | ९७ | ९८ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |

| क्र.स. | सूचक | | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९/८० | लक्ष्य २०८३ | लक्ष्य २०८५ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.१४ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालवालिकाको सङ्ख्या % | नेपाली भाषा | स्थानीय | ९७.६५ | ९८ | ९९ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ९५ | ९६ | ९७ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१५ | विद्यालय बाहिर रहेका बालवालिका* % | आधारभूत (कक्षा १-५) | स्थानीय | ० | ० | ० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ० | ० | ० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१६ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या* % | | स्थानीय | ६० | ६० | ६० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* % | | स्थानीय | ४८.५ | ५४ | ६० | | |
| | | | प्रदेश | ५६.५ | | | | |
| | | | राष्ट्रिय | ५७.४ | | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* % | | स्थानीय | ७५.३ | ८० | ८५ | | |
| | | | प्रदेश | ८१.६ | | | | |
| | | | राष्ट्रिय | ८३.४ | | | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | ०.८४ | ०.८८ | ०.९० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ०.९९ | | | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* % | | स्थानीय | ०.९० | ०.९१ | ०.९२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ३.५ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* % | | स्थानीय | ०.१३ | ०.१४ | ०.१५ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या* % | स्थानीय | विज्ञान | २२ | २३ | २५ | | |
| | | | प्रा. व्या | २.९५ | ४ | ५ | | |
| | | प्रदेश | विज्ञान | | | | | |
| | | | प्रा. व्या | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | | |
| | | | प्रा. व्या | | | | | |
| ३.९ | कक्षा १० का | नेपाली | स्थानीय | ३ | ३.२ | ३.४ | | |

| क्र.स. | सूचक | | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९/८० | लक्ष्य २०८३ | लक्ष्य २०८५ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सिकाइ उपलब्धि* (औसत ग्रेड पोइन्टमा) | भाषा | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | २.४ | २.८ | ३.२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | २.४ | २.८ | ३.२ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ३ | ३.२ | ३.४ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्षभन्दा माथि) % | | स्थानीय | ८० | ८५ | ९० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ५८ | | | | |
| ४.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) % | | स्थानीय | ९० | ९५ | ९७ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ७८ | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) % | | स्थानीय | ९९.९८ | १०० | १०० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ९२ | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्षभन्दा माथि) % | | स्थानीय | | ०.९० | ०.९५ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | | |
| ५.१ | आधारभूत शिक्षा पूरा गरेका मध्ये प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति* % | | स्थानीय | ३ | ५ | १० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२) वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | | स्थानीय छात्रा | २० | २२ | २५ | | |
| | | | छात्र | २० | २२ | २५ | | |
| | | | प्रदेश छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| | | | राष्ट्रिय छात्रा | | | | | |
| | | | छात्र | | | | | |
| ६. सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | स्थानीय | १:१६ | १:२० | १:३० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी-शिक्षक अनुपात | | स्थानीय | १:६८ | १:५० | १:४० | | |
| | | | प्रदेश | | | | | |

| क्र.स. | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार वर्ष २०७९/८० | लक्ष्य २०८३ | लक्ष्य २०८५ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | (सामुदायिक विद्यालय) | राष्ट्रिय | | | | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:२४ | १:२७ | १:३० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:४० | १:३५ | १:३५ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १:६२ | १:५० | १:४० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ७. शिक्षामा लगानी | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षाक्षेत्रमा विनियोजित बजेट* % | स्थानीय | ३.९ | ५.०० | ५.५ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११.२७ | | | | |
| ७.२ | आधारभूत तहको शिक्षामा (बालविकास केन्द्र) प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | ५.६८ | ६ | ७ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४.६१ | | | | |
| ७.३ | आधारभूत तहको शिक्षामा (कक्षा १-८) प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | २.६७ | ३ | ४ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १५.६७ | | | | |
| ७.४ | विद्यालय तहको शिक्षामा (कक्षा ९-१२ सम्म) प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | ०.९५ | १.५ | ३ | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ५.६१ | | | | |

# परिच्छेद २

# दीर्घकालीन सोच र मार्गचित्र

## २.१ सन्दर्भ र औचित्य

नेपालमा शिक्षाको विकास र विस्तार राजनैतिक चेत र शासकीय प्रबन्ध अनुसार परिवर्तन हुँदै आएको छ । हाम्रा अग्रजहरूले शिक्षा प्राप्तिको लागि जुन अवस्था र कठिनाइका साथ सङ्घर्ष गरे, त्यसको तुलनामा शिक्षाको सन्दर्भमा हामी धेरै माथि रहेका छौँ । शिक्षा दया, माया र दानको स्वरूपबाट अधिकारको रूपमा स्थापित हुन पुगेको छ । शिक्षा अधिकारको रूपमा स्थापित हुन तोमात्सभेस्की ( २००१) ले औँल्याए झैं ४ ओटै अवयवहरू क्रमशः उपलब्धता, पहुँचयोग्यता, ग्रहणशीलता, अनुकुलनतामा हाम्रो उपभोग हुन र त्यसप्रति सन्तुष्टि हासिल भएको हुन पर्दछ (Tomsevsky, 2001)। वर्तमान सन्दर्भमा हामीले विद्यालय तहको शिक्षा नगरवासी सबैलाई उपलब्ध गराएका छौं र यो अवसर सबैको पहुँचमा छ भन्ने कुरामा हामी विश्वस्त छौं । शिक्षामा पहुँच, अवसर उपलब्धता, ग्रहणशीलता र अनुकूलनताको लागि उत्तरदायित्व पनि उत्तिकै महत्त्वपूर्ण अवयव हो (Chapagain, 2021)। अधिकारका रूपमा शिक्षालाई ग्रहण गर्ने सन्दर्भमा हाम्रा प्रयत्न र  शिक्षाको पहुँच तथा उपलब्धताका लागि हाम्रा सेवा सुविधा सहज बनेका छन् । शिक्षालाई सबैको पहुँचमा पुग्ने र सर्वस्वीकार्य बनाउन नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धता, राष्ट्रिय स्तरमा अभिव्यक्त गरेका विभिन्न घोषणापत्र, संविधान, ऐन, नियमहरू, योजना तथा आयोजनाहरूले दिशाबोध गरेका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । ति कार्यक्रमलाई सफल पार्नु स्थानीय तहको समेत प्रथम दायित्व हुन आउँछ । नेपालको संविधान, दिगो विकासका लक्ष्य, शिक्षा सम्बन्धी ऐन, नियम र कानून, आवधिक योजना तथा शिक्षा सम्बन्धी राष्ट्रिय योजना तथा आयोजनाहरूले दिशा निर्देश गरेका सोच र लक्ष्यहरूलाई आत्मसात् गर्दै हामी हाम्रो परिवेश र वातावरण भन्दा माथि उठेर शिक्षा सम्बन्धी दीर्घकालीन सोच र लक्ष्यहरू पहिचान गरी त्यसको सफलतापूर्वक प्राप्ति गर्न यो आवधिक योजना बनाउन आवश्यक भएको छ । हामीले शिक्षाका सर्वमान्य पक्षहरू समन्यायिक पहुँच, गुणस्तरियता, सक्षमता, समान तहमा विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने र जीवनसँग अनुकूलन हुने खालको शैक्षिक पद्धति अपनाउन सम्बन्धित तह र निकायबाट उत्तरदायित्व समेत बहन गर्न आवश्यक छ भन्ने मान्यताका आधारमा यो शैक्षिक योजनाको निर्माण भएको छ ।

## २.२ प्रमुख समस्या

राजनीतिक परिवर्तन मार्फत नेपालको संविधानले अन्य पक्ष सहित शिक्षालाई मौलिक हकको रूपमा आत्मसाथ गरेको छ । तर यस्तो हकलाई कार्यान्वयन गर्ने सन्दर्भमा हाम्रा सोच र स्रोतको कमीका कारणले यो हकलाई उपयोग गराउन आशातीत सफलता मिलिरहेको अवस्था छैन । नगरपालिकामा स्थायी बसोबास भएका प्रत्येक नागरिकका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयसम्म पुग्न कुनै समस्या नरहेको भए पनि पहाडी क्षेत्रका वडाहरूमा छरिएको बस्ती, बाटोघाटोको असुविधा, कम जनघनत्वको कारणले प्रति विद्यार्थी लागत बढी भएको छ । आधारभूत तहमा नै विषयगत पठनपाठनको आवश्यकता महसुस भएकोले विषयगत शिक्षकको उपलब्धता छैन । सूचना तथा प्रविधिमैत्री पठनपाठनमा जोड दिन खोजिए पनि मानव संशाधनको अपर्याप्तता तथा भौतिक स्रोत साधनको उपलब्धता प्रत्येक विद्यार्थीसमक्ष पुऱ्याउन सकिएको छैन । वस्ती अनुसार मातृभाषाको माग भए पनि विद्यालयबाट त्यसको विकास र सोच विकास नभएको र नगरपालिका स्तरबाट जनसाङ्ख्यिक बनोटको कारणले त्यसलाई संबोधन गर्न सकिएको छैन । ठूला विद्यालयको अभिप्राय

अनुसार दूरदराजका स्थानबाट विद्यार्थीहरूलाई आवासीय प्रबन्ध मिलाउन सकिएको छैन । सामुदायिक विद्यालयमा पूर्व प्राथमिक कक्षाबाट नै कतै अङ्ग्रेजी माध्यम, कतै नेपाली माध्यम, कतै मातृभाषाको माध्यम, कतै एउटै ठाउँमा पनि तीनै तरिकाबाट पठनपाठन हुनु पर्ने माग भएको भए पनि त्यसलाई सबै ठाँउमा माग अनुसार सम्बोधन गर्न सकिएको छैन । गुणस्तरियताको माग सर्वत्र छ, तर आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली अनुसार उदार कक्षान्नोति नीतिलाई प्रभावकारी रूपमा लागु गर्न सकिएको छैन, आधारभूत तहका कक्षा ४ देखि माथि विषयगत रूपमा शैक्षिक उपलब्धि विशेषत गणित, विज्ञान र अङ्ग्रेजी विषयमा कमजोर रहको छ, प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत जीवनोपयोगी शिक्षा प्रदान गर्ने सन्दर्भमा नगरपालिका भित्र एउटा मात्र प्राविधिक धारको सामुदायिक विद्यालय सञ्चालनमा रहेको भए पनि धेरै विद्यार्थीको रोजाइ र खोजाइको शिक्षा बनाउन सकिएको छैन । जनताले अपेक्षा गरे अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् मार्फत सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन । कक्षा १० उत्तीर्ण भै सकेपछि कमाइ र पढाइ सँगै लैजाने माग तीव्र भए पनि त्यसको प्रबन्ध गर्न सकिएको छैन । कम्तीमा आधारभूत तहको शिक्षालाई तत्काल अनिवार्य शिक्षाको रूपमा व्यवस्था गर्न आवश्यक नीतिगत, कानुनी तथा व्यवस्थापकीय प्रबन्ध गर्न सकिएको छैन । परम्परागत सीप र कलालाई आधुनिक शिक्षा प्रणालीसँग आबद्ध गर्न माग छ तर त्यसलाई नीतिगत रूपमा समाधान गर्न सकिएको छैन । नीतिगत रूपमा विद्यालय शिक्षाको प्रबन्ध गर्ने दायित्व सरकारको हो भनिए पनि समुदाय तथा जनसहयोगबाट विद्यालय सञ्चालन गर्ने हाम्रो परम्परागत संस्कार र भित्री मनासयको कारणले विद्यालयमा हुने सम्पूर्ण खर्चको प्रबन्ध सरकारी तबरबाट गर्न सकिएको छैन । लगानी, मानव संशाधन तथा त्यसबाट निस्कने प्रतिफल र उत्पादनको स्पष्ट मार्ग चित्र बनाउन नसक्दा सम्म विद्यालय शिक्षाको अवस्था अलमलमै रहने जोखिम देखिएको छ । उत्पादित जनशक्तिलाई खपत गराउने क्षेत्र सिर्जना गर्न तथा पहिचान गर्न नसकेसम्म यो द्विविधा पछिसम्म कायमै रहिरहने पक्का जस्तै छ ।

## २.३ चुनौती तथा अवसर

### चुनौती

विद्यालय तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षा मार्फत व्यक्तिलाई राष्ट्रभक्त, राष्ट्रप्रेमी, नैतिकवान्, आदर्शवान्, सीपयुक्त, विश्वस्तरमा समान तहमा प्रतिस्पर्धी बनाउन आवश्यक व्यवस्थापकीय प्रबन्ध गर्नु सबभन्दा चुनौतीको रूपमा रहेको छ । शिक्षालाई वस्तुको रूपमा लिने वा सेवाको रूपमा लिने भन्ने विचारधारामा स्पष्टता आवश्यक देखिएको छ । शिक्षा प्रदान गर्ने विषय निजी क्षेत्रलाई दिँदा व्यवसायको रूपमा गयो र दुइ थरीको शिक्षा प्रणाली भयो भन्ने गुनासोको सन्दर्भमा  शिक्षाको प्रबन्ध सरकारी निकायले मात्र गर्ने अथवा अनुमति लिएर विभिन्न व्यक्ति वा सङ्गठित संस्थाले सञ्चालन गर्ने भन्ने विषयमा समेत थप स्पपटता तथा दुरदृष्टिपूर्ण निरन्तर सोचको आवश्यकता देखिएको छ । नगर भित्रका दुरदराजका स्थानहरूमा छरिएको बस्ती र शारीरिक रूपमा कमजोर बालबालिकालाई यातायातको असुविधाका कारण विद्यालय पुग्न पैदल यात्रामा समस्या रहेको, विद्यालयमा आवश्यक मानव संशाधनको प्रबन्ध, भौतिक तथा सूचना प्रविधिको प्रबन्ध, शिक्षक तथा कर्मचारीको प्रबन्ध, विद्यालयको नेतृत्वको छनोट र व्यवस्थापनको प्रबन्धलाई कसरी लैजाने भन्ने सन्दर्भ समेत चुनौतीको रूपमा रहेको छ । विद्यालयमा शैक्षिक सुशासनको प्रत्याभूति गर्ने जिम्मेवारी कसको हुने, विद्यालयमा आउँदै नआउने विद्यार्थी तथा आफ्ना बालबालिकालाई विद्यालयमा नपठाउने अभिभावकको जिम्मेवारी के हुने, स्थानीय विद्यालयमा टिकाउ दर बढाउने, भर्ना दर बढाउने, कक्षा दोहोऱ्याउने दर

र छाड्ने दर घटाउने तथा सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालयमा सही जनशक्तिको  प्रबन्ध र भौतिक पूर्वाधारमा बढोत्तरी गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ ।

**अवसर**

गैँडाकोट नगरपालिका भित्र विद्यालय उमेर समूहका सबै बालबालिकाका लागि शिक्षामा पहुँच ठूलो समस्याको रूपमा नरहेको, सबै वर्ग, लिङ्ग, जातजातिमा कुनै प्रकारको भेदभाव नरहेको, कुनै पनि टोलमा स्थायी रूपमा बसोबास गर्ने विद्यालय उमेर समूहका शारीरिक रूपमा सबल बालबालिका विद्यालय बाहिर रहेको नभेटिएको, निःशुल्क शिक्षाको प्रबन्धको लागि नगरपालिकाबाट विद्यालयमा थप अनुदानको प्रबन्ध भएको, बालविकासका सहजकर्ताको मनोबल वृद्धि मार्फत बालबालिकाको समग्र विकासमा सहयोग गर्न थप प्रोत्साहन रकम उपलब्ध गराएको, विद्यालयको व्यवस्थापकीय पक्षलाई सुदृढ गर्न विद्यालयका प्रधानाध्यापकहरूलाई नेपाल सरकारले उपलब्ध गराउने भत्तामा शत प्रतिशत वृद्धि गरी प्रदान गरेको, दुइ वटा नमूना विद्यालय र एउटा प्राविधिक धारको विद्यालय मार्फत ठूला विद्यालयको अवधारणा अनुसार गुणस्तर अभिवृद्धिका लागि आधार तयार भएको, धार्मिक तथा परम्परागत मूल्यमान्यता र शिक्षालाई संरक्षण र विकासका लागि धार्मिक विद्यालयहरूको सञ्चालन भएको र त्यस्ता विद्यालयमा अनुदानको व्यवस्था रहेको, अपाङ्गता भएका विद्यार्थीहरूको शिक्षालाई सहज बनाउन स्रोत कक्षा सञ्चालन भएको विद्यालयमा थप अनुदान प्रदान गर्ने गरेको, विद्यालयहरूको भौतिक पूर्वाधार सन्तोषजनक रहेको र सूचना प्रविधि मार्फत पठनपाठन प्रक्रियालाई बढाउन विद्यालयहरूलाई समानुपातिक र न्यायोचित तबरबाट स्रोतको विनियोजन गरेको हुँदा गुणस्तरीय शिक्षाको लागि आधार तयार भएको छ । जनस्तरबाट विद्यार्थीको जीवनमा तत्काल परिवर्तन देखिने प्रभावको लागि माग भएको सन्दर्भमा शिक्षामा थप लगानीको लागि आधार तयार भएको छ ।

## २.४ दीर्घकालीन सोच

समन्यायिक पहुँच सहित समान तहमा विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादनका लाीग गुणस्तरीय शिक्षाको उपलब्धता ।

## २.५ लक्ष्य

१. विद्यालय उमेर समूहका सबै नगरबासी नागरिकालाई शिक्षाको उपलब्धता र ग्रहणशीलताको सुनिश्चितता गर्न जवाफदेही प्रणालीको व्यवस्था गर्ने ।

२. राष्ट्रिय तहबाट निर्धारण भएको पाठ्यक्रम ढाँचाको अलवा शिक्षालाई दैनिकीसँग आबद्ध गर्न निश्चित तहका शैक्षिक कार्यक्रममा विद्यार्थीलाई सम्लग्न गराउने प्रणालीको विकास गर्ने ।

३. विद्यार्थीको सिकाइ उपलब्धिको अभिवृद्धिका लागि विद्यालयलाई जिम्मेवार बनाई नतिजाका आधारमा थप प्रोत्साहन तथा कटौतीको आधारमा अनुदान उपलब्ध गराउने पद्धतिको विकास गर्ने ।

४. विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको अनुभूति दिन निश्चित कक्षा र तहमा स्तरीकृत परीक्षाको आधारमा मूल्याङ्कन प्रणालीको अभ्यास गर्ने ।

## २.६ उद्देश्य

१. विद्यालय शिक्षामा कोही नछुटुन्, कोही नदोहोरिउन् भन्ने अवधारणालाई व्यवहारमा कार्यान्वयन तथा अभिभावकले चाहेको शिक्षा प्रदान गर्न अवसरहरू प्रदान गर्नु ।

२. वैकल्पिक उपायहरूको माध्यमबाट सबै तह एवम् प्रकारको शिक्षा र व्यावसायिक तथा सीपमूलक र प्राविधिक तालिम मार्फत शिक्षालाई जीवनसँग आबद्ध गराउनु ।

३. शैक्षिक व्यवस्थापन तथा प्रशासनमा सुधार ल्याई सुशासन मार्फत नतिजालाई थप अनुदान तथा प्रोत्साहन सँग आबद्ध गराउनु ।

४. विद्यालय शिक्षालाई माथिल्लो शैक्षिक तहमा विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति विकास गर्न तथा समान तहको सीपयुक्त र समय सान्दर्भिक शैक्षिक प्रणालीको स्थापना गर्नु ।

## २.७ रणनीति

१. विद्यालय शिक्षाको तयारी तथा बालबालिकाको सर्वाङ्गीण विकासको आधार तयारीका लागि शिशुस्याहार केन्द्र, पूर्व प्राथमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न नीतिगत, कानुनी तथा भौतिक प्रबन्ध मिलाउने ।

२. विद्यालय तहको कम्तीमा आधारभूत तह सम्मको शिक्षालाई निःशुल्क तथा अनिवार्य शिक्षाको रूपमा प्रभावकारी कार्यान्वयन गर्न सूचना प्रविधिको प्रणालीलाई सशक्तरूपमा विकास तथा प्रयोग मार्फत नीतिगत तथा स्रोतसाधनको व्यवस्था गर्ने ।

३. अभिभावकको चासो र विद्यार्थीको रुची अनुसार विद्यालय शिक्षालाई उच्च तहको शिक्षाको आधारशिला तथा प्राविधिक तथा व्यावसायिक शिक्षाको समकक्षताको रूपमा विकास गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षालाई लागत साझेदारीमा तथा आर्थिक रूपले विपन्न, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षाका विविध स्वरूपमा पहुँचको सुनिश्चित गर्ने ।

५. विद्यार्थीको शैक्षिक उपलब्धिका आधारमा र विद्यालयको सुशासनका आधारमा विद्यालयलाई दिने थप अनुदान तथा प्रोत्साहनका आधार तयार गरी कार्यान्वयन गर्ने ।

६. सार्वजनिक, निजी तथा धार्मिक तहबाट प्रदान गरिने शिक्षा बीचको गुणस्तरको फरकपनलाई न्यूनीकरणका गर्दै जहाँ गए पनि एउटै पाठ्यक्रम मार्फत समान गुणस्तरको शिक्षाको प्रत्याभूति दिलाउने ।

## २.८ कार्यनीति

१. नगरपालिका भित्रका ४ वर्ष भन्दा मुनिका बालबालिकाको उचित स्याहार सुसार तथा विद्यालय शिक्षा प्रति रुची जगाउने आधारको रूपमा सम्बन्धित वडाको सिफारीसमा शिशु स्याहार केन्द्रको प्रवर्द्धन, विकास र नियमन गरिने छ ।

२. शिशुस्याहार केन्द्रलाई निजी लगानीको आधारमा व्यक्ति, गैरसरकारी संस्था, समुदाय तथा विद्यालयले सञ्चालन गर्न सक्ने गरी नीतिगत प्रबन्ध गरिने छ ।

३. हाल सञ्चालनमा रहेका शिशुस्याहार केन्द्र तथा अन्य नाममा रहेका ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिकाको विकास र स्याहार सुसारमा सम्लग्न अन्य संस्थाहरूलाई एउटै कानुनी परिभाषा भित्र समेटिने र व्यावसायिक कार्यक्रमको रूपमा स्थापित गरिने छ ।

४. शिशुस्याहार केन्द्रको अनुभव सहित वा रहित आएका ५ वर्ष भन्दा कम उमेर समूहका बालबालिकाको विद्यालय प्रवेशको शुरु बिन्दुको रूपमा बालविकास कक्षाको सञ्चालन गर्ने नीतिगत व्यवस्था गरिने छ ।

५. बालविकास कक्षाको प्रबन्ध सार्वजनिक र निजी गरी दुई प्रकारबाट गर्न सकिने प्रबन्ध मिलाइने छ र यसलाई विद्यालय शिक्षाको आधारको रूपमा लिइने छ । यसका भौतिक पूर्वाधार तथा कक्षा सञ्चालनका लागि आवश्यक जनशक्तिको न्यूनतम क्षमताको मापदण्ड निर्धारण गरिने छ ।

६. बालविकास कक्षामा गरिने क्रियाकलाप राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेका क्रियाकलापका आधारमा सञ्चालन गरिने व्यवस्था गरिने छ ।

७. आधारभूत तहको शिक्षालाई ४ तहमा (आधारभूत तह- १. बालविकास कक्षा, तह- २. बालविकास कक्षादेखि कक्षा ३ सम्म, तह-३. बालविकास कक्षा देखि कक्षा ५ सम्म, तह-४. बालविकास कक्षा देखि कक्षा ८ सम्म ) विभाजन गरी प्राविधिक तथा सामाजिक नक्शाङ्कनको आधारमा आवश्यकता अनुसार मापदण्डको आधारमा मात्र सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

८. कक्षा १ मा विद्यालय प्रवेशको मुख्य आधार बालबालिकाको उमेरलाई आधार लिइने छ । शिशुस्याहार केन्द्रको अनुभवसहित वा रहित ५ वर्ष उमेर पूरा भएको वा बालविकास कक्षाको १ वर्षको अनुभव सहित आएको ५ वर्ष उमेर पूरा भएको बालबालिका विद्यालयमा भर्ना हुन योग्य भएको मानिने छ ।

९. विद्यालय प्रवेशको लागि न्यूनतम शुल्क निर्धारण गरिने छ । आर्थिक रूपमा अशक्त व्यक्तिका लागि विद्यालयमा लाग्ने भर्ना शुल्क नगरपालिकाबाट व्यहोरिने छ । एक पटक प्रवेश शुल्क बुझाए पछि विद्यालयका कुनै पनि कक्षामा प्रवेशका लागि पुन शुल्क बुझाउन नपर्ने व्यवस्था मिलाइने छ ।

१०. एउटै विद्यार्थीले एकै समयमा एउटा मात्र विद्यालयमा भर्ना हुन पाउने र एक भन्दा बढी विद्यालयमा नाम लेखाउन गएमा दण्डनीय बनाइने छ । प्रत्येक विद्यालयमा हरेक वर्ष नयाँ भर्ना हुन आएका विद्यार्थीको अभिलेखीकरण गरी प्रकाशन गर्ने व्यवस्था मिलाइने छ ।

११. बालविकास कक्षादेखि विद्यालयका सबै तहका निमित्त विद्यार्थी र कक्षा सङ्ख्याको तोकिएको सङ्ख्या अनुपातका आधारमा सहजकर्ता/शिक्षकको प्रबन्ध गरिने छ । विद्यार्थी तथा कक्षा सङ्ख्याको तोकिएको मापदण्ड नपुग्ने विद्यालयका विद्यार्थीको लागि

मापदण्ड पुगेको हद सम्म सोही अनुसार र मापदण्ड नपुगेको हदसम्म घुम्ती तथा अस्थायी प्रबन्ध मार्फत शिक्षण गर्ने प्रबन्ध मिलाइने छ ।

१२. तोकिएको मापदण्ड नपुगेको अवस्थामा विद्यालयको तह घटाउने वा समायोजन गर्ने कार्यलाई त्यस्तो अवस्था रहेको २ वर्ष भित्र कार्यान्वयन गर्ने नीतिगत व्यवस्था मार्फत कार्यान्वयन गरिने छ ।

१३. अध्यापन अनुमति पत्र प्राप्त नगरेको व्यक्तिलाई शिशुस्याहार तथा बाल विकास केन्द्रको सहजकर्ता/ शिक्षकको रूपमा काम गर्न नपाउने व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गरिने छ ।

१४. हाल कार्यरत सहजकर्ता/शिक्षकको हकमा प्रतिस्पर्धाको आधारमा निश्चित अवधिको लागि अस्थायी शिक्षण अनुमति पत्रको लागि नगरपालिकाबाट परीक्षा सञ्चालन गरी प्रदान गर्न सक्ने व्यवस्था गर्ने प्रबन्ध मिलाइने छ ।

१५. शिशुस्याहार केन्द्र, बालविकास केन्द्र तथा विद्यालयका प्रत्येक कक्षामा रहने बालबालिका खेल्ने तथा सिक्ने स्थानको न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

१६. बालविकासदेखि कक्षा ८ सम्म अनिवार्य तथा निःशुल्क शिक्षाको नीतिगत व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । यसका लागि सामुदायिक विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीबाट विद्यालयले कुनै पनि नाममा बाध्यकारी शुल्क लिन नपाउने व्यवस्था मिलाइने छ । विद्यालय रहेको वडाका वासिन्दा वा वडामा विद्यालय नभएको अवस्थमा नजिकको छिमेकी विद्यालयमा अध्ययन गर्नको लागि मात्र निःशुल्क शिक्षाको प्रबन्ध मिलाइने छ ।

१७. संस्थागत विद्यालयमा अध्ययन गर्न चाहनेले नगरपालिकाबाट तोकेको शुल्कमा नबढ्ने गरी नियमित सिकाइ क्रियाकलापमा सहभागी हुने अवसर उपलब्ध हुने व्यवस्था मिलाइने छ । नियमति शिक्षण सेवा बाहेक थप सेवा सुविधाका लागि विद्यालय र अभिभावकको आपसी सहमतिमा शुल्क निर्धारण गरी आफ्ना बालबालिकालाई अध्ययन गराउन पाउने व्यवस्था मिलाइने छ ।

१८. एकै पटक एक भन्दा बढी विद्यालयमा नाम लेखाउन ( भर्ना गर्न ) प्रतिबन्ध लगाउने व्यवस्थालाई प्रभावकारी बनाउन विद्यार्थी विद्यालयमा भर्ना भएको एक महिना भित्र एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा (IEMIS) प्रविष्ट गराउने र शैक्षिक सत्र शुरु भएको पहिलो महिना भित्र मात्र विद्यालयमा नयाँ नाम लेखाउन वा पुनः नाम लेखाउने काम सम्पन्न गरिसक्नु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने
छ ।

१९. काबु बाहिरको अवस्था परी शैक्षिक सत्र शुरु भएको एक महिना भन्दा पछि पनि विद्यालयमा नयाँ भर्ना गर्नु परेको अवस्थामा तोकिएका मापदण्ड पूरा गरेर नगरपालिकाको स्वीकृतिमा मात्र गर्न पाइने व्यवस्था मिलाइने छ ।

२०. कुनै टोल तथा वडामा विद्यालय उमेर समूहका विद्यार्थी विद्यालय बाहिर रहेको अवस्था फेला परेमा त्यसको जिम्मेवारी विद्यार्थीको अभिभावक, सम्बन्धित टोल विकास संस्था, वडा कार्यालय र विद्यालयलाई जिम्मेवार बनाइने छ ।

२१. विद्यालय शिक्षालाई मूलत उच्च शिक्षाको आधारशिलाको रूपमा विकास गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिने छ । विद्यार्थीको सिकाइ उपलब्धि यसको मूल आधारको रूपमा लिइने छ ।

२२. कक्षा ८, कक्षा १० तथा कक्षा १२ अनुत्तीर्ण भई बसेका वा उत्तीर्ण गरी सकेपछि माथिल्लो शिक्षा लिन रुचि नभएका र पेशा तथा सीपमूलक व्यवसायमा सम्लग्न हुन कानुन अनुसार योग्य भएका युवाहरूलाई त्यस्तो अवसर प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

२३. विद्यालय तहको औपचारिक शिक्षा नलिएका तर समाजका विविध क्षेत्रमा व्यावसायिक तथा पेशागत दक्षता भएका व्यक्तिको सीप परीक्षण गरी औपचारिक शिक्षाको विभिन्न तहको समकक्षता हुने गरी शैक्षिक प्रमाणपत्र दिन सक्ने कानुनी प्रबन्धको लागि आवश्यक पहलकदमी लिई कार्यान्वयन तर्फ लगिने छ ।

२४. आर्थिक रूपमा अशक्त तथा फरक क्षमताका व्यक्तिहरूलाई औपचारिक तथा सीपमूलक शिक्षाको लागि थप लगानी गर्न पारदर्शी सूचक तयार गरी उनीहरूलाई विकासको फल उपभोग गर्न पाउने अवसरमा मूल प्रवाहीकरण गरिने छ ।

२५. प्राविधिक तथा व्यावसायिक शिक्षामा सहभागी हुन चाहने सबल व्यक्तिहरूलाई अवसर प्रदान गर्न आवश्यक सहयोग गर्ने विविध कारणले असमर्थहरूलाई स्पष्ट मापदण्डका आधारमा लागत साझेदारीका आधारमा सहभागी हुन पाउने कुराको सुनिश्चितता गरिने छ ।

२६. विद्यालयमा सुशासन कायम गर्न तथा न्यायोचित रूपमा स्रोतको विनियोजन गर्न विद्यालयको स्तर निर्धारण गर्ने कार्यलाई व्यवस्थित गरी कार्यान्वयन गरिने छ ।

२७. विद्यालयको कार्य सम्पादनको मूल आधार विद्यार्थीको सिकाइ उपलब्धि र शिक्षकको योजनाबद्ध शैक्षणिक क्रियाकलापलाई मानिने छ ।

२८. विद्यालयको प्रधानाध्यापक शैक्षिक तथा व्यवस्थापकीय क्षमतामा अब्बल शिक्षक मात्र हुन सक्ने व्यवस्था गरिने छ । शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार प्रधानाध्यापकको छनोटको प्रबन्ध मिलाइने छ ।

२९. विद्यालयको शिक्षक र प्रधानाध्यापक विद्यार्थीको सिकाइ उपलब्धि प्रति पूर्ण रूपमा जिम्मेवार तथा विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति र नगरपालिकाप्रति पूर्ण रूपमा जवाफदेही हुने प्रणालीको व्यवस्था गरिने छ ।

३०. प्रधानाध्यापकको कासमूमा विद्यालयको व्यवस्थापकीय क्षमता, प्रधानाध्यापकको नेतृत्व क्षमता, विद्यार्थीको सिकाइ उपलब्धि र शिक्षकको आचार संहिताको पालनालाई प्रमुख आधारको रूपमा लिइने छ । शिक्षकको कासमूमा विद्यार्थीको सिकाइ उपलब्धि, आचार

संहिता पालना र अनुसन्धानात्मक शैक्षिक कार्यलाई प्रमुख आधारको रूपमा लिइने छ ।

३१. विद्यालयमा तोकिएको मापदण्ड अनुसार शिक्षक दरबन्दी वितरण गर्ने कार्य नगरपालिकाबाट र विद्यालय सञ्चालनका लागि आवश्यक मसलन्द तथा अत्याश्यकीय खर्च ( बिजुली, इनटरनेट, पानी, आदि ) को व्यवस्थापन वडा शिक्षा समितिको सिफारीशमा वडाबाट गर्ने व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

३२. विद्यालयलाई दिइने अनुदान विद्यालयको कार्य सम्पादन, विद्यालयको पूँजीगत तथा चालू सम्पत्ति तथा विद्यार्थी सङ्ख्यालाई मुख्य आधार मान्ने गरी स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

३३. कुनै पनि विद्यालयमा नेपाल सरकारबाट स्वीकृत गरेको भन्दा बाहेक हुने गरी पाठ्यक्रम कार्यान्वयन गर्न दिइने छैन । यस्तको कार्यलाई दण्डनीय बनाइने छ ।

३४. विद्यालयमा सिकाइ क्रियाकलाप सञ्चालनर्को मूल पाठ्यपुस्तक नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले विकास गरेको प्रतिलाई नै विद्यार्थीले प्रयोग गर्ने गरी प्रबन्ध मिलाइने छ । पाठ्यक्रममा तोकिएका विषयवस्तु सिकाउन थप सन्दर्भ सामग्री आवश्यक भए उपादेयताका आधरमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका मध्येबाट नगरपालिकाबाट स्वीकृति लिएर मात्र पुस्तकालय प्रयोजन तथा अभ्यास प्रयोजनका लागि मात्र विद्यालयले उपयोग गर्न पाउने व्यवस्थालाई लागू गरिने छ ।

३५. कुनै पनि विद्यालयले शिक्षण अनुमति पत्र नभएको व्यक्तिलाई शिक्षकको रूपमा काममा लगाउन नपाउने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

३६. विद्यालयमा हुने शैक्षिक क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउन अनुगमन, मूल्याङ्कन र मेन्टिरिङ्ग तथा तालिम मार्फत शिक्षकको क्षमता विकासका कार्यलाई नियमित क्रियाकलापको रूपमा विकास गरिने छ ।

३७. गैंडाकोट नगरपालिका शिक्षा ऐनलाई समसामयिक संशोधन, ऐनले दिशानिर्देश गरे अनुसारका नीतिगत व्यवस्थाका कार्यान्वयनका लागि आवश्यक नियमावली तथा निर्देशिका र कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ ।

३८. विद्यालय पाठ्यक्रमले तोके अनुसारका सिकाइ उपलब्धि हासिल गराउन विद्यालयमा सञ्चालन गराउन पर्ने शैक्षणिक क्रियाकलाप तथा मूल्याङ्कन प्रणालीलाई अभिलेखीकरण गर्ने अभ्यासलाई व्यवस्थित गरिने छ ।

३९. धार्मिक विद्यालयको रूपमा सञ्चालनमा रहेका विद्यालयको शैक्षिक गुणस्तर कायम राख्न विद्यालय समायोजन र थप स्रोत परिचालनका लागि लागत साझेदारी नीति अन्तर्गत अनुदान उपलब्ध गराइने छ ।

४०. समुदाय तथा विद्यालयको मागका आधारमा मातृभाषामा शिक्षा प्रदान गर्न अथवा अंग्रेजी माध्यममा शिक्षा प्रदान गर्न आवश्यक नीतिगत तथा स्रोतको व्यवस्था गरिने छ ।

४१. नगर शिक्षा योजना समेतको आधारमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने र सामजिक परीक्षणलाई व्यवस्थित र नियमित गर्ने कुरालाई विद्यालयको अनिवार्य दायित्वको रूपमा लिने व्यवस्था मिलाइने छ ।

## २.९ प्रमुख कार्यक्रमहरू

### क) शिशुस्याहार केन्द्र

१. चार वर्ष उमेर नपुगेका बालबालिकाको दिवा स्याहार र व्यक्तित्व विकासका अवसर उपलब्ध गराउने केन्द्र ।

२. व्यक्ति, समूह, संस्था वा कम्पनी मार्फत शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन

३. शिशुस्याहार केन्दमा सहजकर्ताको रूपमा कार्य गर्न न्यूनतम आवश्यक दक्षताको निर्धारण ।

४. तत्कालमा नगरपालिकाबाट शिशुस्याहार केन्द्रका सहजकर्ताको रूपमा काम गर्न लाइसेन्स वितरण ।

### ख) बालविकास केन्द्र तहको शिक्षा

१. चार वर्ष उमेर पुगेका बालबालिकाको शैक्षिक र व्यक्तित्व विकासको आधारशिला तथा अधिकारको रूपमा विद्यालय भित्र र बाहिर बालविकास केन्द्र ।

२. निःशुल्क र सशुल्क बालविकास केन्द्रको प्रबन्ध ।

३. बालविकास केन्द्रमा सहजकर्ताको रूपमा कार्य गर्न लाइसेन्सको प्रबन्ध ।

४. बालविकास केद्रको स्तर निर्धारण ।

५. तोकिएको मापदण्ड तथा स्तर अनुसार मात्र बालविकास केन्द्रको सञ्चालन ।

### ग) आधारभूत विद्यालय तहको शिक्षा

१. तोकिएको मापदण्डका आधारमा आधारभूत विद्यालयको विभिन्न तहगत रूपमा सञ्चालन हुने व्यवस्था ।

२. पाँच वर्ष भएको बालबालिका मात्र कक्षा १ मा विद्यालयमा प्रवेश गर्न पाउने व्यवस्था ।

३. आधारभूत विद्यालयका सबै तहमा निःशुल्क शिक्षाको प्रबन्ध ।

४. आफ्नो घर वा बासस्थानबाट सबभन्दा नजिक रहेको विद्यालय भन्दा अन्यत्र अध्ययन गर्न स्वेच्छाले जानेलाई विद्यालयको स्तर अनुसार तोकिएको शुल्क तिरेर मात्र अध्ययन गर्न पाउने व्यवस्था ।

५. आधारभूत विद्यालयको तह ४ देखि (कक्षा ४ र ५) विषयगत शिक्षकको व्यवस्था ।

६. आधारभूत तहको विद्यालयको शिक्षक कम्तीमा दुई विषयको विषयगत शिक्षक हुने व्यवस्था ।

७. आधारभूत तहको शिक्षक हुनका लागि अंग्रेजी, गणित र विज्ञान मध्ये एक विषय र यी बाहेक अन्य मध्ये कुनै एक विषयको गरी दुई विषयको विषयगत शिक्षक हुने नीतिगत व्यवस्था ।

८. प्रत्येक दुइ वर्षमा तोकिएको मापदण्ड पूरा गर्न नसक्ने तथा स्तर कायम गर्न नसक्ने आधारभूत विद्यालयको तह तथा कक्षा घटाउने र ती विद्यार्थीलाई सम्बन्धित वडाबाट अर्को विद्यालयमा अध्ययन गर्ने व्यवस्था ।

९. कुनै पनि विद्यालयले नगरपालिकाबाट स्वीकृति नलिई कुनै पनि अनिवार्य शुल्क लिन नपाउने व्यवस्थाको कार्यान्वयन ।

१०. एकै समयमा एक भन्दा बढी विद्यालयमा भर्ना हुन प्रतिबन्ध ।

११. शैक्षिक सत्र शुरु भएको एक महिना पछि विद्यालय परिवर्तन गर्नु परेमा शर्तहरू पालना गर्नु पर्ने व्यवस्था ।

१२. कक्षा ८ सम्म कानुनमा व्यवस्था भए बमोजिम क्रमशः निःशुल्क शिक्षाको प्रबन्ध ।

**घ) माध्यमिक विद्यालय तहको शिक्षा**

१. माध्यमिक विद्यालयमा दुइ तह ( तह १ः कक्षा ९-१०, तह २ः कक्षा ११-१२) रहने गरी व्यवस्थापन तथा सञ्चालन ।

२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन ।

३. पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधिको प्रयोग तथा आवश्यकता अनुसार आवासीय विद्यालयको प्रबन्ध ।

४. विद्यालयलाई विषयगत नेतृत्व गर्ने गरी क्षमता विकासका अवसर प्रदान ।

५. प्रधानाध्यापकको पद व्यवस्थापकीय नेतृत्व तथा प्राज्ञिक नेतृत्व दिन सक्ने क्षमता भएको व्यक्तिहरूमध्येबाट प्रतिस्पर्धाको आधारमा बढीमा २ कार्यकालको लागि नगरपालिकाबाट छनोट (एक कार्यकाल पाँच वर्ष) ।

६. विद्यालय शिक्षा पूरा गर्न नसकेका र सीप सिक्न उमेर पुगेकाको लागि प्राविधिक तथा व्यावसायिक सीप सिक्ने अवसर प्रदान ।

७. सक्नेसँग लागत साझेदारी तथा अपाङ्गता तथा आर्थिक रूपमा अशक्त व्यक्तिलाई निःशुल्क प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्ने व्यवस्था ।

८. व्यावसायिक तथा प्राविधिक अनौपचारिक सीपलाई औपचारिक शिक्षाको समकक्षता प्रदान गर्ने संयन्त्र विकास । सक्नेसँग लिने र नसक्नेलाई निःशुल्क सीप प्रदान गर्ने व्यवस्था ।

९. विद्यालयको स्तर निर्धारण र अनुदान प्रदान गर्ने मापदण्ड तयार ।

१०. नतिजाका आधारमा शिक्षकको क्षमता तथा वृत्ति विकासको अवसर प्रदान ।

११. विद्यालय व्यवस्थापन समितिको पनुर्संरचना गर्ने कानुनी आधार तयार गरी विद्यालयको स्रोत संकलन प्रति जिम्मेवार र विद्यार्थीको सिकाइ उपलब्धि प्रति जवाफदेही बनाउने संयन्त्रको विकास ।

१२. शिक्षकको वृत्ति विकासमा शिक्षकको आचार संहिता पालनालाई आधार मान्ने मापदण्ड विकास ।

१३. विद्यालयको आचार संहिता मार्फत सुशासन प्रवर्द्धन ।

१४. शिक्षकको रूपमा कार्य गर्न अध्यापन अनुमति पत्रको अनिवार्य परिपालना ।

१५. शिक्षक सहयोगका लागि अनुगमन, मूल्याङ्कन र मेन्टिरिङ्ग तथा तालिमको प्रबन्ध ।

१६. विद्यार्थीको आन्तरिक मूल्याङ्कनको वैज्ञानिक अभिलेखीकरण र अभिभावक सचेतना ।

१७. योजना कार्यन्वयन गर्न शिक्षा सम्बद्द ऐन, नियम तथा कानुनको समयानुकूल परिमार्जन र विकास ।

१८. कक्षा १ मा भर्ना भएका ७० प्रतिशत विद्यार्थी १० वर्षमा कक्षा १० उत्तीर्ण र ५० प्रतिशत विद्यार्थी १२ वर्षमा कक्षा १२ वा सो सरह उत्तीर्ण हुने व्यवस्था ।

**ङ) अनौपचारिक शिक्षा**

१. स्थानीय भाषा, संस्कृति, प्रथा, परम्परा र स्थानीय प्रविधिको संरक्षण र सम्बर्द्धनका लागि प्रज्ञा प्रतिष्ठानको सशक्तीकरण र क्षमता विकासका कार्यक्रम सञ्चालन ।

२. सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त शिक्षा केन्द्रको रूपमा विकास गर्न गृहिणीलाई सीपमूलक शिक्षाका कार्यक्रम सञ्चालन ।

३. खेलकूदलाई जीवनको अङ्ग बनाउन चाहने र औपचारिक प्राज्ञिक शिक्षामा कमजोरका लागि खेलकूद शिक्षा मार्फत खेलको विकास र विस्तार गर्न खेलकूद विकास समितिको सशक्तीकरण र क्षमता विस्तारका कार्यक्रम ।

४. वित्तीय साक्षरता तथा उत्पादनमुखी कार्यक्रमका लागि अभिभावक सचेतनामूलक कार्यक्रम र सहयोग प्रणालीको विकासमा प्रज्ञा प्रतिष्ठान र सामुदायिक अध्ययन केन्द्रको नेतृत्व तथा संलग्नता सुनिश्चित गर्ने कार्यक्रम विकास ।

५. ज्येष्ठ नागरिकको ज्ञान तथा अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्यमा सामुदायिक अध्ययन केन्द्रलाई परिचालन ।

**च) प्राविधिक तथा व्यावसायिक शिक्षा**

१. कक्षा १० उत्तीर्ण गरी साधारण धार तर्फ कक्षा ११ अध्ययन गर्न नचाहने विद्यार्थीहरूका लागि उनीहरूले रोजेको विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा दिने प्रबन्ध ।

२. विद्यालय तहमा कक्षा ८ मात्र उत्तीर्ण गरी १६ वर्ष उमेर पुगेका व्यक्तिहरूले सिक्न चाहेको व्यावसायिक शिक्षाको प्रबन्ध ।

३. छोटो अवधिको तालिम मार्फत सीप विकासको अवसर प्रदान ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम पश्चात गैँडाकोटमा दिने सेवाको सुनिश्चितता गर्ने आधार तयार ।

५. परम्परागत सीप तथा ज्ञानको संरक्षण र सम्वर्द्धन मार्फत उद्यमशीलता तथा रोजगारीको विकास हुने शैक्षिक प्रणालीको विकास ।

**छ) शैक्षिक व्यवस्थापन**

१. योजनामा उल्लेखित विषयहरूलाई वार्षिक कार्यक्रमको रूपमा विकास र कार्यान्वयनको खाका तयार ।

२. विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालयमा नियमितता र सिकाइ उपलब्धिको नियमित लेखाजोखा हुने प्रणालीको अभिलेखीकरण ।

३. शिक्षकको पेशागत अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण मार्फत क्षमता विकास ।

४. पारदर्शी सूचकको आधारमा विद्यालयलाई दिने अनुदानको सुनिश्चितता ।

५. विविधतको सम्मान, शारीरिक तथा मानसिक कमजोर भएका तथा पछाडि परेका वर्गको शिक्षाको लागि विशेष प्रोत्साहन कार्यक्रम विकास ।

६. विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार र शिक्षक-विद्यार्थीको न्यानो सम्बन्ध स्थापनाको सुनिश्चितताको लागि सबल नेतृत्व विकास र परिचालन ।

**ज) समसामयिक विषय क्षेत्र**

१. विविध पहिचानको आधारमा पछाडि परेका वर्गलाई शैक्षिक मूल प्रवाहीकरणमा ल्याउन थप लगानी र विशेष कार्यक्रमको सिर्जना गरी शिक्षालाई गरी खाने आधारको रूपमा विकास गर्ने कार्यक्रम ।

२. मानक तथा मापदण्डको आधार देखाई शिक्षा पाउने अधिकारबाट वञ्चित हुने अवस्थाको अन्त्य ।

३. प्राकृतिक प्रकोप तथा विपत्‌को बेला शिक्षा सेवालाई निरन्तरता दिन अवलम्बन गर्नु पर्ने विषय ।

## २.१० अपेक्षित उपलब्धि

पहिलो आवधिक शैक्षिक योजनाको अन्तसम्ममा नगर पालिका भित्र स्थायी बसोबास भएका विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालयको सेवा भित्र समावेश भएका हुने छन् । बालविकास केन्द्रमा भर्ना भएका सबै बालबालिकाले ९ वर्षमा कम्तीमा औसतमा "2.4 grade point average" मा आधारभूत तह पूरा गरेका हुने छन् । कक्षा १ मा भर्ना भएका सबै बालबालिकाले आठ वर्षमा आधारभूत तहको शिक्षा पूरा गरी ९० प्रतिशत बालबालिकाले माध्यमिक तहमा भर्ना

भएका हुने छन् । कक्षा १ मा भर्ना भएका ८० प्रतिशत बालबालिकाले दश वर्षमा कक्षा १० उत्तीर्ण गरेका हुने छन् र ५० प्रतिशत विद्यार्थीले १२ वर्षमा कक्षा १२ उत्तीर्ण गरी उच्च शिक्षामा प्रवेश गर्ने छन् । नगरपालिका भित्रका कक्षा ८ मा परीक्षा दिएका विद्यार्थी मध्ये कम्तीमा २५ प्रतिशत विद्यार्थीले ३.६ भन्दा माथिल्लो ग्रेड पोइन्ट प्राप्त गरेका हुने छन् । कक्षा ५, ८ र १० मा नगरपालिकाबाट सञ्चालन गर्ने गणित, विज्ञान र अंग्रेजी विषयको स्तरीकृत परीक्षामा औसत ६० प्रतिशत अंक हासिल गरेका हुने छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सञ्चालन हुने स्तरीकृत परीक्षामा गणित, विज्ञान र अङ्ग्रेजी विषयमा राष्ट्रिय औसत भन्दा १० प्रतिशत बढी अङ्क ल्याउन सफल हुने छन् । कक्षा ८, कक्षा १० र कक्षा १२ उत्तीर्ण गरी माथिल्लो औपचारिक शिक्षा हासिल गर्न असमर्थ ५० प्रतिशत युवाहरूलाई कम्तीमा ९० कार्य दिनको सीपमूलक तालिम सफलतापूर्वक पूरा गरेका हुने छन् ।

नगर भित्र सञ्चालन भएका सबै विद्यालयमा तोकिएको मापदण्डका आधारमा विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको सुनिश्चितता भएको हुनेछ । कुनै पनि विद्यार्थी वा शिक्षकले विद्यालयमा आफ्नो विविध पहिचानको कारणले भेदभावजन्य व्यवहारको अनुभूति गर्न नपर्ने अवस्थाको सिर्जना हुने छ । प्राकृतिक प्रकोप वा अन्य विपत्को कारणबाट विद्यार्थीहरू शिक्षाको अवसरबाट वञ्चित हुनु नपर्ने अवस्थाको सुनिश्चितता हुने छ ।

# परिच्छेद ३
# शैक्षिक क्षेत्रका विविध विषय

## ३.१ शिशु स्याहार केद्र

### ३.१.१ परिचय

वर्तमान कानुनअनुसार ४ वर्ष उमेर पुगेका बालबालिकाहरू विद्यालय प्रवेशको तयारीका १ वर्षको अनुभव लिनका लागि प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुन जान्छन् । त्यो उमेर नपुगेका बालबालिकालाई सर्वाङ्गीण विकासका लागि घर परिवारमा राखेर रेखदेख गर्न असहज भएको अवस्थामा शिशु स्याहार केन्द्रमा भर्ना गरिन्छ । व्यक्ति वा संस्थाले नगरपालिकाबाट स्वीकृति लिएर शिशु स्याहार केन्द्र सञ्चालन गरेको अवस्था छ ।

### ३.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा गैंडाकोट नगरपालिका भित्र ८ ओटा संस्थाहरूले शिशुस्याहार केन्द्र सञ्चालनका लागि अनुमति लिएर सञ्चालन गरेको अवस्था छ । शिशु स्याहार केन्द्रमा मूलत बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासका लागि हुनु पर्नेमा शैक्षिक खुराक पस्कने कार्यहरू समेत हुँदै आएका छन् । बालबालिकाहरूलाई मन्टेश्वरी विधिबाट खेल र स्वच्छ वातावरणमा मानोरञ्जन मार्फत शारीरिक विकास र स्वास्थ्यवर्धक पोषक खाना तथा जिज्ञासु क्रियाकलाप मार्फत संवेज्ञात्मक विकासका लागि क्रियाकलापहरू सञ्चालन गर्न निर्देर्शन दिने गरिएको छ । शिशु स्याहार केन्द्रमा संरक्षण गर्नुपर्ने बालबालिकाहरूलाई विद्यालयका पूर्व प्राथमिक तहकै रूपमा भर्ना गरेर सिकाइमा सहभागी गराउन प्रयत्न भै रहेका छन् ।

### ३.१.३ उद्देश्यहरू

- शिशुस्याहार केन्द्रलाई विद्यालयको संरचनाबाट अलग्गै व्यवस्थापन गर्नु,
- ४ वर्ष भन्दा कम उमेरका बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा सहजीकरण गर्ने केन्द्रको रूपमा शिशुस्याहार केन्द्रलाई व्यवस्थापन गर्न नियमन गर्नु,
- शिशुस्याहार केन्द्रलाई पूर्व बालविकास केन्द्रको आधारशिलाको रूपमा विकास गर्नु,
- अभिभावक कामको कारणले समय दिन नसक्ने बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासका लागि उपयुक्त आश्रयस्थलको रूपमा विकास गर्नु ।

### ३.१.४ रणनीतिहरू

- शिशुस्याहार केन्द्रलाई विद्यालय भन्दा बाहिरको संरचनाको रूपमा विकास गर्ने,
- शिशुस्याहार केन्द्रलाई सञ्चालन गर्न व्यक्ति, निजी तथा गैर सरकारी संस्थालाई प्रोत्साहन गर्ने,
- शिशुस्याहार केन्द्रलाई यसको उद्देश्य अनुसार बालबालिकाको चौतर्फी विकासका लागि बालकेन्द्रित, बालमैत्री पूर्वाधार भएको केन्द्रको रूपमा सञ्चालन गर्ने ।

### ३.१.५ कार्यनीतिहरू

- शिशुस्याहार केन्द्रलाई समुदायमा वा विद्यालय मै सञ्चालन गर्ने गरी विद्यालय शिक्षा भन्दा बाहिरको संरचनाको रूपमा विकास गरिने छ,

- शिशुस्याहार केन्द्रलाई सञ्चालन गर्न व्यक्ति, निजी तथा गैर सरकारी संस्थालाई प्रोत्साहन गरिने छ,
- शिशुस्याहार केन्द्रको सञ्चालन खर्च सेवा प्राप्त गर्ने बालबालिकाका अभिभावकबाट व्यहोर्नु पर्ने गरी व्यवस्था मिलाइने छ,
- विद्यालयमा शिशुस्याहार केन्द्र सञ्चालन गर्दा छुट्टै संयन्त्र मार्फत गरिने छ,
- शिशुस्याहार केन्द्रबाट प्रदान गरिने सेवालाई गुणस्तरीय बनाउन नियमित नियमन तथा अनुगमन गर्ने व्यवस्था मिलाइने छ,
- शिशु स्याहार केन्द्रको सहजकर्ताको योग्यता निर्धारण तथा लाइसेन्सको प्रबन्ध गरिने छ ।

## ३.२ प्रारम्भिक बालविकास केन्द्र

### ३.२.१ परिचय

विद्यालय तहको शिक्षा अन्तर्गत आधारभूत तहको कक्षा १ मा भर्ना हुन तयारी गर्न ४ वर्ष पूरा भइ ५ वर्ष पूरा भै नसकेका बालबालिकाको अध्ययनको लागि खडा गरिएको संरचना नै प्रारम्भिक बालविकास केन्द्र हो । बालबालिकाको सर्वाङ्गीण विकास तथा कक्षा १ को तयारीका लागि विभिन्न शैक्षिक अवसर तथा खेल र मनोरञ्जनात्मक क्रियाकलापका अवसर प्रारम्भिक बालविकास मार्फत हुने अपेक्षा गरिएको छ । विद्यालयको वातावरण प्रति परिचित भई कक्षा १ मा प्रवेश गर्दा खुसी र आत्मविश्वासका साथ अध्ययन कार्यमा प्रवेश गराउन यसको प्रबन्ध गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा गैंडाकोट नगरपालिकाभित्रका सबै ५३ विद्यालयहरूमा, समुदायमा आधारित तथा निजी समेत गरी ७२ प्रारम्भिक बालविकास केन्द्रको रूपमा कक्षाहरू सञ्चालनमा रहेका छन् । समुदायमा आधारित ३ ओटा प्रारम्भिक बालविकास केन्द्रहरू समेत सञ्चालनमा छन् । बालविकास केन्द्र केही विद्यालयमा २ ओटा केन्द्रको रूपमा सञ्चालन छन् भने अन्य अधिकांश विद्यालयमा एक एक ओटा बालविकास केन्द्रको रूपमा कक्षाहरू सञ्चालनमा छन् । सरकारी तबरबाट एक जना बालविकास सहजकर्ताको दरबन्दी भएको विद्यालयलाई एउटा बालविकास केन्द्रको रूपमा लिइएको छ । संस्थागत विद्यालयहरूमा बालविकास केन्द्रलाई विभिन्न नामका आधारमा सम्बोधन गर्ने गरिएको छ । त्यहाँ कार्यरत जनशक्ति समेत तालिम प्राप्त नभएको अवस्था छ । सामुदायिक विद्यालयमा सञ्चालन भएका प्रारम्भिक बालविकास केन्द्रमा पुरानै ढाँचाअनुसारको व्यवस्थापकीय पद्धति कायम रहिरहेको छ ।

### ३.२.३ उद्देश्यहरू

- सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालयको संरचनाको पहिलो खुड्किलोको रूपमा व्यवस्थापन गर्नु,
- ४ वर्ष उमेर पुरा भएका बालबालिकाको सर्वाङ्गीण विकासमा सहजीकरण गरी विद्यालयको पहिलो कक्षामा प्रवेश गर्न तयारी गर्नु,
- सबै बालबालिकालाई बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना हुने सुनिश्चितता गर्नु,

### ३.२.४ रणनीतिहरू

- प्रारम्भिक बालविकास केन्द्रमा अनिवार्य तथा निःशुल्क प्रवेश गराउन कानुनी तथा व्यवहारिक प्रबन्ध गर्ने,
- भौतिक पूर्वाधारले सुसज्जित र दक्ष तथा तालिम प्राप्त जनशक्तिबाट परिचालित आकर्षक बालिविकास केन्द्रको विकास गर्ने,
- उमेर समूहका कुनै पनि बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रको अनुभव हासिल गर्नबाट विमुख नहुने व्यवस्था गर्ने ।

### ३.२.५ कार्यनीतिहरू

- विद्यालय भित्र वा बाहिरका सबै प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन कार्यविधि तयार गरिने छ,
- प्रारम्भिक बालविकास केन्द्रलाई सञ्चालन गर्न व्यक्ति, निजी, गैर सरकारी तथा सरकारी संस्थालाई प्रोत्साहन तथा परिचालन गरिने छ,
- बालविकास केन्द्रको सञ्चालन खर्च सरकारका विभिन्न तहबाट व्यहोर्ने व्यवस्था मिलाइने छ,
- बालविकासको न्यूनतम मापदण्ड तयार गरी लागू गरिने छ,
- प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन विद्यालयमा भए विद्यालय भित्रकै छुट्टै उपसंयन्त्रमार्फत गरिने छ,
- विद्यालय बाहिरका प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्दा वडा कार्यलयबाट छुट्टै संयन्त्र खडा गरी सोही मार्फत गरिने छ ।

### ३.३ आधारभूत शिक्षा

## ३.३.१ परिचय

विद्यालय तहको शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्म दिइने शिक्षालाई आधारभूत शिक्षाको रूपमा राखिएको छ । ५ वर्ष पूरा भएका बालबालिकाले कक्षा १ मा भर्ना हुँदा प्रारम्भिक बालविकास केन्द्रको अनुभव लिएर आएका हुन्छन् भन्ने मान्यता राखिएको छ । गैँडाकोटमा हाल ३४ ओटा सामुदायिक विद्यालय र २० ओटा संस्थागत विद्यालयमा आधरभूत तहको समेत शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइएको छ । यस्ता विद्यालयमा कक्षा १ मात्रै र १ देखि १२ सम्म सञ्चालन भएका विद्यालय पर्दछन् । कुनै विद्यालयमा न्यूनतम सङ्ख्यामा समेत विद्यार्थी छैनन् भने कुनैमा तोकिएको भन्दा बढी विद्यार्थीहरू भएर शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित बनाउन सकिएको छैन । यसैले कक्षा सञ्चालन भएका आधारमा आधारभूत विद्यालयका पनि तह छुट्याएर विद्यालय वर्गीकरण गर्नु पर्ने अवस्था रहेको छ ।

### ३.३.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा गैँडाकोट नगरपालिका भित्र सबै ५३ विद्यालयहरूमा (सामुदायिक ३३ र संस्थागत २०) आधारभूत शिक्षा सञ्चालन भएका छन् । सबै विद्यालयमा आधारभूत तहका पूरा कक्षाहरू सञ्चालनमा छैनन् । सामुदायिक विद्यालयमा कम्तीमा एक जना र बढीमा १७ जना प्राथमिक तहका

स्थायी शिक्षकको दरबन्दी कायम छ । सामुदायिक विद्यालयमा कक्षा १ देखि कक्षा ८ सम्म ६,६६१ जना विद्यार्थीहरू अध्ययनरत छन् भने संस्थागत विद्यालयमा यो सङ्ख्या ६,३३८ रहेको छ । वर्तमान व्यवस्था अनुसार कक्षा ६ देखि ८ सम्म निम्न माध्यमिक तहका शिक्षकहरूको विषयगत दरबन्दी हुनु पर्ने भए पनि नियमानुसार सबै विद्यालयमा विषयगत दरबन्दी उपलब्ध गराउन सकिएको छैन । संस्थागत विद्यालयमा विषयगत शिक्षकको उपलब्धता भए पनि सबै शिक्षकको अध्यापन अनुमति पत्र नभएको अवस्था छ ।

### ३.३.३ उद्देश्यहरू

- कक्षा १ भर्ना भएका ९० प्रतिशत विद्यार्थीहरू ८ वर्षमा माध्यमिक तहमा प्रवेश गर्न योग्य बनाउनु,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्नु,
- नगरपालिका भित्रका कक्षा ८ अध्ययन गर्ने कम्तीमा २५ प्रतिशत विद्यार्थीहरू ३.६ भन्दा बढी GPA प्राप्त गरी माध्यमिक तहमा प्रवेश गर्ने सुनिश्चितता गर्नु,
- सबै आधारभूत विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार र शिक्षकको न्यायोचित वितरण गर्नु,

### ३.३.४ रणनीतिहरू

- विद्यार्थीको नियमितता र सिकाइ सुनिश्चितता गर्न विद्यालयमा विषयगत समितिलाई क्रियाशील बनाउने,
- योजानाबद्ध शिक्षण क्रियाकलाप कार्यान्वयन गर्न पुनर्ताजगी तालिमको व्यवस्था तथा आकर्षक सिकाइस्थलको रूपमा कक्षाकोठाको विकास गर्ने,
- अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षा सम्बन्धी कानुन निर्माण गर्ने,
- विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा शिक्षकलाई प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने,
- सिकाइ उपलब्धि राम्रो हुने विद्यार्थीलाई थप प्रोत्साहन गर्ने कार्यक्रम विकास गर्ने,
- आधारभूत शिक्षाको माथिल्लो तह (कक्षा ४ देखि ८ सम्म) देखि नै विषयगत शिक्षकको व्यवस्था गर्ने,
- विद्यालयको न्यूनतम भौतिक पूर्वाधार अद्यावधिक गर्न मापदण्ड निर्धारण गर्ने ।

### ३.३.५ कार्यनीतिहरू

- विद्यालयमा विद्यार्थीको सिकाइ सुनिश्चितता गर्न अतिरिक्त कक्षा तथा नगर शिक्षकको व्यवस्था मिलाइने छ,
- योजनाबद्ध शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई सहयोग गर्ने कार्यक्रम र आकर्षक कक्षाकोठा निर्माण गर्न स्रोतको सुनिश्चितता गरिने छ,
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिने छ,
- कक्षा ८ का औसत ग्रेड पोइन्ट (GPA) ३.८ भन्दा माथि ल्याउने विद्यार्थीलाई विशेष सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिने छ,

- प्राथमिक तहका शिक्षकलाई उनीहरूको माथिल्लो शैक्षिक योग्यता र दक्षताको आधारमा विषयगत शिक्षकको रूपमा कार्य करार गरी प्रोत्साहन दिइने छ,
- आधारभूत तहको शिक्षा सञ्चालनको न्यूनतम मापदण्ड तयार गरी लागू गरिने छ,
- विद्यालयलाई सिकाइ केन्द्रको रूपमा विकास गर्न विशेष कार्यक्रम लागू गरिने छ ।
- आकर्षक सिकाइ स्थलको रूपमा विकास गर्न न्यूनतम मापदण्ड निर्धारण गरी सोको परिपूर्ति गर्न आवश्यक लगानीको व्यवस्था गरिने छ ।

### ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

विद्यालय तहको शिक्षा अन्तर्गत कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई माध्यमिक तहको शिक्षाको रूपमा राखिएको छ । आधारभूत तहको शिक्षा पुरा गरेपछि माध्यमिक शिक्षा प्राप्त गर्ने अधिकार हरेक नागरिकको हुन्छ । विद्यालयमा सही तरिकाबाट बालबालिकाहरूलाई उनीहरूको उमेर समूह अनुसार गुणस्तरीय शिक्षा दिएको अवस्थामा १२ वर्ष पुरा भएका बालबालिका कक्षा ९ मा भर्ना हुन आउँछन् र १६ वर्षको उमेरमा माध्यमिक तहको शिक्षा पुरा गरी सकेका हुनेछन् । गैँडाकोटमा हाल रहेका ३३ ओटा सामुदायिक विद्यालय र २० ओटा संस्थागत विद्यालय मध्ये ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयमा कक्षा १२ सम्म र ७ ओटा सामुदायिक तथा ५ ओटा संस्थागत विद्यालयमा कक्षा १० सम्म अध्यापन हुँदै आएको छ । एउटा कलेजले कक्षा ११ र १२ मात्र सञ्चालन गरिरहेको अवस्था छ । गैँडाकोटबाट वि.सं. २०७९ मा कक्षा १० को परीक्षा दिएका ११८९ जना विद्यार्थीहरू थिए । २०७९ सालमा गैँडाकोटको कक्षा १० को औसत सिकाइ उपलब्धि २.७२ GPA रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा गैँडाकोट नगरपालिका भित्र १० ओटा विद्यालयहरूमा (सामुदायिक ५ र संस्थागत ५) माध्यमिक तहको पुरा कक्षा सञ्चालन भएका छन् । माध्यमिक तहका ५ ओटा सामुदायिक विद्यालयमा कक्षा १० सम्म र संस्थागत तर्फ ५ ओटा विद्यालयमा माध्यमिक तहका कक्षा १० सम्म सञ्चालन भएका विद्यालयहरू छन् । सामुदायिक विद्यालयमा कम्तीमा एक जना र बढीमा ७ जना माध्यमिक तहका स्थायी शिक्षकको दरबन्दी कायम छ । सामुदायिक विद्यालयमा कक्षा ९ देखि कक्षा १२ सम्म ६,६६१ जना विद्यार्थीहरू अध्ययनरत छन् भने संस्थागत विद्यालयमा यो सङ्ख्या ६,३३८ रहेको छ । वर्तमान व्यवस्था अनुसार कक्षा ९ देखि १२ सम्म विषयगत दरबन्दी हुनु पर्नेमा सबै माध्यमिक विद्यालयमा स्थायी आवश्यकता अनुसार स्थायी माध्यमिक शिक्षकको दरबन्दी उपलब्ध गराउन सकिएको छैन । संस्थागत विद्यालयमा विषयगत शिक्षकको उपलब्धता भए पनि सबै शिक्षकको अध्यापन अनुमति पत्र नभएको अवस्था छ ।

### ३.४.३ उद्देश्यहरू

- सबै विद्यालयमा तह अनुसार विषयगत दरबन्दीको व्यवस्था गर्नु,
- आधारभूत तहको शिक्षा पूरा गरेका सबैलाई माध्यमिक शिक्षा लिने अवसर सुनिश्चित गर्नु,
- नगरपालिका भित्रका कक्षा १० अध्ययन गर्ने कम्तीमा २० प्रतिशत विद्यार्थीहरू ३.६ भन्दा बढी GPA प्राप्त गरी कक्षा ११ मा प्रवेश गर्ने सुनिश्चितता गर्नु,

- कक्षा १२ मा अध्ययन गर्ने विद्यार्थीहरू मध्ये कम्तीमा २० प्रतिशत विद्यार्थीहरूले ३.६ भन्दा बढी GPA प्राप्त गरी उच्च शिक्षामा प्रवेश गर्ने सुनिश्चितता गर्नु,
- कक्षा १० अध्ययन गरेका कम्तीमा २५ प्रतिशत र कक्षा १२ अध्ययन गरेका कम्तीमा २० प्रतिशत विद्यार्थीहरूले कम्तीमा दक्षतामा आधारित ४५ दिने सीपमूलक तालिमको सुनिश्चितता गर्नु,
- सबै माध्यमिक विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार र शिक्षकको न्यायोचित वितरण गर्नु ।

### ३.४.४ रणनीतिहरू

- विद्यार्थीको नियमितता र सिकाइ सुनिश्चितता गर्न विद्यालयमा विषयगत समितिलाई क्रियाशील बनाउने,
- योजानाबद्ध शिक्षण क्रियाकलापल कार्यान्वयन गर्न पुनर्ताजगी तालिमको व्यवस्था तथा आकर्षक सिकाइ स्थलको रूपमा कक्षाकोठाको विकास गर्ने,
- रोजाइ र रुचीको आधारमा माध्यमिक तहको शिक्षा प्रदान गर्न पूर्वाधार विकास गर्ने
- विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा शिक्षकलाई प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने,
- सिकाइ उपलब्धि राम्रो हुने विद्यार्थीलाई थप प्रोत्साहन गर्ने कार्यक्रम विकास गर्ने,
- कक्षा १० अध्ययन गरी कक्षा ११ अध्ययन गर्न नचाहने तथा कक्षा १२ अध्ययन गरी उच्च शिक्षा प्रवेश गर्न नचाहने युवालाई योगदानमा आधारित सीपमूलक शिक्षा प्रदान गर्ने,
- तालिम प्रदायक निकाय मार्फत सीपमूलक शिक्षाको व्यवस्था गर्ने,
- विद्यालयको न्यूनतम भौतिक पूर्वाधार अद्यावधिक गर्न मापदण्ड निर्धारण गर्ने ।

### ३.४.५ कार्यनीतिहरू

- विद्यालयमा विद्यार्थीको सिकाइ सुनिश्चितता गर्न अतिरिक्त कक्षा तथा नगर शिक्षकको व्यवस्था मिलाइने छ,
- विषयगत शिक्षकको व्यवस्था गर्न तल्लो तहका शिक्षकलाई माथिल्लो तहको शैक्षिक योग्यता, अध्यापन अनुमति पत्र तथा निश्चित मापदण्डका आधारमा अस्थायी पदोन्नती गरिने छ,
- हरेक पाँच वर्षमा प्रधानाध्यापक तथा शिक्षकको कार्य क्षेत्र परिवर्तन गर्न र पेशागत विकासका लागि पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ,
- योजनाबद्ध शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई सहयोग गर्ने कार्यक्रम र आकर्षक कक्षाकोठा निर्माण गर्न स्रोतको सुनिश्चितता गरिने छ,
- आधारभूत तहको शिक्षा  पूरा गरी सके पछि माध्यमिक तहको शिक्षामा प्राज्ञिक भन्दा सीपमूलक शिक्षामा जोड दिइने छ,
- सीप मूलक शिक्षा प्रदान गर्ने संस्थाहरूसँग सम्झौता गरी योगदानमा आधारित तालिम तथा सीप विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ,

- औसत ग्रेड पोइन्ट (GPA) ३.८ भन्दा माथि ल्याउने कक्षा १० र १२ का सबै विद्यार्थीलाई विशेष सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिने छ,
- माध्यमिक तहको शिक्षा सञ्चालन गर्ने विद्यायको न्यूनतम मापदण्ड तयार गरी लागू गरिने छ,
- विद्यालयलाई सिकाइ केन्द्रको रूपमा विकास गर्न विशेष कार्यक्रम लागू गरिने छ ।
- आकर्षक सिकाइ स्थलको रूपमा विकास गर्न न्यूनतम मापदण्ड निर्धारण गरी सोको परिपूर्ति गर्न आवश्यक लगानीको व्यवस्था गरिने छ ।

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.५.१ परिचय

साधारण धारको शिक्षामा प्राज्ञिक पक्षलाई बढी जोड दिइन्छ भने प्राविधिक तथा व्यावसायिक शिक्षामा कुनै क्षेत्र विशेषमा सीप पक्षलाई जोड दिएर अध्यापन गराइन्छ । सैद्धान्तिक भन्दा अभ्यास र प्रयोगात्मक पक्षमा जोड दिएर शैक्षणिक क्रियाकलाप गराइने शिक्षा नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो । साधारण शिक्षा तर्फको सैद्धान्तिक शिक्षाले अनुसन्धान तथा कार्यालयीय कार्यमा आवश्यक जनशक्ति तयार गर्ने आधार खडा गर्दछ भने प्राविधिक तथा व्यावसायिक शिक्षाले उत्पादनसँग जोडिने विषयमा दक्ष जनशक्ति तयार गर्ने आधार खडा गर्दछ । अहिलेको पुस्ताले केही सैद्धान्तिक शिक्षा र केही प्रयोगात्मक शिक्षा मार्फत सीप विकास गर्न सकिने खालको शिक्षाको माग गरेको छ । तर हामीले तयार गर्ने गरेका जनशक्ति प्राज्ञिक तहमा पनि कमजोर र प्राविधिक तथा व्यावसायिक क्षेत्रमा पनि कमजोर हुने जोखिम देखापर्न थालेको छ ।

### ३.५.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा गैंडाकोट नगरपालिका भित्र एउटा विद्यालयमा कक्षा ९ देखि १२ सम्म प्राविधिक पढाई हुँदै आएको छ । उक्त विद्यालयमा पनि तोकिएको क्षेत्रमा मात्र (कम्प्युटर इन्जिनियरिङ्ग) प्राविधिक विषयको पढाइ हुने गरेको छ । बजारमा सुन्दा हामीलाई प्राविधिक तथा व्यावसायिक शिक्षा चाहियो भन्ने आवाज यत्रतत्र सुन्न पाइन्छ । तर कुन विषय क्षेत्रमा हामीलाई कति जनशक्ति आवश्यकता छ र बजारले कस्तो जनशक्तिको माग गरेको छ भन्ने विषयमा अन्योल रहेको हुँदा शैक्षिक प्रमाणपत्र पाउने प्राविधिक शिक्षमा समेत अध्ययन गर्न आउने विद्यार्थीको सङ्ख्या क्रमश: घट्दो छ । छोटा अवधिका तालिम लिएर स्वरोजगार बन्न सकिन्छ भन्ने उत्साह र भरोसा विद्यार्थी तथा अभिभावकमा क्रमश: घटिरहेको पाइएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत स्वीकृति लिई विभिन्न विषयमा शैक्षिक डिग्रीको मान्यता प्राप्त गर्ने तालिम कार्यक्रमहरू केही संस्थाहरूले सञ्चालन गरेका छन् । विश्वविद्यालयबाट अनुमति लिएर प्राविधिक विषयको रूपमा समेत पढाइ हुने कलेजहरू पनि गैंडाकोटमा सञ्चालनमा रहेका छन् ।

### ३.५.३ उद्देश्यहरू

- आधारभूत तह पार गरेका र माध्यमिक तहको साधारण शिक्षा लिन रुची नभएका विद्यार्थीलाई कम्तीमा पनि ९० दिनको सीपमूलक तालिमको व्यवस्था गर्नु,
- प्राविधिक तथा व्यावसायिक धारका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने संस्थाहरू मार्फत लागत साझेदारीमा तालिम प्रदान गर्नु,

- हाल सञ्चालनमा रहेको कम्प्युटर इन्जिनियरिङ्ग भन्दा अन्य विषय क्षेत्रको प्राविधिक विषय अध्यापन गराउने संस्था सञ्चालन गर्ने प्रबन्ध मिलाउनु,
- विद्यालय तहको शिक्षा पुरा गरेपछि स्वरोजगार उन्मुख तालिम प्रदान गर्नु ।

### ३.५.४ रणनीतिहरू

- विद्यालय तहमा नै परामर्श मार्फत विद्यार्थीको रुची पहिचान गरी प्राविधिक तथा सीपमुलक शिक्षाको विस्तार गर्ने,
- कम्तीमा २ ओटा प्राविधिक तथा व्यावसायिक धारका आवासीय विद्यालयको विकास गर्ने,
- बजार मागको अनुसन्धान गरी सोही बमोजिमको प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रबर्द्धन गर्ने ।
- तालिम प्रदायक निकाय मार्फत सीपमूलक शिक्षाको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालयको न्यूनतम भौतिक पूर्वाधार अद्यावधिक गर्न मापदण्ड निर्धारण गर्ने ।

### ३.५.५ कार्यनीतिहरू

- आधारभूत तहको शिक्षा कै क्रममा विद्यार्थीको रुची पहिचान गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र छुट्याइने छ,
- सीप मूलक शिक्षा प्रदान गर्ने संस्थाहरूसँग सम्झौता गरी योगदानमा आधारित तालिम तथा सीप विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ,
- प्राविधिक धारका शिक्षा प्रदान गर्न उपयुक्त विद्यालयको पूर्वाधार तयार गरिने छ,
- विद्यालय तह पूरा गरेको विद्यार्थीमा कम्तीमा एक क्षेत्रमा प्राविधिक दक्षता तथा सीप विकास भएको सुनिश्तिता गरिने छ ।

## ३.६ अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा

### ३.६.१ परिचय

साधारणतया शिक्षा लिनु भनेको औपचारिक रूपमा शैक्षिक योग्यता प्राप्त गर्न निश्चित पाठ्यक्रम तथा पाठ्यघण्टाको अधीनमा रही अध्ययन गर्नु हो भन्ने बुझिन्छ । तर यस्तो शिक्षा औपचारिक शिक्षा हो र यस्तो शिक्षा शैक्षिक योग्यता प्राप्तिका लागि अनुमति तथा स्वीकृत प्राप्त संस्थामा गएर लिने गरिन्छ । तालिम र सीपलाई केन्द्रबिन्दु बनाएर बनाउने छोटा अवधिका र प्राय अस्थायी प्रकृतिक संस्थाहरूबाट प्रदान गरिने शिक्षा  अनौपचारिक शिक्षा अन्तर्गत पर्छन । हाम्रो आफ्नै प्रयास र अनुभवबाट खुला रूपमा आर्जन गरिने शिक्षा अरीतिक शिक्षा हो । विगतमा साक्षर जनसङ्ख्या नै अत्यन्त न्युन रहेको अवस्थामा जनतालाई साक्षर बनाउन पनि एउटा ठुलो प्रयत्नको आवश्यकता थियो । विद्यालयबाट प्रदान गरिने शिक्षाबाट पनि उमेर समूहका व्यक्तिहरूलाई साक्षर बनाउन सहयोग पुगेको थियो भने प्रौढहरूलाई साक्षर बनाउन विभिन्न प्रकारका अनौपचारिक संस्था तथा सामुदायिक सिकाइ केन्द्रहरू पनि सञ्चालनमा आएका थिए ।

### ३.६.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा गैंडाकोट नगरपालिका भित्र दुइओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । एउटा सामुदायिक सिकाइ केन्द्रबाट प्रौढ कक्षा समेत सञ्चालन भैरहेको छ भने अर्को सामुदायिक सिकाइ केन्द्रबाट सीप विकास, क्षमता विकास तथा साक्षारोत्तर कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रममा पुरुष भन्दा महिलाको सहभागिता धेरै रहँदै आएको छ । सहभागीहरूले शैक्षिक कार्यक्रमका साथै स्थानीय रूपमा उत्पादनमुलक कार्यमा केन्द्रित हुने गरी कार्यक्रम सञ्चालनको माग गरेको अवस्था छ । सूचना तथा प्रविधिको युगमा नयाँ ज्ञान र सीपको क्षेत्र विस्तार हुँदै आएकाले यस सँग सम्बिन्धत विषयलाई जीवन पर्यन्त शिक्षाको रूपमा जोडिन आवश्यक छ । गैर सरकारी क्षेत्रमा स्थापना भएका संस्थाहरूलाई, नगर प्रज्ञा प्रतिष्ठानलाई हाम्रा स्थानीय सीप र परम्परागत प्रविधिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ । जीवन पर्यन्त शिक्षाका लागि भैरहेका सीप र क्षमतासँग आधुनिक शैक्षिक प्रणालीलाई जोड्न एक सबल संस्थागत संयन्त्रको आवश्यकता रहेको छ ।

### ३.६.३ उद्देश्यहरू

- नगरपालिकाका ६० वर्ष भन्दा कम उमेरका सबै जनता साक्षर भएको सुनिश्चितता गर्नु,
- स्थानीय सीप र प्रविधिलाई शिक्षाको मूलधारमा ल्याउन Briddge course को विकास गरी कार्यान्वयन गर्नु,
- आर्थिक रूपमा अशक्त र फरक क्षमताका व्यक्तिहरूलाई अनौपचारिक शिक्षा मार्फत तालिम प्रदान गरी सक्षमता विकास गर्नु ।

### ३.६.४ रणनीतिहरू

- स्थानीय ज्ञान, सीप तथा प्रविधि संरक्षण र सम्बर्धनका लागि अध्ययन तथा अनुसन्धान गर्ने,
- सामुदायिक अध्ययन केन्द्रलाई जीवन पर्यन्त शिक्षा प्रदान गर्ने स्थानीय स्रोतको रूपमा उपयोग गर्ने,
- जनताका मागको लेखाजोखा गरी सोही बमोजिमको जीवन पर्यन्त शिक्षाको कार्यढाँचा तयार गर्ने ।
- स्थानीय समुदाय तथा गैरसरकारी संस्थालाई परिचालन गरी अनौपचारिक तथा जीवन पर्यन्त शिक्षाप्रति जनताको आकर्षण बढाउने,
- फरक क्षमता तथा आर्थिकरूपमा कमजोर व्यक्ति लक्षित कार्यक्रममा जोड दिने ।

### ३.६.५ कार्यनीतिहरू

- आव २०८१/०८२ लाई आधार वर्ष मानी यहाँका ६० वर्ष भन्दा मुनिका जनताको अभिलेख तयारी गरी साक्षरताको सुनिश्चितता गर्ने कार्यक्रम ल्याइने छ,
- नगर प्रज्ञाप्रतिष्ठान मार्फत स्थानीय ज्ञान, सीप तथा प्रविधिको खोजी गरी विकासका लागि कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ,

- सामुदायिक अध्ययन केन्द्रहरूलाई जीवन पर्यन्त सिकाइ स्थलको रूपमा स्तरोन्नोति गर्न अध्ययन केन्द्रको रूपमा विकास गरिने छ,
- परिवर्तित समय अनुसार सूचना तथा प्रविधिलाई जनताको जीवनसँग जोड्ने कार्यक्रम सञ्चालन गरिने छ,
- अनौपचारिक तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्न टोल, वडा तथा अन्य गैरसरकारी संस्थाहरूको परिचालन गरिने छ,
- फरक क्षमता र आर्थिक रूपमा कमजोर भएका व्यक्तिको आवश्यकतामा आधारित सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

## ३.७ पाठ्यक्रम र मूल्याङ्कन

### ३.७.१ परिचय

विद्यालय शिक्षाबाट विद्यार्थीमा हासिल हुनु पर्ने सिकाइ उपलब्धिको निर्धारण पाठ्यक्रमले गर्दछ । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत तथा कक्षागत उद्देश्य र प्रत्येक कक्षाका सिकाइ उपलब्धि समेत सविस्तार उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमका आधारमा नै विद्यालयमा शैक्षिक क्रियाकलाप सञ्चालन हुन्छन् । नेपाल भरी सबै विद्यालयमा एकै प्रकारको पाठ्यक्रम निर्धारण भएको भए पनि पाठ्यपुस्तकमा भएको विविधताको कारणले आमजनमानसमा फरक शिक्षा प्रणाली लागू गरिएको भन्ने भ्रम समेत छ । सामान्यतया सामुदायिक विद्यालयमा धेरैजसो विषयमा नेपाली माध्यमका पुस्तकहरू प्रयोग गरिएका छन् भने संस्थागत विद्यालयमा अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरू प्रयोग गरिएका छन् । स्थानीय पाठ्यक्रमको रूपमा सबै विद्यालयमा कक्षा १ देखि कक्षा ८ सम्म 'स्थानीय विषय पाठ्यक्रम' निर्माण गरी प्रयोग गरिएको छ । पाठ्यक्रम कार्यान्वयनको लागि कक्षा १ देखि कक्षा ३ सम्म शिक्षक स्रोत सामग्री प्रयोगमा ल्याइएको छ भने कक्षा ४ देखि ८ सम्म स्थानीय पाठ्यपुस्तकको रूपमा 'हाम्रो गौरव, हाम्रो गैँडाकोट' पाठ्यपुस्तक निर्माण गरी प्रयोगमा ल्याइएको छ । कक्षा ३ सम्म प्रयोगमा ल्याउन पर्ने निरन्तर मूल्याङ्कन प्रणालीलाई सही ढंगबाट परिचालन गर्न आवश्यक छ । यसका लागि नगरपालिका भित्र एकरूपता गर्न एउटै खालको मूल्याङ्कन अभिलेख प्रयोगमा ल्याउन सामग्री विकास गरिएको छ । सबै विषयमा ५० पूर्णांकको प्रयोगात्मक ढाँचालाई प्रयोगमा ल्याउन विविध खालका क्रियाकलापमा एकरूपता ल्याउन आवश्यक छ । साधारण, प्राविधिक र धार्मिक तथा परम्परागत विद्यालयहरू तोकिएको पाठ्यक्रम ढाँचामा सञ्चालन भएका छन् । कक्षा कोठामा शैक्षिक उद्देश्य पूरा गराउन गरिने क्रियाकलाप पाठ्यपुस्तकलाई मात्र आधार मानिएको बानीलाई परिवर्तन गरी पाठ्यक्रममा आधारित बनाउन थप प्रयत्नको खाँचो आवश्यकता छ ।

### ३.७.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा गैँडाकोट नगरपालिका भित्र एउटै पाठ्यक्रम प्रयोगमा आएको छ । स्थानीय पाठ्यक्रमको कार्यान्वयनको सन्दर्भमा कक्षा ४ देखि ८ सम्म 'हाम्रो गौरव, हाम्रो गैँडाकोट' नामको पाठ्यपुस्तक प्रयोगमा ल्याएको छ । कुनै स्थान विशेषमा विद्यालयले नगरकार्यपालिकाको स्वीकृतिमा फरक स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोगमा ल्याउन सक्ने व्यवस्था छ । सबै सामुदायिक विद्यालयमा नेपाली माध्यमका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइएको छ । पाठ्यक्रम सबैको

पहँचमा हुने गरी पाठ्यक्रम विकास केन्द्र तथा नगरपालिकाको वेबपेजमा उपलब्ध गराइएको छ । नगरपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई निरन्तर सुधार गरी अझ परिष्कृत बनाउने लक्ष्य लिएको छ । सामुदायिक विद्यालयमा पनि कतिपय विषय अंग्रेजी माध्यममा पठनापाठन हुने हुँदा तोकिएको शिक्षक सङ्ख्याको उपलब्धता हुन नसकेको यथार्थता छ । विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सम्लग्न गराउन आवश्यक मुख्य हतियारको रूपमा पाठ्यक्रम रहनु पर्नेमा पाठ्यपुस्तक रहेको छ । मूल्याङ्कन प्रणालीलाई नयाँ पाठ्यक्रम अनुसार कार्यान्वयन गर्न थप मेहनतको खाँचो महसुस गरिएको छ । प्रयोगात्मक परीक्षा प्रणालीलाई विश्वसनीय बनाउन मूल्याङ्कन सञ्चयिका तयार गरी लागू गरिएको छ ।

### ३.७.३ उद्देश्यहरू

- पाठ्यक्रममा आधारित लक्ष्य प्राप्त गर्न सिकाइ क्रियाकलापबाट सिकारुमा ज्ञान, सीप, र व्यवहार विकासमा सहजीकरण गर्नु,
- पाठ्यक्रमले निर्धारण गरे अनुसारका निरन्तर, आवधिक, प्रयोगात्मक तथा स्तरीकृत मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको निरन्तर सुधार सँगै परिमार्जन गरी कार्यान्वयन गर्नु ।

### ३.७.४ रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप पाठ्यक्रमको पूर्णतया कार्यान्वयन गर्ने,
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार निर्माण भएको पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रयोग सम्बन्धमा पुनर्ताजगी तालिम प्रदान गर्ने,
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा पनि विद्यार्थीको सिकाइ क्रियाकलापलाई निरन्तरता दिने कार्यक्रम कार्यान्वयन गर्ने,
- शिक्षक कक्षाकोठामा प्रवेश गर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिकासँग पूर्ण परिचित हुने प्रणालीको स्थापना गरी कार्यान्वयन गर्ने,
- सहपाठी सिकाइ क्रियाकलाप मार्फत विद्यार्थीलाई सिक्ने सिकाउने कार्यकलापमा उनीहरूको विविधताको पहिचान गरी परिचालन गर्ने,
- स्थानीय पाठ्यक्रमको कार्यान्वयनका लागि स्थानीय अनुभवी विज्ञहरूको अनुभव लिने र स्थानीय भूगोल र अन्य परिवेशको क्षेत्रगत भ्रमणको व्यवस्था मिलाउने
- विद्यार्थीको सिकाइलाई निरन्तर रूपमा अभिलेखीकरण गर्ने र नतिजालाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्ने प्रणालीको विकास गर्ने ।

### ३.७.५ कार्यनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप पाठ्यक्रमको पूर्णतया कार्यान्वयनका लागि सूचकमा आधारित शैक्षणिक क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ,
- पाठ्यक्रमको पूर्ण कार्यान्वयनका लागि शिक्षक दैनिकीको व्यवस्था गरिने छ,

- विपद्, महामारी तथा सङ्कटको अवस्थामा विद्यार्थीको सिकाइ क्रियाकलापलाई निरन्तरता दिने कार्यक्रमका लागि आवश्यक श्रोतको व्यवस्था गरिने छ,
- सहपाठी सिकाइ क्रियाकलाप मार्फत विद्यार्थीलाई सिक्ने सिकाउने कार्यबलापमा उनीहरूको विविधताको पहिचान गरी सिकाई समूह निर्माण गरी परिचालन गरिने छ,
- स्थानीय अनुभवी विज्ञहरूको अनुभव र स्थानीय भूगोल तथा अन्य परिवेशको क्षेत्रगत भ्रमणको व्यवस्था गरी स्थानीय पाठ्यक्रमको सिकाइमा मूल प्रवाहीकरण गरिने छ,
- विद्यार्थीको सिकाइलाई निरन्तर रूपमा अभिलेखीकरण गर्ने र नतिजालाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्ने प्रणालीको विकास गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइने छ ।

## ३.८ शिक्षक व्यवस्थापन र विकास

### ३.८.१ परिचय

राष्ट्रले शिक्षा मार्फत देखेको समृद्धिको सपना साकार पार्न महत्त्वपूर्ण भूमिका खेल्ने पात्र शिक्षक हो । अनेक कठीनाइका बाबाजुद शिक्षकले विद्यार्थीको क्षमताको उजगार गरिदिन आफ्नो प्रयात्नले सफलता प्राप्त गरेका धेरै उदाहरणहरू छन् । शिक्षाका उद्देश्यलाई मूर्तरूप दिन जुन सकै क्षेत्रमा जति लगानी र जति राम्रो व्यवस्थापन गरे पनि यसको कार्यान्वयन गर्ने सबभन्दा तलको तह भनेको विद्यालय मार्फत शिक्षक हो । शिक्षकहरू परिवर्तनक बाहक हुन पनि भनिन्छ । शिक्षकहरू परिवर्तनलाई बोकेर ल्याउने भरिया मात्र होइनन्, परिवर्तन भएका मनहरूलाई समेत अझ बढी सक्रिय बनाई परिवर्तनको बाटोमा दौडन उत्प्रेरित गर्न सक्ने बलियो कर्मधारी हो । गुणस्तरीय शिक्षा र परिवर्तन बाहक शिक्षक एक अर्काका पर्याय हुन् । यसका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति पूर्णरूपमा जवादेही हुन आवश्यक छ । त्यति नै बेला कुन विद्यालयमा कति शिक्षक, कुन विषयको शिक्षक, कसको नेतृत्व भन्ने प्रश्न पनि अझ बढी जिम्मेवार ढँगले केलाउन आवश्यक छ । नगरपालिका भित्रका सबै विद्यालयमा एकै प्रकारका विषयका शिक्षक, एकै प्रकारको सङ्ख्यामा रहेका शिक्षक, एकै प्रकारको योग्यता आदिले हाम्रो विविधताको सम्मान गर्नु पर्ने विद्यालयमा खासै अर्थ राख्दैन । तथापि, विद्यालयमा भएका विद्यार्थीको सङ्ख्या र कक्षाका सम्बन्धमा विद्यमान नीतिगत व्यवस्था, शिक्षकको नियुक्ति र पेशा तथा वृत्ति विकासका क्षेत्रमा नयाँ सोच र सङ्कल्पका साथ काम गर्नु पर्ने अवस्था छ ।

### ३.८.२ वर्तमान अवस्था

गैँडाकोट नगरपालिकाभित्र हाल ३३ ओटा सामुदायिक विद्यालयहरू छन् । पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्म सञ्चालन भएका विद्यालय ५ ओटा रहेका छन् भने पूर्व प्राथमिक कक्षादेखि कक्षा १० सम्म अध्यापन हुने ५ ओटा विद्यालय छन् । कक्षा ८ सम्म सञ्चालन भएका ९ ओटा विद्यालय छन् । बाँकी १४ ओटा विद्यालयमा कक्षा ८ भन्दा कम कक्षाको पढाइ सञ्चालन हुने गर्दछ । कक्षा १२ समेत सञ्चालन हुने विद्यालयमा जम्मा १० ओटा शिक्षक दरबन्दी कक्षा ११ र १२ का लाीग छ भने कक्षा ९ र १० अध्यापन गराउने मावि शिक्षकको दरबन्दी जम्मा ३७ ओटा रहेको छ । त्यसै गरी ८ कक्षा सम्म सञ्चालन भएका अन्य ९ विद्यालयमा जम्मा ४२ ओटा दरबन्दी कायम रहेको छ । समग्रमा यी तिन तहको शिक्षक तथा विद्यार्थी अनुपात निकाल्दा निमावि तहमा शिक्षक विद्यार्थी अनुपात १:७८, माध्यमिक (कक्षा ९-१०) मा १:४०, र माध्यमिक (कक्षा १०-१२) मा १:१०३ रहको छ । यहाँ धार्मिक

विद्यालय र प्राविधिक धार चलेका कक्षाको सङ्ख्या समावेश गरिएको छैन । विद्यालय सङ्ख्या, कक्षा सङ्ख्या तथा विद्यालयमा हुनु पर्ने न्यूनतम विषयगत शिक्षक सङ्ख्या समेत सही अनुपातमा रहेको देखिएको छैन । सबै विद्यालयमा न्यूनतम विद्यार्थी सङ्ख्या र शिक्षक सङ्ख्याको अनुपात नमिलेको हुनाले विषयगत अनुपात र सङ्ख्या समेत मिलेको देखिएको छैन ।

तल्लो तहका शिक्षकले माथिल्लो तहका कक्षा लिनु पर्ने अवस्था र यो अवस्थालाई आत्मसात् गरी कुन कुन विद्यालयमा माथिल्लो कक्षामा अध्यापन गराउन सक्ने कानुनी र व्यवहारिक सक्षमता छ भन्ने कुरा पहिचात गर्न आवश्यक छ । शिक्षकको पद र पदसँग जोडिएका कक्षाको विदार्थीको सिकाइ उपलब्धिसँग शिक्षकको वृत्ति विकासका अवसरलाई जोड्न सकिएको छैन । यसलाई जोड्न नसक्दा उनीहरूको पेशाप्रतिको उत्तरदायित्वलाई समेत स्पष्ट पार्न सकिएको छैन । स्थनीीय तहबाट शिक्षकको विषय र योग्यताको माग गर्न पाउने  कानुनी व्यवस्था गर्न सकियो भनो शिक्षक व्यवस्थापनका समस्यालाई समाधान गर्न सहज हुने थियो । यसका लागि नीतिगत व्यवस्था अनिवार्य देखिन्छ ।

### ३.८.३ उद्देश्यहरू

- सबै विद्यालयमा तहगत रूपमा नियमानुसार प्रधानाध्यापक छनोट गरी आवधिक पदस्थापन गर्नु,
- कक्षा ४ बाट नै वियागत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्नु,
- शिक्षकलाई विद्यालयमा on the job training सञ्चालन गरी पेशागत विकाससँग आबद्धता गर्नु ।
- पुनर्ताजगी तालिम मार्फत शिक्षकको पेशागत विकासका अवसरहरू उपलब्ध गराउनु,
- शिक्षण बाहेकका क्षेत्रमा शिक्षकको क्षमता प्रस्फुटन गरी जिम्मेवारी प्रदान गर्नु ।

### ३.८.४ रणनीतिहरू

- सबै विद्यालयमा नियमानुसार प्रधानाध्यापक छनोट गरी जिम्मेवारी दिने,
- कक्षा ४ देखि नै कक्षागत रूपमा विषयगत शिक्षकको वितरण तथा व्यवस्थापन गर्ने,
- शिक्षक दरबन्दीमा तत्काल स्थायी पदपूर्ति हुन सक्ने अवस्था नभएमा नगरपालिकाबाट समय तालिका निर्धारण गरी तहगत तथा विषयगत शिक्षकको पदपूर्तिको व्ववस्था मिलाउने,
- शिक्षकको मागका आधारमा विद्यालयमा on the job training सञ्चालन गर्ने व्यवस्था गर्ने,
- विभिन्न पुनर्ताजगी तालिम मार्फत शिक्षकको पेशागत विकासका अवसरहरू उपलब्ध गराउने,
- अतिरिक्त र सहक्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारीका लागि थप प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीतिगत व्यवस्था गर्ने ।

### ३.८.५ कार्यनीतिहरू

- सबै विद्यालयमा नियमानुसार प्रधानाध्यापक छनोट गर्ने प्रक्रिया अगाडि बढाइनेछ,

- कक्षा ४ र ५ मा गणित, अंग्रेजी र विज्ञान विषयका शिक्षकको दरबन्दी किटान गरिने छ भने माथिल्ला कक्षाहरूमा नियमानुसार कक्षागत तथा विषयगत शिक्षक दरबन्दी मिलाउन गरी वितरण गरिने छ,
- शिक्षकको क्षमता विकासका कार्यक्रम मागका आधारमा गर्ने र कार्यास्थालमा आधारित तालिम सञ्चालन गरिने छ,
- शिक्षण बाहेक अतिरिक्त र सहक्रियाकलापका कार्यक्रम सञ्चालन गर्ने र विद्यार्थीको चौतर्फी विकासका अन्य कार्यक्रम सञ्चालनका गर्ने शिक्षकको क्षमता विकास र थप प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ,
- नीतिगत आधारमा शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीतिगत व्यवस्था गरिने छ ।

## ३.९ समावेशी शिक्षा

### ३.९.१ परिचय

विविध पहिचान भएका बालबालिका विद्यालयमा जाँदा समान सम्मान र सहभागिताका साथ शैक्षिक कार्यक्रममा रुचीपूर्वक सम्लग्न हुने अवसर उपलबध गराउनु नै समावेशी शिक्षा हो । आफ्नो भाषा, संस्कृति, लिङ्ग, आर्थिक स्तर, सामाजिक पहिचान, शारीरिक अवस्था आदि कुनै पनि कारणले भेदभाव भएको महसुस नहुने अवस्था सिर्जना भएको सुनिश्चितता गर्नु नै समावेशी शिक्षाको मुख्य उद्देश्य हो । हाम्रो संविधानले शिक्षालाई मौलिक हकमा राखेको र त्यसलाई सफलतापूर्वक कार्यान्वयन गर्न पनि समावेशी शिक्षाको ध्येयको बारेमा हामी सबै परिचित हुन आवश्यक छ । सामजिक न्याय, पहुँच र समावेशी प्रतिनिधित्वका लागि विद्यालय तहबाट नै सबै प्रकारका क्षमता र पहिचान भएका नागरिकले समतामूलक शिक्षाको अनुभूति गर्न पाउने अवस्था निर्माण आजको आवश्यकता हो ।

### ३.९.२ वर्तमान अवस्था

गैँडाकोट नगरपालिका भित्र औपचारिक रूपमा समावेशी शिक्षाको कार्यक्रमको रूपमा विशेष कक्षा सञ्चालन गर्ने एउटा विद्यालय छ । उक्त विद्यालयले शारीरिक तथा बैद्धिक अपाङ्गता भएका विद्यार्थीहरूलाई राखेर विभिन्न कक्षामा अध्यापन गराउँदै आएको छ । अन्य विद्यालयमा कार्यक्रमको रूपमा विशेष कक्षाहरू नभए पनि सबै प्रकारको विविधता भएका बालबालिकालाई एकै ठाउँमा राखेर विना भेदभाव शिक्षा प्रदान गरिँदै आएको छ । तर यसो गर्दा शिक्षा दिने व्यक्तिले समानतामूलक ढंगले व्यवहार गरिरहँदा शिक्षा प्राप्त गर्ने व्यक्तिले समतापूर्वक व्यवहार पाएको अनुभव नगरको हुन सक्ने अवस्था रहेको छ । यसका लागि प्रत्येक विद्यार्थीका आवश्यकता र क्षमताको पहिचान गर्नु पर्ने छ । सो कार्यको अभिलेखीकरणको व्ययस्था गर्नु पर्ने छ । पाठ्यक्रमले तोके अनुसारका सिकाइ उपलब्धिको अवस्था कस्तो रहेको छ भनी निरन्तर मूल्याङ्कन र आन्तरिक मूल्याङ्कनका अभिलेखहरूलाई व्यवस्थित गर्नु पर्ने कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन ।

### ३.९.३ उद्देश्यहरू

- विविध क्षमता तथा पहिचान भएका बालबालिकालाई भेदभाव रहित वातावरणमा शिक्षा प्रदान गर्नु,

- विद्यार्थीको रुची र क्षमताको पहिचान गरी उपचारात्मक शिक्षण पद्धति अवलम्बन गर्नु,
- विविध पहिचान र क्षमता भएका विद्यार्थीलाई समन्यायिक व्यवहार भएको अनुभूति दिलाउनु ।

### ३.९.४ रणनीतिहरू

- विद्यार्थीको रुचि र क्षमताको पहिचान गरी शिक्षण पद्धति अवलम्बन गर्ने,
- विशेष आवश्यकता भएका विद्यार्थीका लागि उपचारात्मक शिक्षण पद्धति अवलम्बन गर्ने,
- विद्यालयमा शिक्षक-शिक्षक, शिक्षक-विद्यार्थी र विद्यार्थी-विद्यार्थीबीच आपसी सम्बन्ध मार्फत आपसी सम्बन्धलाई सुदृढ गर्ने,
- समतामूलक व्यवहारका लागि सकरात्मक विभेदका कार्यक्रमहरू कार्यान्वयन गर्नु,

### ३.९.५ कार्यनीतिहरू

- विद्यार्थीको रुची र क्षमताको पहिचान गरी शिक्षण पद्धति अवलम्बन गर्न थप स्रोतको परिचालन गरिने छ,
- विशेष आवश्यकता भएका विद्यार्थीका लागि उपचारात्मक शिक्षण पद्धति अवलम्बन गरिने छ,
- विद्यालयमा शिक्षक-शिक्षक, शिक्षक-विद्यार्थी र विद्यार्थी-विद्यार्थीबीच आपसी सम्बन्ध मार्फत आपसी सम्बन्धलाई सुदृढ गर्ने संस्कृतिको विकास गरी अवलम्बन गरिने छ,
- समतामूलक व्यवहारका लागि सकरात्मक विभेदका कार्यक्रमहरू सहभागितामूलक आधारम तयार गरी कार्यान्वयन गरिने छ,

## ३.१० गुणस्तरीय शिक्षा

### ३.१०.१ परिचय

गुणस्तरीय शिक्षा सबैको चाहना तर कहिल्यै पुरा नहुने अभिष्ट हो भन्ने महसुस भएको छ । हिजो भन्दा आज हामी सबल र सक्षम भएका छौं, हिजोका कतिपय विषयहरू आज हाम्रा लागि नौला भएका छन् भने आजका कतिपय सेवा सुविधाहरू हिजो हाम्रो कल्पान भित्र पनि थिएनन् । श्रमको क्षेत्रमा होस् अथवा बौद्धिक क्षेत्रमा होस् हिजो भन्दा आजको हाम्रो अवस्था उन्नतिशील छ । तर हाम्रो अभिलाषा अनुसार शैक्षिक गुणस्तर पुगेन भनेका छौं र त्यसका लागि हामी प्रयासरत छौं । यसका लागि सर्वप्रथम शिक्षकको मन खुशी हुने विभिन्न उपायहरूको खोजी गरी विद्यार्थीलाई पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उपलब्धि हासिल गराउने र उनीहरूलाई विश्वस्तरका प्रतिस्पर्धामा खरो उतार्न सफल हुन सक्यौं भने सबै तिरबाट गुणस्तरीय शिक्षा भयो भनी स्वीकार्ने अवस्था सिर्जना गर्न सक्दछौं । तहगत दरबन्दी नहुनु, विषयगत दरबन्दी नहुन, पाठ्यक्रमलाई शिक्षकको शिक्षणकलासँग आबद्ध गर्न नसकिनु जस्ता समस्याका कारणले विद्यार्थीहरूले प्राप्त गरेका सिकाइ उपलब्धि सन्तोषजनक देखिएको छैन ।

## ३.१०.२ वर्तमान अवस्था

गुणस्तरीय शिक्षाका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारलाई सबै विद्यालयमा प्रत्याभूत गर्न अझै कठीनाई रहेको छ । पर्यावरणीय वातावरण, सरसफाइ, भौतिक पूर्वाधारको उपलब्धता, सिकाइ सहजीकरणका लागि आवश्यक स्रोतहरूको व्यवस्था र परिचालन, पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था र परिचालन जस्ता विषयहरूलाई सहज तरिकाबाट उपयोग गर्न सकिएको छैन । नमूना तथा प्राविधिक विषयको कक्षा सञ्चालन गर्ने विद्यालयमा भन्दा अन्यत्रका विद्यालयमा पुस्तकालय र प्रयोगशालाको उपलब्धता राम्रो सँग गर्न सकिएको छैन । विषयगत दरबन्दीको रूपमा विज्ञान विषयका शिक्षकहरूको उपलब्धता र परिचालन सही तरिकबाट हुन सकेको छैन । जति विद्यालयमा भौतिक पूर्वधार तथा अध्ययन सामग्रीको उपलब्धता छ, ती विद्यालयमा समेत विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धि सन्तोषजनक रहेको छैन । यो हिसाबबाट हेर्दा भौतिक पूर्वाधार र शिक्षकको उपलब्धताले मात्र गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न सकिएको छैन । विद्यालय परिवारले नतिजा केन्द्रित भएर काम गर्ने र स्थानीय तहबाट त्यसको महत्त्व आत्मसात् गरी कार्य गर्न सकिएको खण्डमा गुणस्तरीय शिक्षामा हामीले सफलता प्राप्त गर्न सक्ने छौं ।

## ३.१०.३ उद्देश्यहरू

- गुणस्तरीय शिक्षाको मान्य परिभाषा भित्र रही विद्यालयका मानक निर्धारण गर्नु,
- विद्यालयमा न्यूनतम सिकाइ वातावरण र भौतिक पूर्वाधारका लागि आवश्यक लगानी गरी सिकाइ केन्द्रको रूपमा विकास गर्नु,
- शिक्षकको क्षमता विकास मार्फत विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नु,
- विद्यार्थीको चौतर्फी विकासका लागि विद्यालयमा सह तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू कार्यान्वयन गर्नु,
- विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाउन आवश्यक लगानी र व्यवस्थापन गर्नु ।

## ३.१०.४ रणनीतिहरू

- गुणस्तरीय शिक्षाको मान्य परिभाषा भित्र रही विद्यालयका मानक निर्धारण गर्ने,
- विद्यालयमा न्यूनतम सिकाइ वातावरण र भौतिक पूर्वाधारका लागि आवश्यक लगानी गरी सिकाइ केन्द्रको रूपमा विकास गर्न आवश्यक नीतिगत तथा कार्यक्रम तय गरी लागू गर्ने,
- शिक्षकको क्षमता विकास मार्फत विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने,
- विद्यार्थीको चौतर्फी विकासका लागि विद्यालयमा सह तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू कार्यान्वयन गर्ने,

## ३.१०.५ कार्यनीतिहरू

- गुणस्तरीय शिक्षाको सर्वमान्य परिभाषा निर्धारण गरी मानक तयार गरिने छ,

- विद्यालयमा न्यूनतम सिकाइ वातावरण र लगानीका आधारमा विद्यालयलाई सिकाइ केन्द्रको रूपमा विकास गरिने छ,
- शिक्षकको क्षमता विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिको एउटा आधारको रूपमा लिइने छ,
- सह तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू मार्फत विद्यार्थीको चौतर्फी विकासका आधार तयार गरिने छ ।

## ३.११ शिक्षामा सूचना प्रविधिको प्रयोग

### ३.११.१ परिचय

हाम्रा परम्परागत मान्यता र ढाँचा अनुसार गुरु चेलाको आमने सामने पद्धतिबाट शिक्षा लिने र दिने प्रक्रिया सम्पन्न हुन्थ्यो । सिकाउन पर्ने विषयवस्तुलाई गुरुले चेलाको  सिक्ने तयारीका आधारमा दीक्षाको रूपमा प्रदान गर्ने परम्पार थियो । सूचना प्रविधिको विकास सँगै सिक्ने र सिकाउने पद्धति समेत परिवर्तन भएर आएका छन् । शिक्षक र विद्यार्थी आमने सामने हुँदा होस् अथवा उनीहरू बीचको दुरी टाढा हुँदा इलेक्ट्रोनिक्स उपकरणको उपयोग गरी सिक्ने सिकाउने प्रचलन बढेर गएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीलाई थप रुची जगाउन, विद्यार्थीले विषयवस्तुलाई सिर्जनात्मक तरिकाबाट सिक्न सक्ने बनाउन सहयोग गर्दछ । सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई जबर्जस्त गतिशील रूपमा अगाडि बढाएको छ । विद्यालयमा आउँदा मात्र होइन विद्यालय बाहिर रहँदा पनि विद्यार्थीलाई विद्यालयमा बसेर अध्ययन गरिरहको अनुभूति दिन समेत शिक्षामा सूचना प्रविधिको प्रयोग अन्यन्त आवश्यक भएकृ छ ।

### ३.१०.२ वर्तमान अवस्था

शिक्षामा सूचना प्रविधिको अधिकतम प्रयोगबाट लाभ लिन नेपाल सरकारले प्रत्येक विद्यालयमा इन्टरनेट सेवा पुर्‍याउन अनुदान उपलब्ध गराउँदै आएको छ । हरेक वर्ष पुस्तकालय तथा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि छानिएका विद्यालयलाई रकम उपलब्ध गराउँदै आइएको छ । विद्यालयमा अध्यापन गराउने जुनसुकै विषयलाई प्रभावकारी तरिकाबाट अध्यापन गराउन यसको प्रयोग बढ्दै गैरहेको छ । सबै विद्यालयमा सूचना प्रविधिकको प्रयोग मार्फत शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आवश्यक भौतिक प्रबन्ध मिलाइएको छ । तर प्रयोगका लागि उपकरणको अवस्था फरक प्रकारका रहेका छन् । स्मार्ट वोर्डबाट शिक्षकको प्रस्तुति गराउने विद्यालयहरू एकातिर छन् भने अर्कोतिर मोबाइलमा इन्टरनेटको उपयोग गरी विद्यार्थीलाई सिकाइ क्रियाकलापमा सहभागी गराउने विद्यालयहरू पनि छन् । विषयवस्तुमा विविधता तथा बहु श्रोत मार्फत सिकाइ क्रियाकलाप सञ्चालन गर्न सूचना प्रविधिको प्रयोग लोकप्रिय हुँदै गैरहेको छ ।

### ३.११.३ उद्देश्यहरू

- शिक्षण सिकाइ क्रियाकलापलाई सूचना प्रविधि मैत्री बनाउनु,
- बहुश्रोत तथा विविध श्रोतको माध्ययमबाट शिक्षण सिकाइ क्रियाकलापलाई नवप्रर्वतनात्मक बनाउनु,

- शिक्षकको क्षमता विकास मार्फत विद्यार्थीको सिकाइ क्रियाकलाप उपलब्धिमूलक बनाउनु,
- विश्वमा ज्ञानको क्षेत्रमा भएका नयाँ अनुभव र अनुसन्धानलाई आफ्नो परिवेशमा उपयोग गर्नु,
- विद्यालयलाई सूचना प्रविधि मैत्री ज्ञान केन्द्र बनाउन आवश्यक लगानी र व्यवस्थापन गर्नु ।

## ३.११.४ रणनीतिहरू

- विद्यालयलाई सूचना प्रविधियुक्त पूर्वाधार विकास गर्न आवश्यक लगानी गर्ने,
- विद्यार्थीलाई बहुश्रोतको उपयोग गरी ज्ञानको खोजीमा लाग्न सूचना प्रविधिको उपयोग गर्न प्रेरित गर्ने,
- सबै शिक्षकलाई सूचना प्रविधि उपयोग गर्न सक्ने गरी क्षमता  विकास गर्न उत्प्रेरित गर्ने,
- शिक्षकको सूचना प्रविधि सम्बन्धी क्षमता विकास मार्फत विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने,
- विद्यालयलाई सूचना प्रविधियुक्त पूर्वाधार मार्फत ज्ञान केन्द्रको रूपमा विकास गर्ने ।

## ३.११.५ कार्यनीतिहरू

- आधारभूत विद्यालय तहबाट नै सबै विद्यालयमा विद्यार्थीको तह र सङ्ख्या अनुसार सूचना प्रविधियुक्त पूर्वाधार विकास गर्न आवश्यक लगानी गरिने छ,
- कक्षा ६ भन्दा माथि अध्ययन गर्ने विद्यार्थीलाई बहुश्रोतको उपयोग गरी ज्ञानको खोजीमा लाग्न सूचना प्रविधिको उपयोग गर्न प्रेरित गरिने छ,
- सबै शिक्षकलाई सूचना प्रविधि उपयोग गरी शिक्षणमा उपयोग गर्न सक्ने क्षमता विकास गर्न उत्प्रेरित गरिने छ,
- विद्यालयलाई सूचना प्रविधियुक्त पूर्वाधार मार्फत ज्ञान केन्द्रको रूपमा विकास गर्न आवश्यक नीतिगत व्यवस्था मिलाइने छ ।
- विद्यार्थीको चौतर्फी विकासका लागि विद्यालयमा सह तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।

# परिच्छेद ४

# अन्तर्सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ सन्दर्भ र औचित्य

शिक्षा प्रत्येक नागरिकको जीवन स्तर तथा समग्र राष्ट्र तथा विश्वव्यापी रूपमा मानव जीवनको सुख र समृद्धिसँग जोडिएको अपरिहार्य विषय हो । उन्नतस्तरको शिक्षाले मानव जीवनलाई उन्नत र सुखी बनाउन सहयोग पुऱ्याउँदछ भन्ने मान्यताले नै हामी सबैले उत्कृष्ट र गुणस्तरीय शिक्षाको अपेक्षा गर्दछौं । सरकारी तबरबाट पनि यसका लागि प्रयत्नहरू भएका छन्, जनस्तरबाट पनि यसका लागि योगदान र माग दुवै बलियो ढंगबाट प्रस्तुत भइरहेका छन् । तर अपेक्षा अनुसार भएन भन्ने गुनासो यत्रतत्र सर्बत्र सुनिने गरेको छ । सबै पक्षबाट उही कुराको लागि पहल हुँदा पनि हामीले सफलता प्राप्त गर्न नसक्नुमा धेरै पक्षहरूले प्रभाव गरिरहेका हुन सक्छन् । यसैलाई आधार मानेर केही विषयवस्तुहरूलाई शिक्षा क्षेत्रका अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूको रूपमा यो परिच्छेदमा उल्लेख गरिएको छ । यी विषयहरूको उचित सम्बोधन हुँदाको अवस्थामा शिक्षा क्षेत्रको विकासमा सहयोग पुग्न सक्दछ ।

## ४.२ शैक्षिक समता र समावेशीकरण

### ४.२.१ परिचय

जीव विज्ञानको वैज्ञानिक वर्गीकरणको विधि अनुसार संसार भरका मानव समुदाय एउटै समूहमा पर्दछन् । यसको अर्थ उनीहरूको साझा विशेषताहरू छन् । तर सामाजिक, राजनीतिक तथा मनोविज्ञनका विधि अनुसार मानव समुदायका आफ्ना छुट्टा छुट्टै पहिचान, विशेषता, क्षमता, रुचि र विकासात्मक विशेषताहरू विद्यमान रहेका छन् । यो यथार्थलाई सम्बोधन गर्न हाम्रा संविधान, अन्तर्राष्ट्रिय मूल्य मान्यता, सन्धी, ऐन नियमहरूको व्यवस्था गरिएको छ । यस्ता व्यवस्थालाई कार्यरूपमा उतार्न हाम्रा योजनामा कार्यक्रमहरू र त्यसलाई सफल पार्न आवश्यक नीतिगत, भौतिक तथा आर्थिक स्रोतको व्यवस्थापन गर्न अत्यन्त जरुरी छ । विविध कारणले फरकपन भएका व्यक्तिहरूको आवश्यकता र क्षमता अनुसार लक्षित कार्यक्रम सञ्चालन गर्न समताका लागि पहल गर्नु हो भने बालबालिको व्यक्तिगत विशेषता अुनसार उनीहरूलाई उनीहरूको रुची पूर्वक शैक्षिक सेवाको उपयोग गर्न सक्रिय बनाउन उपयुक्त वातावरण सिर्जना गर्नु नै समावेशीकरण हो । सेवा प्रवाह गर्नेको क्षमता र रुची भन्दा सेवा ग्रहण गर्नेको रुची र क्षमतालाई आधार मानेर शैक्षिक सेवा प्रवाह गर्नु शिक्षा क्षेत्रको समावेशीकरण हो ।

### ४.२.२ वर्तमान अवस्था

गैंडाकोट नगरपालिकामा ४२,०१२ जना महिला तथा ३८७२५ पुरूप गरी जम्मा ८०,७३७ जनसङ्ख्या रहेको छ । नगरपालिका भित्र विद्यालय तहको तथ्याङ्कमा छात्र र छात्राहरूको उपस्थिति क्रमशः १२५३९ र १०५१३ रहेको छ । नगरपालिका भित्र भएका सामुदायिक विद्यालयमा यसको प्रतिनिधित्व छात्र र छात्राको क्रमशः ५५८९ र ५५३८ तथा संस्थागत विद्यालयमा क्रमशः ६८१२ र ४९७३ रहेको छ भने धार्मिक विद्यालयमा क्रमशः १३८ र २ जना रहेका छन् । विद्यालय उमेर समूहको रूपमा यस नगरपालिकामा रहेका ८७३२ जना छात्र र ७५८७ छात्राको जनसङ्ख्यालाई आधार मान्दा विद्यालय बाहिर कुनै पनि बालबालिका रहेका छैनन् । यस हिसाबले शिक्षा क्षेत्रमा लैंङ्गिक रूपमा

समावेशीकरणको समस्या रहेको पाइँदैन । समताको हिसाबले हेर्दा विद्यालयमा छात्राको लागि सरकारी तबरबाट विशेष प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । तहगत तथा कक्षागत रूपमा हेर्दा हाल गैँडाकोट नगरपालिकामा पूर्व प्राथमिक कक्षामा अध्ययनरत छात्र र छात्राको सङ्ख्या क्रमश: २४१० र १९७७ गरी जम्मा ४३८७ जना रहेको छ । कक्षा १ देखि ५ सम्ममा छात्र ४४४९ र छात्रा ३६९५ गरी जम्मा ८१४४ जना रहेका छन् । कक्षा ६ देखि ८ सम्म छात्र २७५५ र छात्रा २२६५ गरी जम्मा ५०२० जना रहेका छन् । यो सङ्ख्या ९ देखि १० मा क्रमश: १३३६ छात्र ११८३ छात्रा गरी जम्मा २५१९ रहेका छन् । त्यसै गरी कक्षा ११ देखि १२ मा छात्र १८३९ र छात्रा १५६२ गरी जम्मा ३४०१ रहेका छन् ।

पछिल्लो जन गणना अनुसार नगरपालिकामा ४ देखि ५ वर्ष भन्दा कम उमेर समूहका जनसङ्ख्या छात्र ७४१ र छात्रा ६३८ गरी जम्मा १३७९ रहेको छ । यसको अर्थ हाल विद्यालय वा समुदायमा सञ्चालित बालविकास केन्दमा तोकिएको उमेर समूह भन्दा बाहिरका विद्यार्थीहरूको ( २४१० र १९७७ गरी जम्मा ४३८७ भन्दी बढी) अनुपात धेरै रहेका छन् । यसको सोझो अर्थ तोकिएको उमेर समूहका विद्यालयमा रहेका विद्यार्थीको सङ्ख्या भन्दा जनसङ्ख्या थोरै छ । यसै गरी ५ देखि ९ वर्ष उमेर समूहका छात्र ३५३९ र छात्रा ३०३२ गरी ६५७१ रहेका छन् । यो उमेर समूह भनेको कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने उमेर समूह हो । यो अवस्थालाई केलाउँदा पनि आधारभूत तह (कक्षा १-५) मा पनि प्राथमिक तहको विद्यालय उमेर समूहमा रहेको जनसङ्ख्या भन्दा विद्यालयमा भर्ना भएका विद्यार्थीको सङ्ख्या धेरै रहेको छ । नगरपालिकामा १० देखि १२ वर्ष भित्रका उमेर समूहमा पुरुषको जनसङ्ख्या १४५९ र महिलाको जनसङ्ख्या १२६७ गरी जम्मा २७२६ रहेको छ । यो उमेर समूह भनेको नियमित रूपमा कक्षा ६ देखि ८ सम्म अध्ययन गर्ने औपचारिक उमेर समूह हो । यो हिसाबले हेर्दा पनि कक्षा ६ देखि ८  तोकिएको ुउमेर समूह भन्दा बाहिरका तथा गैँडाकोटमा अभिलेखीकरण नभएका बालबालिकाहरू विद्यालय भर्ना भई अध्ययनरत (छात्र २७५५ र छात्रा २२६५ गरी जम्मा ५०२०) देखिन्छ । त्यसै गरी जनगणना अनुसार १३ देखि १४ वर्ष भित्रको जनसङ्ख्या ८०५ पुरुष र ७४९ महिला गरी जम्मा १५५४ जना रहेको देखिन्छ । यो जनसङ्ख्यासँग हाल कक्षा ९ देखि १० मा अध्ययनरत क्रमश: १३३६ छात्र र ११८३ छात्रा गरी जम्मा २५१९ भन्दा कम रहेको छ । अर्थात विद्यालय बाहिर कुनै पनि बालबालिका छैनन् । जनगणना अनुसार १५ देखि १६ वर्ष भित्रको जनसङ्ख्या १६१० छात्र र १४९८ छात्रा गरी जम्मा ३१०८ जना रहेको देखिन्छ । यो जनसङ्ख्यासँग हाल कक्षा ११ देखि १२ मा अध्ययनरत छात्र १८३९ र छात्रा १५६२ गरी जम्मा ३४०१  भन्दा कम रहेको छ । अर्थात विद्यालय बाहिर कुनै पनि व्यक्ति छैनन् या त अन्यत्रबाट विद्यार्थीहरू अध्ययन गर्न आएका छन् ।

प्रत्येक तहमा छात्र र छात्राको सङ्ख्या केलाउँदा पनि विद्यालय बाहिर रहेको सङ्ख्या देखिएन । अर्थत लैङ्गिक विभेदको कारणले विद्यालयसम्म पहुँच नपुगेको अवस्था छैन । अब हामीलाई भैरहेको सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन र प्रतिफल समान तरिकाले वितरण गर्न चुनौतीको रूपमा रहको छ ।

समताको हिसाबले हेर्दा विद्यालयमा छात्राको लागि सरकारी तबरबाट विशेष प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । गैँडाकोट नगरपालिकाबाट कक्षा ५ र कक्षा ८ को विज्ञान र गणित विषयमा सञ्चालन गरिएको स्तरीकृत परीक्षाको नतिजा विश्लेषणबाट विद्यालयले समानतापूर्वक प्रदान गरेको शैक्षिक सेवाबाट सोही अनुपातमा शैक्षिक उपलब्धि प्राप्त भएको देखिएको छैन । कक्षा ५ को गणित विषयमा लिइएको स्तरीकृत परीक्षाको औसत उपलब्धि ३९.७ हुँदा छात्राको औसत उपलब्धि ३८.९ र

छात्रको औसत उपलब्धि ४३.६ देखिएको छ । त्यसै गरी विज्ञान विषयमा गैंडाकोटको औसत उपलबिध ४५.२ हुँदा छात्राको औसत उपलबिध ४६.६ र छात्रको औसत सिकाइ उपलब्धि ४०.५ रहेको छ । फरक विषयमा छात्रा र छात्राको सिकाइ उपलब्धिको प्रवृत्ति उल्टो देखिएको हुँदा त्यस भित्रका तत्वहरूलाई अझ मिहिन तरिकाले केलाउन आवश्यक देखिएको छ । कक्षा ८ को स्तरीकृत परीक्षाको नतिजा फरक दृश्य देखिएको छ । गैंडाकोटको कक्षा ८ को औसत सिकाइ उपलब्धि गणितमा ३४.८ हुँदा छात्राको ३६.४ र छात्रको ३३.७ रहेको छ । विज्ञानमा गैंडाकोटको शैक्षिक उपलब्धि ३९.१ हुँदा छात्राको औसत ३६.३ र छात्रको औसत सिकाइ उपलब्धि ४३ रहेको पाइएको छ । यो नतिजा हेर्दा लैङ्गिक आधारमा ठूलो भेदभाव भएको कारणले विषयगत नतिजामा अन्तर आएको भनी सामन्यीकरण गर्न सकिँदैन । विशेषत कुन व्यक्ति विशेषका कारणले सिकाइमा समस्या परेको छ भन्ने कुराको खोजी हुन आवश्यक देखिन्छ ।

### ४.२.३ उद्देश्य

शिक्षामा सबै वर्गको पहुँच तथा प्रतिफलमासमतामूलक तवरले प्रतिनिधित्व हुन सकोस् भन्ने मूल भावनाका साथ निम्न उद्देश्यहरू निर्धारण गरिएका छन् ।

- विविध कारणले पछाडि परेका व्यक्ति वा समूहलाई शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्नु,
- विद्यालयमा पहुँच भएका सबै बालबालिकाको व्यक्तिगत विभिन्नताको आधारमा सिकाइ प्राप्ति र सिकाइ उपलब्धिमा सुधार ल्याउनु,
- सिकाइमा समस्या भएका लक्षित समूहका व्यक्तिहरूलाई उनीहरूको नियमितता, सिकाइमा सहभागिता र उपलब्धिका लागि आवश्यक वातावरण तयार गर्नु,
- विविध पहिचानका कारणले सेवा प्रवाहमा भेदभाव हुन नदिने अवस्थाको सुनिश्चितता गर्नु ।
- विविध पहिचानका आधारमा विद्यालयबाट पाउने सेवा सुविधामा समन्यायिक वितरणको सुनिश्चितता गर्नु,

### ४.२.४ रणनीतिहरू

- विद्यालय सेवा क्षेत्रका फरक पहिचान भएका बालबालिकाको लागि सकरात्मक विभेदका कार्यक्रम तय गर्ने,
- विद्यालयमा न्यूनतमा आवश्यक पूर्वाधारको सुनिश्चिता पूरा गरी त्यसलाई पहुँचयुक्त तथा लैङ्गिक मैत्री बनाउने,
- बालमैत्री विद्यालय र सिकाइ मैत्री वातावरण सिर्जना गर्न पूर्वाधार तथा शिक्षकको सक्षमता अभिवृद्धि गर्ने,
- सिकाइमा विशेष आवश्यकता भएका बालबालिका लागि वैयक्तिक शैक्षणिक योजनामा आधारित शिक्षण पद्धति अवलम्बन गर्ने,
- विद्यार्थीको विविध क्षमता र आवश्यकताको पहिचान गर्न शिक्षकको क्षमता विकासका लागि कार्यक्रम लागू गर्ने,
- सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षण विधि र विद्यार्थीसँग शिक्षकको नजिकको सम्बन्ध स्थापना गर्न आवश्यक सिर्जनात्मक अभियान शुरुवात गर्ने ।

### ४.२.५ कार्यनीतिहरू

- विद्यार्थीको फरक पहिचानको लेखाजोखा गरी सकरात्मक विभेदका प्रोत्साहन कार्यक्रम लागू गरिने छ,
- प्रत्येक विद्यार्थीलाई कक्षाकोठामा आरमदायी रूपले बस्ने फर्निचर तथा अन्य सामग्रीको व्यवस्था गरिने छ,
- अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने विद्यालयमा पहुँचयुक्त शौचालय तथा र्‍याम्पको व्यवस्था गरिने छ,
- प्रत्येक विद्यालयमा विषयगत रूपमा सन्दर्भ सामग्री रहेको पुस्तक संग्रह र उपलब्धता, विषयगत प्रयोगशालाको अवधारणाबाट आवश्यक पूर्वाधार भै रहेको विद्यालयमा निरन्तरता र नभएका विद्यालयमा स्थापना गरी कार्यान्वयन गरिने छ ,
- विद्यालयमा भएको जमीनको उपलब्धता अनुसार त्यसबाट विद्यार्थीलाई त्यसको भरपूर उपयोग गर्न तथा समूचित प्रयोगका विविध उपायहरू अवलम्बन गर्न विद्यालयको प्रस्ताव र औचित्यताको आधारमा आवश्यक सहयोग उपलब्ध गराइनेछ,
- विद्यालय नियमित आउने तर सिकाइ उपलब्धि हासिल गर्न नसक्ने तथा प्राज्ञिक क्षेत्र प्रति पटक्कै रुची नभएका विद्यार्थीको आवश्यकता पहिचान गरी वैयक्तिक शैक्षणिक योजनामा आधारित विशेष कार्यक्रम सञ्चालन गरिने छ,
- कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीको अवस्था पहिचान गर्न अध्ययन गरी सिकाइ उपलब्धिको वृद्धिका लागि थप कार्यक्रमको व्यवस्था गरिने छ,
- विद्यार्थीको सिकाइसँग अन्तरसम्बन्धित पक्षहरू (विद्यार्थी, शिक्षक, अभिभावक) बीचको सम्बन्ध प्रगाढ बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

## ४.३ विद्यालय स्तारोन्नति तथा तह मिलान

### ४.३.१ परिचय

देश केन्द्रीकृत तथा एकात्मक राज्यव्यवस्थाबाट सञ्चालन हुने बेलामा हालको गैंडाकोट नगरपालिका भित्र अन्य तत्कालीन गाउँ विकास समितिहरू अस्तित्वमा थिए । गाउँपालिकाको भूगोल अनुसार विभिन्न स्थानमा विद्यालय खोल्न चाहनु र पाउनु अन्यथा विषय होइन । सङ्घीयता कार्यान्वयनमा आइसके पछि त्यति बेला स्थापना भएका सबै विद्यालयमा आवश्यक न्यूनतम विद्यार्थी नहुनु, नियमानुसार वितरण हुन पर्ने विषयगत शिक्षक दरबन्दी नहुनु जस्ता कारणले स्रोतको उचित उपयोग हुन र गुणस्तरीय शिक्षाको प्रत्याभूति हुन सकेको छैन । यी दुवै कुराको उचित सम्बोधन हुन प्रचलित नियम तथा हाम्रा आवश्यकता दुवैलाई सन्तुलन गरेर लैजान आवश्यक भएको छ । कुनै विद्यालयको स्तरोन्नति गरी कक्षा थप गर्ने र कुनै विद्यालयको कक्षा घटाएर तह मिलान गर्नु पर्ने अवस्था रहेको छ ।

### ४.३.२ वर्तमान अवस्था

हाल गैंडाकोट नगरपालिका भित्र आधारभूत तहका कक्षा ८ तथा सो भन्दा कम कक्षा सञ्चालन भएका २३ विद्यालय छन् भने १ देखि १० कक्षासम्म सञ्चालन भएका ५ ओटा र १ देखि १२ कक्षासम्म सञ्चालन भएका ५ ओटा विद्यालय रहेका छन् । भौगोलिक अवस्थालाई आधार मान्ने हो भने नगरपालिकाको पहाडी क्षेत्रमा रहेका दुइ ओटा वडा (वडा नं. ३ र १८) मा १२ कक्षा सम्म सञ्चालन भएका विद्यालय नै छैनन् । त्यही क्षेत्रमा बसोबास गर्ने जनताको आर्थिक अवस्था पनि तुलनात्मक रूपमा अन्य वडाका बासिन्दा भन्न कम आर्थिक स्तर रहेको छ । यसले गर्दा ती क्षेत्रका

कक्षा १० पास गर्ने तल्लो समथर भूभागमा गई घर छाडी अध्ययन गर्नु पर्दा विद्यार्थी दोहोरो मारमा परको देखिन्छ । जनसङ्ख्याको हिसाबबाट हेर्दा ३ नं. वडामा ३७७५ जनता मात्र बसोबास गर्छन भने १८ नं. वडामा १५०६ जना बसोबास गर्छन् । १६ वर्ष सम्मका जनसङ्ख्या ३ नं. वडामा ९६२ र १८ नं. वडामा २८१ जना बसोबास गरेको पाइन्छ । ३ नं वडामा ६ वटा विद्यालय र १८ नं. वडामा ५ ओटा विद्यालयले सेवा प्रवाह गरेको पाइन्छ । दुवै वडाको भूगोल ठूलो भएकोले प्रति विद्यालयले सेवा दिनु पर्ने जनसङ्ख्या क्रमशः १६० र ५६ जना रहेको छ । यो हिसाबले विद्यालयको सक्षमता कमजोर रहेको छ । तह र अनुपात मिलाउनका लागि विद्यालयलाई स्तरोन्नति र तह मिलान गर्नु पर्ने छ ।

### ४.३.३ उद्देश्य

विद्यालयको सक्षमता वृद्धि गर्न तथा सबै बालबालिकालाई विद्यालयको पहुँच दिन निम्न अनुसारका उद्देश्यहरू अवलम्बन गरिएका छन् ।

- वडाका प्रत्येक टोलबाट विद्यार्थीको उमेर अनुसार कक्षामा अध्ययन गर्न पाउने अवसर सुनिश्चित गर्नु,
- विद्यालयले दिने सेवाग्राहीको न्यूनतम सङ्ख्या कायम गर्न विद्यालयको तह वृद्धि तथा घटाउने काम गर्नु,
- तहगत तथा विषयगत रूपमा शिक्षक दरबन्दीको व्यवस्था गर्नु ।

### ४.३.४ रणनीतिहरू

- विद्यालय उमेर समूहका विद्यार्थीहरूलाई अनिवार्य रूपमा विद्यालय पठाउन पर्ने बाध्यकारी नियम बनाई कार्यान्वयन गर्ने,
- टोलको स्थानीय बासिन्दाले आफ्नो सबभन्दा नजिकको विद्यालयमा अध्ययन गर्न चाहेको अवस्थासम्म विद्यालयले अवसर दिने व्यवस्था गर्ने,
- न्यूनतम मापदण्ड नपुगेको विद्यालयमा स्रोत थप गर्ने तथा दिइरहेको स्रोतलाई अन्यत्र विद्यालयमा स्थानन्तरण गरी विद्यालयको सक्षमता वृद्धि गर्ने,
- प्रत्येक दुइ वर्षमा विद्यालयमा उपलब्ध विद्यार्थी र शिक्षकको अनुपातको आधारमा दरबन्दी तथा विषय मिलान गर्ने,
- कक्षा थप, तह वृद्धि अथवा कक्षा घटाउने, तह घटाउने अथवा विद्यालय नै अर्को विद्यालयमा समायोजन गर्ने कार्य हरेक ३ वर्षमा गर्ने,
- सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्ने र शिक्षकको खटनपटन गर्ने,
- विद्यालय बाहिर पनि अस्थायी कक्षा सञ्चालन गरी आधारभूत तह (कक्षा १ देखि ३ सम्म) को शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने ।

### ४.३.५ कार्यनीतिहरू

- विद्यालय उमेर समूहका विद्यार्थीहरूलाई अनिवार्य रूपमा विद्यालय पठाउन पर्ने बाध्यकारी नियमलाई कार्यान्वयन गर्न विभिन्न प्रलोभन तथा दण्डकारी उपाय अपनाई बनाई कार्यान्वयन गरिने छ,
- आधारभूत तहको विद्यालयमा शुरुमा भर्ना गर्न आवश्यक विवरण अभिलेखीकरण गर्ने दायित्व सम्बन्धित अभिभावक र विद्यालयको बनाउने र यसलाई पूर्णतया निःशुल्क गर्ने कार्यलाई कार्यान्वयन गरिने छ,

- टोलको स्थानीय बासिन्दाले आफ्नो सबभन्दा नजिकको विद्यालयमा अध्ययन गर्न चाहेको अवस्थासम्म विद्यालयले अवसर दिने व्यवस्था मिलाइने छ,
- न्यूनतम मापदण्ड नपुगेको विद्यालयमा स्रोत थप गर्ने तथा दिइरहेको स्रोतलाई अन्यत्र विद्यालयमा स्थानन्तरण गरी विद्यालयको सक्षमता वृद्धि गरिने छ,
- सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्ने र शिक्षकको खटनपटन गर्ने कार्यलाई पारदर्शी तबरबाट लागू गरिने छ,
- विद्यार्थी सङ्ख्या र विषयगत आधारमा निश्चित मापदण्डको आधारमा शिक्षकलाई वडा भित्रको विद्यालयमा खटनपटन वडाले र नगर भित्रको विद्यालयमा नगरकार्यपालिकाले गर्ने व्यवस्थालाई समयबद्ध तरिकाबाट कार्यान्वयन गरिने छ,
- कक्षा थप, तह वृद्धि अथवा कक्षा घटाउने, तह घटाउने अथवा विद्यालय नै अर्को विद्यालयमा समायोजन गर्ने कार्य हरेक ५ वर्षमा गर्ने कार्यलाई नियम र मापदण्डका आधारमा निश्चित समयावधिका बीचमा कार्यान्वयन गरी लागू गरिने छ,
- विद्यालय बाहिर पनि अस्थायी कक्षा सञ्चालन गरी आधारभूत तह (कक्षा १ देखि ३ सम्म) को शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सार्वजनिक भवन, अस्थायी टहरामा अस्थायी कक्षा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

## ४.४ आपत्कालीन तथा दैवीप्रकोपको अवस्थामा शिक्षा

### ४.४.१ परिचय

गैडाकोट नगरपालिका भूगोल र विकासात्मक अवस्थाबाट विविध विशेषता भएका क्षेत्रहरूको संगमस्थल हो । पहाडी भाग, नदीले जोडिएका भिराला र समतल भूभाग, राष्ट्रिय राजमार्गले जोडिएका बजार उन्मूख क्षेत्रहरू पर्ने भएकाले यहाँ फरक प्रकृतिका प्राकृतिक प्रकोपहरूले प्रभाव पार्न सक्ने सम्भावना रहेको छ । समयमै सम्भावित प्राकृतिका प्रकोपका घटनाहरूबाट बच्ने उपायहरू अपनाउँन आवश्यक छ भने सतर्कता अपनाउँदा पनि विपत् आइपर्न सक्छ । त्यस्तो अवस्थामा तत्काल वैकल्पिक तरिकाहरूबाट विद्यालय तथा शिक्षण क्रियाकलाप सञ्चालन गर्न आवश्यक योजना निर्माण गर्न आवश्यक छ । जुनसुकै तरिकाको आपत् आइपरे पनि त्यस्तो समस्याबाट उम्केर शैक्षिक कार्यक्रम सञ्चालन गर्न योजनामा सम्बोधन हुन तयारी गर्नुपर्ने अवस्था छ ।

### ४.४.२ वर्तमान अवस्था

हाल गैंडाकोट नगरपालिका भित्रका वडा नं. ३ र १८ का भूभागहरू पहाडी क्षेत्रमा पर्दछन् । यी स्थानहरूमा भएका विद्यालयहरूमा हावाहुरी तथा पहिरोले क्षति गर्ने सम्भावना बढी देखिन्छ भने अन्य वडामा हावाहुरी, भूकम्प, बाढी पहिरोले क्षति पुऱ्याउने सम्भावना रहेको देखिन्छ । अघिल्लो वर्ष एउटा विद्यालयमा हावाहुरीले छाना उडाएर क्षति पुऱ्याउँदा विद्यार्थीले घाम र पानीको प्रभावको कारणबाट नियमित अधययन गर्न पाएनन् । हामीसँग यस्तो कार्यक्रमको लागि बजेट नछुट्याएको हुँदा विद्यालयलाई तत्काल सहयोग गर्न सकिएन र विद्यार्थीको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्न सकिएन । अबको योजनाले यस्ता भैपरी आउने प्रकोपबाट कम क्षति हुने अवस्थाको सिर्जना गर्न तथा क्षति पुगी हालेमा तत्काल राहत र पुनर्स्थापनाका लागि सहयोग गर्न आवश्यक रणनीति र कार्यनीति बनाउन आवश्यक छ ।

### ४.४.३ उद्देश्य

विद्यालयमा हुन सक्ने सम्भावित प्रकोपबाट क्षति हुने अवस्थाको अन्त्य गर्न तथा क्षति भै हालेमा त्यसको पुनर्स्थापनाका लागि निम्नअनुसारका उद्देश्यहरू अवलम्बन गरिएका छन् :

- प्राकृतिक तथा दैवि प्रकोप हुन नदिन सजग रही कम भन्दा कम क्षति हुने अवस्था सिर्जना गर्नु,
- भौतिक क्षतिको कारणबाट शैक्षिक क्षति हुन नदिन सम्भावित उपायहरू अपनाउनु,
- प्राकृतिक प्रकोप तथा दैवि प्रकोपबाट हुन सक्ने सम्भावित शैक्षिक क्षतिको परिपूरण गर्नु,

### ४.४.४ रणनीतिहरू

- शिक्षक र विद्यालय उमेर समूहका विद्यार्थीहरूलाई अनिवार्य रूपमा प्राकृतिक तथा दैवि प्रकोप सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
- विद्यायल व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा भवन निर्माण समिति तथा सम्बद्ध अभिभावकलाई प्रकोप सम्बन्धी सचेतना सञ्चालन गर्ने,
- विद्यालयमै आपत्कालिन कोष स्थापना गर्न बीउ पूँजी उपलब्ध गराउने,
- आपत्कालीन अवस्थामा समुदायमा उपलब्ध स्रोत सामग्रीको अधिकतम उपयोग गर्ने स्थायी सन्यन्त्र तयार गर्ने,
- अस्थायी टहरा निर्माण गरी उपयोग गर्ने वा सार्वजनिक भवनको उपयोग गर्न समुदायमा समयमै समझदारी निर्माण गर्ने ।

### ४.४.५ कार्यनीतिहरू

- शैक्षिक सत्रको शुरुमै शिक्षक र विद्यालय उमेर समूहका विद्यार्थीहरूलाई अनिवार्य रूपमा प्राकृतिक तथा दैवि प्रकोप सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ,
- प्रत्येक वर्ष विद्यायल व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा भवन निर्माण समिति तथा सम्बद्ध अभिभावकलाई प्रकोप सम्बन्धी सचेतना सञ्चालन गरिने छ,
- विद्यालयमै आपत्कालिन कोष स्थापना गर्न बीउ पूँजी उपलब्ध गराई विभिन्न स्रोतबाट रकम संकलन गरी जोहो गरी राख्न विद्यालयलाई प्रेरित गरिने छ,
- आपत्कालीन अवस्थामा समुदायमा उपलब्ध स्रोत सामग्रीको अधिकतम उपयोग गर्न पूर्व कर्मचारी, शिक्षक तथा सेवा निवृत्त जनशक्तिको एउटा स्थायी सन्यन्त्र तयार गरिने छ,
- अस्थायी टहरा निर्माण गरी उपयोग गर्ने वा सार्वजनिक भवनको उपयोग गरी शिक्षण क्रियाकलाप सञ्चलन गर्न समुदायमा समयमै समझदारी निर्माण गरिने छ ।

# परिच्छेद ५

# सुशासन तथा व्यवस्थापन

## ५.१ सन्दर्भ र औचित्य

नेपालको संविधानमा शिक्षालाई जनताको मौलिक हकको रूपमा स्थापित गरिएको छ । संविधानमा उल्लेखित विषयलाई राज्यले प्रत्याभूत गर्नु यसको मूल मर्म हो । शिक्षा सेवाको पहुँच मात्र होइन आफूले खोजेको र रोजेको जस्तो शिक्षा पाउनु हरेक नागरिकको आधारभूत अधिकारभित्र पर्दछ । यसलाई सुनिश्चित गर्न शिक्षा सेवा भित्र सुशासन र सही व्यवस्थापनको प्रत्याभूति गर्न आवश्यक हुन्छ । शिक्षा योजना भित्र सुशासन तथा व्यवस्थापनको प्रबन्धले सेवा प्रवाहमा उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध, जवाफदेहिता, विधिको शासन, समता, सक्षमता, समावेशिता र व्यापक सहभागिताको सुनिश्चितता गरी यसका उद्देश्यहरू प्राप्ति गर्न सहयोग पुऱ्याउने संरचना तथा प्रक्रियाहरूको उचित प्रबन्ध हो भन्ने जनाउँदछ । सुशासनले शिक्षा सेवा प्रवाह गर्दा सरोकारवालाको सक्रिय सहभागिता र सहमतिमा पालिका तथा विद्यालयको दीर्घकालीलन सोच, उद्देश्य तया गरी योजना निर्माण तथा त्यसको चरणबद्ध कार्यान्वयन गरी प्रभावकारी नतिजा दिन सक्नु पर्दछ । यो कार्यको लागि विद्यालय शिक्षालाई विद्यालय तह तथा पालिका तहमा नै सही व्यवस्थापन गरी कार्यान्वयन गर्नु पर्दछ । विभिन्न तहका संस्थागत क्षमता विकास गरेर मात्र लक्ष्य प्राप्त गर्न सफल हुन सकिन्छ ।

## ५.२ संस्थागत क्षमता विकास

### ५.२.१ परिचय

वर्तमान परिवेशमा विद्यालय शिक्षालाई मुख्यत २ तहमा विभाजन गरिएको छ । आधारभूत तहमा बालविकास केन्द्र अर्थात पूर्व प्राथमिक कक्षा १ वर्ष, आधारभूत तहको शिक्षा कक्षा १ देखि ८ सम्म ८ वर्ष र माध्यमिक तहको  शिक्षा कक्षा ९ देखि १२ सम्म प्रदान गर्न विद्यालयहरू स्थापना र सञ्चालन भएका छन् । तहगत रूपमा फरक कक्षा रहे पनि विद्यालय सञ्चालन पूर्व प्राथमिक कक्षाबाट नै शुरु भएर विभिन्न कक्षाहरू सञ्चालन भएको अवस्था छ । विद्यालय सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनमा स्पष्ट उल्लेख भए पनि विद्यालय तहमा स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरूको समायोजन स्थानीयत तहमा भएको छैन । गैंडाकोटमा सामुदायिक विद्यालयको हाराहारीमा संस्थागत विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरू छन् । तर सबै विद्यालयमा अनुगमन तथा सुपरीवेक्षण गर्ने जनशक्ति पालिकामा अभाव छ । शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका लागि केन्द्र तथा प्रदेश स्तरमा भएका संस्थाहरूले सघन रूपमा कार्यक्रम दिन सकेका छैनन् । स्थानीय तहबाट दिने तालिम तथा क्षमता विकासका कार्यक्रमको मान्यता कहाँबाट गर्ने भन्ने विषयमा अन्यौलता छ ।

### ५.२.२ वर्तमान अवस्था

हाल गैंडाकोट नगरपालिकामा पूर्व प्राथमिक कक्षामा अध्ययनरत बालक र बालिकाको सङ्ख्या क्रमशः २४१० र १९७७ गरी जम्मा ४३८७ जना छन् । कक्षा १ देखि ५ सम्म छात्र ४४४९  छात्रा ३६९५ गरी जम्मा ८१४४ जना रहेका छन् । कक्षा ६ देखि ८ सम्म छात्र २७५५ र छात्रा २२६५ गरी जम्मा ५०२० जना रहेका छन् । यो सङ्ख्या ९ देखि १० मा क्रमशः १३३६ छात्र ११८३ छात्रा गरी जम्मा

२५१९ रहेका छन् । त्यसै गरी कक्षा ११ देखि १२ मा छात्र १८३९ र छात्रा १५६२ गरी जम्मा ३४०१ रहेका छन् । यी विद्यार्थीहरूलाई मध्ये आधा जति सामुदायिक र आधा जति संस्थागत विद्यालयमा छन् । यिनीहरूलाई सेवा प्रवाह गर्ने जनशक्ति मध्ये बालविकास केन्द्रका सहजकर्ता ४३ जना, प्राथमिक विद्यालयमा २६० जना, निम्न माध्यमिक तहमा ५० जना र माध्यमिक तहमा ४४ र उच्च माध्यमिक तहमा १४ गरी जम्मा ३६८ जना शिक्षकहरू विभिन्न प्रकारका सरकारी स्रोतबाट तलब भत्ता प्राप्त गर्ने दरबन्दीमा रही कार्यरत रहेका छन् । सामुदायिक विद्यालय ३५, धार्मिक विद्यालय ५ र संस्थागत विद्यालय २० गरी जम्मा ६० ओटा विद्यालयको नजिकबाट सुपरीवेक्षण, अनुगमन गर्ने जनशक्ति जम्मा ३ जना रहेको छ । संगठन संरचना अनुसार यी ३ जनामा पनि सङ्गठन संरचना अनुसार नीति नियम तथा योजना निर्माण र निर्णायक तहमा काम गर्ने दशौं तहको एक जना शिक्षा सेवाको कर्मचारी, विद्यालय निरीक्षण तथा सुपरीवेक्षणका लागि छैंटौं तहको अधिकृत स्तरको एकजना कर्मचारी र कार्यालय अभिलेख र व्यवस्थापनमा एक जना सहायक स्तरको कर्मचारीको मात्र प्रबन्ध भएकाले विद्यालयमा प्राविधिक सहयोग गर्ने जनशक्तिको अत्यन्त अभाव रहेको छ । अझ युवाको क्षेत्र र खेलकूद क्षेत्र तर्फ दत्तचित्त भएर लाग्नु पर्ने कर्मचारीको व्यवस्था नभएको कारणले शिक्षा, युवा तथा खेलकूद शाखा नै शिक्षा शाखाको रूपमा चिनिन पुगेको छ । विद्यालय मात्र हेर्ने गरी इन्जिनियर तथा लेखाको कर्मचारीको आवश्यकता छ तर व्यवस्था गर्न सकिएको छैन ।

सेवा प्रवाहको क्षेत्रमा फर्केर हेर्दा सबै बालविकास केन्द्रमा परिवर्तित व्यवस्था अनुसार योग्यता पुगेको सहजकर्ता नियुक्ति गर्न सकिएको छैन । सबै विद्यालयमा विद्यार्थी सङ्ख्या अनुसार सङ्ख्यात्मक तथा विषयगत रूपमा न्यायोचित तवरबाट शिक्षक दरबन्दी वितरण गर्न सकिएको छैन । सबै विद्यालयमा निमित्त प्रधानाध्यापकबाट कार्य गराइरहेको अवस्था छ । कम्तीमा माध्यमिक विद्यालयहरूमा अत्यन्त आवश्यक खेलकूद शिक्षकको व्यवस्था गर्न सकिएको छैन । जनशक्तिको उचित प्रबन्ध गर्न आवश्यक कानुन तथा नियमहरूको अभावलाई पूर्ति गर्न आवश्यक छ र त्यसले सम्बोधन गर्ने विषयलाई कार्यरूपमा उतार्न उपयुक्त स्रोत साधनको जोहो गर्नु त्यतिकै चुनौती र अवसर पनि उपलब्ध छ ।

### ५.२.३ उद्देश्यहरू

- सबै विद्यालयमा नियमित निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्ने आवश्यक जनशक्तिको व्यवास्था गर्नु,
- विद्यालयमा तहगत रूपमा पूर्णकालीन प्रधानाध्यपकको व्यवस्था गर्नु,
- सबै विद्यालयमा सङ्ख्यात्मक तथा विषयगत रूपमा शिक्षक दरबन्दी र बालविकास सहजकर्ताको व्यवस्था गर्नु,
- विद्यालयको आर्थिक प्रणाली हेर्ने छुट्टै संयन्त्र विकास गरी आर्थिक क्रियाकलाप पारदर्शी बनाउनु,
- विद्यालयको चुस्त दुरुस्त व्यवस्थापकीय प्रबन्धका लागि आवश्क स्रोत साधनको व्यवस्थापन गर्नु ।
- पेशाप्रति प्रतिबद्ध शिक्षक तथा कर्मचारीको व्यवस्थित परिचालन गर्नु

### ५.२.४ रणनीतिहरू

- व्यवस्थापन सर्वेक्षण गरी शिक्षा, युवा तथा खेलकूद शाखामा आवश्यक जनशक्तिको व्यवास्था गर्ने,

- व्यवस्थापन सर्वेक्षण गरी पालिकाको थप दरबन्दी सिर्जना गरी अनुमोदन गराउने,
- सबै विद्यालयमा नियमानुसार सबल प्राज्ञिक तथा व्यवस्थपकीय नेतृत्व भएको पूर्णकालीन प्रधानाध्यापकको व्यवस्था गर्ने,
- शिक्षक दरबन्दीको पुनरावलोकन हरेक २ वर्षमा गर्ने र सङ्ख्यात्मक तथा विषयगत रूपमा हरेक विद्यालयमा मापदण्डका आधारमा समन्यायिक रूपमा वितरण गर्ने,
- विद्यालय क्लष्टर खडा गरी आर्थिक तथा भौतिक व्यवस्थाको नियमन गर्न आवश्यक संयन्त्र खडा गरी परिचालन गर्ने,
- विद्यालयमा अनिवार्य र निःशुल्क शिक्षा लागू गर्न आफ्नो अलग्गै कार्यविधि निर्माण गरी कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,
- कार्यक्रम कार्यान्वयनको समीक्षा तथा योजना प्रगतिका लागि मूल्याङ्कन सूचक बनाई कार्यान्वयन गर्ने ।
- पेशागत आचरण र व्यक्तिगत व्यवहार पालनाको सूचक बनाई शिक्षक तथा कर्मचारीलाई नतिजाउन्मुख कार्यसम्पादनका आधारमा प्रोत्साहित गर्ने ।

### ५.२.५ कार्यनीतिहरू

- शिक्षा सम्बद्ध कार्यहरू सूचारु गर्न आवश्यक जनशक्तिको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey ) गरिने छ,
- संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट प्राप्त सुझावको कार्यान्वयन गरिने छ,
- पूर्णकालिन प्रधानाध्यापकको नियुक्ति गर्न आवश्यक कानुनको निमार्ण गरी क्रमशः कार्यान्वयन गरिने छ,
- विद्यालय समायोजन तथा तह तथा कक्षा मिलान गरी मापदण्डका आधारमा विद्यालयमा पर्याप्त दरबन्दी वितरण गरिने छ,
- शिक्षक र प्रधानाध्यापकले अध्यापन गराउने समयको स्पष्ट खाका तयार गरी अनिवार्य कार्यान्वयन गरिने छ,
- विद्यालयको क्लष्टर निर्माण गरी आर्थिक र भौतिक प्रगतिको अनुगमन तथा निरीक्षणका लागि थप जनशक्ति परिचालन गर्ने प्रबन्ध गरिने छ,
- योजनाको अन्तसम्म कक्षा ८ सम्म अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन पूर्णरूपमा गरिने छ,
- योजनामा उल्लेखित कार्यक्रमबाट उद्देश्य प्राप्तिका लागि आवश्यक पृष्ठपोषण दिन र थप श्रोत विनियोजन तथा स्रोत कटाउन अधिकार सम्पन्न अनुगमन संयन्त्र स्थापना छ,
- योजनाको सही मूल्याङ्कनका लागि विश्वसनीय सूचकहरूको विकास गरी त्यसको अभिलेखीकरण गरी नतिजालाई नीतिमा आवद्ध गरिने छ,
- पेशागत तथा व्यक्तिगत आचार संहिता निर्माण गरी शिक्षक कर्मचारीको कार्य सम्पादनलाई नतिजा केन्द्रित बनाइने छ,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षक कर्मचारीको कार्यसम्पादनको आधार बनाइने छ ।

### ५.३ योजना कार्यान्वयन प्रबन्ध तथा अनुगमन मूल्याङ्कन

#### ५.३.१ परिचय

योजनामा संविधानले परिलक्षित गरेका शैक्षिक अधिकार तथा सेवाका विषय, राष्ट्रिय आवधिक तथा दीर्घकालीन योजना तथा परियोजनाहरूमा समावेश भएका मूलभूत शैक्षिक पक्षहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा व्यक्त भएका प्रतिबद्धताहरू, पालिकाले जनतासमक्ष गरेका प्रतिबद्धताहरू, समुदाय तहमा जनताका भावना तथा अपेक्षाहरू समेटिएका हुन्छन् । यी सबै विषयलाई पूरा गर्न एक पटक र एक ठाउँको प्रयासले मात्र साकार रूप लिन कठिन हुन्छ । तर पनि  स्थानीय सरकारको अगुवाई र समाजका बहुपक्षीय कर्ताहरूको आपसी समन्वय तथा सहकार्यबाट हामीले तय गरेका योजनाका लक्ष्य तथा उद्देश्यहरू पुरा गर्न सक्षम हुने अवसर छ । यसलाई साकार पार्न कार्यान्वयनको खाका, यसको कार्यान्वयनका दौरानबाट नै गरिने अनुगमन र मूल्याङ्कनको प्रभावकारी प्रबन्ध आवश्यक हुन्छ । योजना कार्यान्वयन गर्दा यसको दीगोपन, प्रभावकारिता र कार्यकुशलतालाई सँगसँगै लैजानु पर्दछ ।

योजना निर्माण भैसके पछि मस्यौदालाई योजना निर्माणको चरण देखि कार्यान्वयन तहसम्मको पूर्ण विवरणको सन्धर्भमा सरोकारावालालाई जानकारी गराउने र थप सुझाव समेत सङ्कलन गरी कार्यान्वयनको ढाँचा तथा अनुगमन र मूल्याङ्कनको प्रणालीलाई स्थापित गर्न सर्वस्वीकार्यता प्राप्त गर्न आवश्यक छ ।

#### ५.३.२ वर्तमान अवस्था

पालिकाबाट विद्यालयलाई सेवा प्रदान गर्ने जनशक्तिको सङ्ख्यामा कमी भएकोले यसलाई पूर्ति गर्न ठूलो चुनौतीको रूपमा रहेको छ । हालसम्म कार्यपालिकबाट प्राप्त बजेट सिलिङ्गको आधारमा वार्षिक कार्यक्रम बन्ने र हरेक वर्ष यो क्रम दोहोरिरहने अवस्था थियो । वार्षिक कार्यक्रम तयार गर्दा शिक्षकहरूको प्रतिनिधित्व गर्दै प्रधानाध्यापकको राय सल्लाह, शाखाको अनुभव र दृष्टिकोणको आधार तथा सामाजिक विषयगत समितिमा पेश गर्दा प्राप्त भएको सर्वस्वीकार्यताको आधार लिने गरिएको थियो । यो पहिलो पाँच वर्षीय आवधिक योजनामा व्यक्त भएका उद्देश्य र लक्ष्यहरूलाई नै कार्यन्वयनमा ल्याई नतिजा दिन थुप्रो कानुनी जटीलता तथा स्रोतको व्यवस्थापन गर्न चुनौतीको रूपमा रहेको छ । आर्थिक स्रोतको व्यवस्थापन गर्दा होस् अथवा अन्य भौतिक पूर्वाधार र शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि गरिने कार्यक्रमको स्वीकार्यता अनिवार्य शर्त हो । अपेक्षा ठुला गर्ने तर त्यस्तो अपेक्षा पूरा गर्न स्रोत जुटाउन सकिएन भने हाम्रा योजना योजनामा नै सीमित हुने जोखिम रहन सक्छ ।

#### ५.३.३ उद्देश्यहरू

- आवधिक योजनाले दिशा निर्देश गरे अनुसार कार्यक्रम कार्यान्वयन भई नतिजा सुनिश्चित गर्नु
- योजनाले अपेक्षा गरेका सूचकहरूमा सुधार भएको सुनिश्चित गर्नु ।

#### ५.३.४ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानलाई योजनाका कार्यक्रममा आवद्ध गराउने,

- स्थानीय तहको स्रोतबाट खर्च गर्ने कार्यक्रमलाई हरेक वर्ष प्राप्त हुने सुनिश्चितता गराउन आवश्यकताअनुसार कानुन, नियम तथा कार्यविधि तथा विस्तृत कार्यक्रम तयार गर्ने,
- कार्यक्रम कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन बमोजिम समयमै खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्ने,
- केन्द्रीय तहमा सञ्चालनमा रहेको EMIS प्रणालीमा सम्पूर्ण शैक्षिक तथ्याङ्कलाई अद्यावधिक गर्ने,
- विद्यालय तहमा निर्माण हुने विद्यालय सुधार योजना निर्माण गर्दा पालिकाको आवधिक योजनालाई आधारको रूपमा लिने व्यवस्थालाई कार्यान्वयन गर्ने,
- शैक्षिक कार्यक्रममा सम्लग्न हुन चाहने अन्य सरकारी तथा गैर सरकारी संस्थाको कार्यक्रमलाई एकद्वार प्रणाली मार्फत कार्यान्वयन गर्ने,
- कार्यक्रम कार्यान्वयन हुने पालिका तथा विद्यालयका कार्यक्रमको कार्यान्वयनको समयमै पृष्ठपोषण र भविष्यमा सुधारका लागि संयन्त्र तयार गरी कार्यान्वयन गर्ने,

### ५.३.५ कार्यनीतिहरू

- वार्षिक कार्यक्रम तथा योजनालाई आवधिक योजनाको एक अङ्गको रूपमा विकास गरिने छ,
- पालिकाबाट निर्माण तथा कार्यान्वयन गर्ने कार्यक्रमका लागि श्रोत विनियोजन गर्न आवश्यक ऐन कानुन र मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ,
- शाखागत कार्य सम्पादन गर्न स्थानीय सरकार सञ्चालन ऐन बमोजिम अख्तियारी समयमै विनियोजन गरिने छ,
- विद्यालय भित्रका सम्पूर्ण शैक्षिक तथ्याङ्क विद्यालय मार्फत र विद्यालय बाहिरका शैक्षिक तथ्याङ्क सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरी अद्यावधिक गरिने छ,
- विद्यालय सुधार योजना र आवधिक योजनालाई आवद्ध गर्ने प्रणालीको विकास गरिने छ,
- शैक्षिक कार्यक्रममा सहयोग गर्न चाहने संस्थाहरूसँग सहकार्य र समन्वय गर्न आवश्यक कानुनी तथा कार्यक्रमगत प्रबन्ध मिलाइने छ,
- अनुगमन तथा मूल्याङ्कनका लागि बलियो संयान्त्र परिचालन गरिने छ,
- अनुगमन तथा मूल्याङ्कन संयन्त्रबाट प्राप्त प्रतिवेदन तथा अध्ययन निश्कर्षलाई नीतिगत पृष्ठपोषणको आधार मानिनेछ,
- योजनाको सही मूल्याङ्कनका लागि विश्वसनीय सूचकहरूको विकास गरी त्यसको अभिलेखीकरण गरी नतिजालाई नीतिमा आवद्ध गरिने छ ।

# परिच्छेद ६

# लगानी र श्रोत व्यवस्थापन

## ५.१ सन्दर्भ र औचित्य

मौलिक हकको रूपमा स्थापित शिक्षाको अधिकारलाई नेपालको संविधानले कानुनमा व्यवस्था गरेर प्रत्याभूत गर्न सकिन्छ भनेर स्पष्ट पारेको छ । अर्थात मौलिक हकको कार्यान्वयनको लागि समेत जनतालाई प्रत्याभूति गराउन नेपाल सरकारले थप तयारी गर्न पर्ने अवस्था छ भन्ने कुराको स्वीकारोक्ति हो । सेवा प्रवाह राम्रो गराउन मूलतः दुई कुराको सुनिश्चितता आवश्यक छ । पहिलो, भौतिक पूर्वाधार अनुकूल र सुविधियुक्त हुन आवश्यक छ । दोस्रो, सेवा प्रदान गर्ने मानव संशाधन गुणस्तरीय हुन आवश्यक छ । यी दुवै क्षेत्रमा पर्याप्त ध्यान पुर्‍याउन नसक्दा हामीले बनाएका नीति नियम तथा कार्यक्रमहरू र समष्टिमा योजनाहरू सफल हुन सकदैनन् । नेपालमा राम्रा योजना बन्छन् तर ती योजनाहरूले आशातीत सफलता प्राप्त गर्न सक्दैनन् भन्ने भनाइलाई चरितार्थ गरी नै रहेका हुन्छन् । त्यो कुरालाई सम्बोधन गर्न यथेष्ट लगानी र आवश्यक स्रोतको व्यवस्थापन गर्नु पर्दछ ।

## ६.२ लगानी र स्रोत प्रबन्ध

### ६.२.१ परिचय

विद्यालय तहमा वितरण हुने ठूलो मात्राको रकम सशर्त अनुदानको रूपमा सङ्घीय सरकारबाट प्राप्त हुन्छ । यसको ठूलो हिस्सा शिक्षक तथा कर्मचारीको तलब सुविधामा वितरण हुन्छ । केही विद्यालयहरूका लागि कार्यक्रममा आधारित भौतिक पूर्वाधारको विकासका लागि रकम वितरण पालिका स्तरबाट हुन्छ । धेरै नगण्य रूपमा शिक्षण सिकाइको सुधार र शिक्षकको वृत्ति विकासका लागि रकम छुट्याइएको हुन्छ । सूचना प्रविधिको विकास र प्रयोगका लागि, विद्यालय सञ्चालन गर्दा अनिवार्य रूपमा खर्च हुने शीर्षकमा आउने रकम कार्यक्रमगत रूपमा आउने भएकाले यसको अंश पनि धेरै नै नगण्य अवस्थाको छ । स्थानीय तहबाट तय गरिएका कार्यक्रमका लागि विद्यालयमा सिधै निकासा हुने रकम पर्याप्त नै छ । तर विद्यालयको सञ्चालन खर्चका लागि स्थिर खर्चका आधार तय नभएको हुनाले लगानीको लागि विभिन्न स्रोतको खोजी गर्न विद्यालयहरू बाध्य छन् । विद्यालय विकासका लागि कुन विशेष क्षेत्रमा कति रकम विनियोजन गर्दा भनेअनुसारको उपलब्धि हासिल हुने हो भन्नेमा स्पष्टता नभएकाले विद्यालयहरूमा पर्याप्त लगानी हुन सकेको छैन र यसको व्यवस्थापन पनि सही तबरबाट हुन सकेको छैन । लगानी र स्रोत व्यवस्थापनको  सुनिश्चितताका लागि समेत योजनामा उल्लेख गर्नु पर्दछ ।

### ६.२.२ वर्तमान अवस्था

हाल गैंडाकोट नगरपालिकामा पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्म सञ्चालित सामुदायिक विद्यालय तथा कक्षा ६ भन्दा माथि धार्मिक विद्यालयमा सरकारी तहबाट लगानी हुँदै आएको छ । धार्मिक विद्यालयमा तहगत रूपमा अनुदानको नाममा एकमुष्ट रकम विनियोजन हुने गर्दछ । ती विद्यालयको व्यवस्थापकीय खर्च तथा शिक्षक कर्मचारीको तलबको रूपमा यो रकम खर्च हुने गर्दछ । प्रदेश तथा संघबाट प्राप्त हुने अनुदानबाट केही भौतिक पूर्वाधारको विकासका लागि कार्यहरू समेत हुने गर्दछ । सामुदायिक विद्यालयमा भने शसर्त अनुदानको रूपमा ठूलो मात्रमा तलबभत्ताको लागि

खर्च हुने गरेको छ । अन्य रकममा विद्यार्थीको पाठ्यपुस्तक, छात्रवृत्ति, दिवाखाजा, स्यानीटरी प्याड आदिमा नियमित रूपमा अनुदान प्राप्त हुन्छ । विद्यालयमा पर्ने प्रशासनिक खर्चका लागि विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, प्रति विद्यार्थी लागताका आधारमा सिकाइ सामग्री तथा डिजीटल सिकाई सामाग्री व्यवस्थाका लागि अनुदान, निश्चित विद्यालयमा विषयगत (अंग्रेजी, विज्ञान र गणित) शिक्षण अनुदान शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तथा विद्यार्थी परीक्षणका लागि कार्यक्रम, प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आदि नाममा विद्यालय सिधै रकम अथवा कार्यक्रमको रूपमा लगानी हुँदै आएको छ । स्थानीय तहबाट समेत विद्यालय व्यवस्थापनका लागि अनुदान, विषयगत समिति निर्माण तथा परिचालन, स्थानीय पाठ्यक्रम कार्यान्वयन, निःशुल्क शिक्षा व्यवस्थापनका लागि प्रोत्साहन अनुदानका लागि विद्यालयमा लगानी गरेको अवस्था छ । शिक्षा ऐन निर्माण भए पनि त्यसले देखाएका नीतिगत विषयलाई कार्यान्वयन गर्न आवश्यक कानूनहरूको अभावमा विद्यालयमा प्रत्येक क्षेत्रमा सूचक निर्माण गर्न सकिएको अवस्था छैन । नीतिलाई कार्यन्वयन गर्न कार्यक्रम निर्माण गर्न समेत लगानी गर्नु पर्ने विषयहरू थुप्रै रहेका छन् ।

### ६.२.३ उद्देश्यहरू

- नगर भित्रका विद्यालय उमेर समूहका सबैलाई गुणस्तरीय र्शिक्षाको पहुँच पुऱ्याउन आवश्यक भौतिक पूर्वाधारको सुनिश्चितता गर्नु,
- जनातालाई गुणस्तरीय शिक्षाको उपलब्धता, पहुँचता, ग्रहणशीलता र अनुकूलनका लागि विद्यालयमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लाीग आवश्यक स्रोतको पहिचान र प्रक्षेपण गर्नु,
- उपलब्ध हुन सक्ने स्रोतबाट कार्यक्रम प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु,
- कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी नतिजा सुनिश्चित गर्नु ।

### ६.२.४ रणनीतिहरू

- विद्यालयमा लगानी गर्नु पर्ने विषय क्षेत्रहरू पहिचान गरी सूचक तयार गर्ने,
- तयार गरिएका सूचकहरूमा सङ्घीय तथा प्रदेश सरकारले गर्ने लगानीको अनुपातमा थप गर्नु पर्ने लगानीका क्षेत्रको पहिचान गरी आफ्नो स्रोतबाट लगानी वृद्धि गर्ने,
- विद्यालयको उपलब्धता पहुँचता, ग्रहणशीलता र अनुकूलनताका लागि विद्यालयमा पूर्वाधार, सुविधा र सिकाइ क्रियाकलापको प्रभावकारिता अभिवृद्धि गर्ने,
- योजनामा समावेश भएका कार्यक्रमलाई पाँच वर्षसम्म निरन्तरता दिई नतिजा सुनिश्चित गर्न पालिकाको वार्षिक बजेटको कम्तीमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि विनियोजन गर्ने,
- कुनै पनि विद्यालयका लागि वडाबाट अलग्गै लगानी गर्नु पर्ने भएमा नगरपालिकाबाट अनुमति लिएर मात्र कार्यक्रम प्रस्ताव गरेर मात्र गर्ने ,
- मापदण्डका आधारमा मात्र खर्च गर्ने प्रणालीको विकास गरी प्रतिवेदन पश्चात थप कार्यक्रममा खर्च गर्न पाउने व्यवस्थागर्ने,

- व्यक्ति, समाज, सरकारी तथा गैर सरकारी संस्थाको सहकार्यमा लागत साझेदारीका कार्यक्रमहरू गर्ने,
- प्राथमिकताका आधारमा छनौट भएका विद्यालयमा छनोट भएका कार्यक्रममा मात्र समानुपातिक रूपमा लगानी गर्ने,
- कार्यक्रमको प्रभावकारिताको लागि अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई बलियो बनाउने र यसको प्रतिवेदनलाई भविष्यको कार्यक्रमलाई प्रभावकारी बनाउने विश्वासनीय वातावरण तयार गर्ने,
- वित्तीय व्यवस्थापन तथा लेखा प्रणालीको क्षमता अभिवृद्धि गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।

### ६.२.५ कार्यनीतिहरू

- विद्यालयमा हुनु पर्ने न्यूनतम सेवाग्राही र सेवा प्रदायकको अनुपात कायम गरी उनीहरूबाट गुणस्तरीय शिक्षा सेवा प्रवाहका लागि आवश्यक समन्यायिक मापदण्ड तयार गरिने छ,
- मापदण्ड सँगै अर्थिक अवस्था र भौगोलिक विकटतालाई आधार लिइ लगाली तथा स्रोत विनियोजन गरिने छ,
- विद्यालयको उपलब्धता पहुँचता, ग्रहणशीलता र अनुकूलनताका लागि विद्यालयमा पूर्वाधार, सुविधा र सिकाइ क्रियाकलापको प्रभावकारिताका लागि लगानी बढाउन पालिकाको वार्षिक बजेटको कम्तीमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि विनियोजन गर्ने नीति लिइनेछ,
- विद्यालयमा लगानी गर्नु पर्ने विषयहरू एकद्वार प्रणालीबाट लागू गरिने छ,
- मापदण्ड र सूचकका आधारमा नतिजा केन्द्रित खर्च प्रणालीको विकास गरिने छ,
- विद्यालयमा लगानी गर्न (परोपकारी अनुदानको रूपमा लगानी समेत) एकद्वार प्रणालीको विकास गरिने छ,
- आर्थिक स्तर, भौगोलिक विकटतालाई विशेष प्राथमिकता दिई समन्यायिक रूपमा स्रोत विनियोजन तथा थप लगानीको सुनिश्चित गरिने छ,
- अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई प्रभावकारी बनाउन थप लगानी तथा विश्वासनीय वातावरण तयार गरिने छ,
- विद्यालयको वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउन आवश्यक नीतिगत तथा व्यवहारिक कार्यविधि तयार गरी लागू गरिने छ ।

## ६.३ योजना कार्यान्वयन प्रबन्ध तथा अनुगमन मूल्याङ्कन

### ६.३..१ परिचय

योजनामा समावेश भएका जनताका अपेक्षा तथा नगरपालिकाले लिएका अठोटलाई पूरा गर्न दुइ ओटा कुराहरूको समन्वय तथा सन्तुलन हुन आवश्यक छ । पहिलो ती अपेक्षा र अठोटको सही सम्बोधन हुन आवश्यक छ । यसका लागि सही मापण्डको विकास र सूचकको पहिचान पहिलो शर्त हो । दोस्रो शर्त भनेको ती मापदण्ड पूरा गर्न आवश्यक कार्यक्रमको कार्यान्वयन र नतिजाको सुनिश्चितता हो ।

नतिजा सुनिश्चितता हुनका लागि हामीले गर्ने लगानी सही ठाउँमा सही कामको लागि निर्धारित हुनु पर्दछ ।

### ६.३.२ वर्तमान अवस्था

नेपाल सरकारबाट प्राप्त भएको सशर्त अनुदानलाई राष्ट्रिय तहमा तय भएका योजना तथा कार्यक्रम पूरा गर्ने उद्देश्यबाट निर्देशित हुन्छन् । कतिपय विषयहरू स्थानीय तहबाट अपेक्षा गरेका विषय नै त्यहाँ समेटिएका हुन सक्छन् । अहिले पालिकाबाट निर्धारण भएका स्थानीय कार्यक्रमहरू विगतका कार्यक्रमको निरन्तरताको रूपमा रहेका छन् । शिक्षामा समन्यायिक पहुँच र गुणस्तरियतामा समान प्रत्याभूतिका लागि थप लगानी गर्न योजनाबद्ध कार्यक्रमको आवश्यकता छ । यो योजनाले ती आवश्यकतालाई परिपूर्ति गर्न सक्दछ भन्ने विश्वास लिइएको छ ।

### ६.३.३ उद्देश्यहरू

- आवधिक योजनाले दिशा निर्देश गरे अनुसार कार्यक्रम कार्यान्वयन गर्न स्रोत र लगानीको सुनिश्चित गर्नु
- योजनाले अपेक्षा गरेका सूचकहरूमा सुधार भएको सुनिश्चित गर्नु ।

### ५.३.४ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानले पूरा गर्ने कार्यक्रम र अन्य कार्यक्रमलाई कार्यान्वयन गर्न स्रोतको सुनिश्चितता गर्ने
- स्थानीय तहको स्रोतबाट खर्च गर्ने कार्यक्रमलाई हरेक वर्ष प्राप्त हुने स्रोत तथा लगानीको सुनिश्चितता गराउन आवश्यकता अनुसार कानुन, नियम तथा कार्यविधि तथा विस्तृत कार्यक्रम तयार गर्ने,
- कार्यक्रम कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन बमोजिम समयमै खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्ने,
- केन्द्रीय तहमा सञ्चालनमा रहेको EMIS प्रणालीमा सम्पूर्ण शैक्षिक तथ्याङ्कलाई अद्यावधिक गर्ने,
- विद्यालय तहमा निर्माण हुने विद्यालय सुधार योजना निर्माण गर्दा पालिकाको आवधिक योजनालाई आधारको रूपमा लिने व्यवस्थालाई कार्यान्वयन गर्ने,
- शैक्षिक कार्यक्रममा सम्लग्न हुन चाहने अन्य सरकारी तथा गैर सरकारी संस्थाको कार्यक्रमलाई एकद्वार प्रणाली मार्फत कार्यान्वयन गर्ने,
- कार्यक्रम कार्यान्वयन हुने पालिका तथा विद्यालयका कार्यक्रमको कार्यान्वयनको समयमै पृष्ठपोषण र भविष्यमा सुधारका लागि संयन्त्र तयार गरी कार्यान्वयन गर्ने,

### ६.३.५ कार्यनीतिहरू

- वार्षिक कार्यक्रम तथा योजनालाई आवधिक योजनाको एक अङ्गको रूपमा विकास गरिने छ,
- पालिकाबाट निर्माण तथा कार्यान्वयन गर्ने कार्यक्रमका लागि स्रोत विनियोजन गर्न आवश्यक ऐन कानुन र मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ,

- शाखागत कार्य सम्पादन गर्न स्थानीय सरकार सञ्चालन ऐन बमोजिम अख्तियारी समयमै विनियोजन गरिने छ,
- विद्यालय भित्रका सम्पूर्ण शैक्षिक तथ्याङ्क विद्यालय मार्फत र विद्यालय बाहिरका शैक्षिक तथ्याङ्क सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरी अद्यावधिक गरिने छ,
- विद्यालय सुधार योजना र आवधिक योजनालाई आवद्ध गर्ने प्रणालीको विकास गरिने छ,
- शैक्षिक कार्यक्रममा सहयोग गर्न चाहने संस्थाहरूसँग सहकार्य र समन्वय गर्न आवश्यक कानुनी तथा कार्यक्रमगत प्रबन्ध मिलाइने छ,
- स्रोत तथा लगानीको सही सदुपयोग भए नभएको एकीन गर्न अनुगमन तथा मूल्याङ्कनका लागि बलियो संयान्त्र परिचालन गरिने छ ।

# परिच्छेद ७

# प्रमुख क्रियाकलाप र नतिजा तथा उपलब्धि सूचकहरू

## ७.१ सन्दर्भ र औचित्य

यो परिच्छेदमा गैँडाकोट नगरपालिकाले विद्यालय शिक्षाको क्षेत्रमा आगमी पाँच वर्ष भित्र गर्ने विभिन्न कार्यक्रमहरू, ती कार्यक्रमको अन्तर्यमा रहेका विविध क्रियाकलापहरू, ती कार्यक्रम तथा क्रियाकलापबाट हासिल गर्न खोजिएका उद्देश्यहरू समेतलाई उल्लेख गरिएको छ। प्रत्येक उद्देश्यमा अन्तरनिहित रणनीति र कार्यनीति तथा कार्यक्रममा एकै ढाँचाका लक्ष्य तथा सूचकहरू निर्धारण गर्न सकिँदैन । यो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्र योजनाले जोड दिएका मुख्य मुख्य कार्यसम्पादन सूचकहरू हाम्रो परिवेश र अवस्थाअनुसार निर्धारण गरी प्रस्तुत गरिएको छ । योजनाले राखेका दुरदृक्ष्टि, लक्ष्य तथा क्रियाकलाप र तिनीहरूको उपलब्धिलाई मान्यताप्राप्त सूचकका आधारमा अङ्कन गर्न आवश्यक भएकोले सूचकहरूको अवस्थालाई योजनाको लक्ष्य, उपलब्धि, प्रमुख क्रियाकलाप र नतिजा तथा उपलब्धि सूचकका आधारमा तालिकामा प्रस्तुत गरिएको छ । तालिकामा आएको परिवर्तनबाट आगामी ५ वर्षको अन्तमा हाम्रो प्रगतिको लेखाजोजा हुन सक्दछ ।

## ७.२ दीर्घकालीन सोच अनुसार शिक्षा क्षेत्रका प्रमुख कार्यक्रमहरूमा सम्भावित रूपान्तरणको तालिका

| **क्र.सं.** | **प्रमुख क्षेत्र र अन्तर्गतका कार्यक्रमहरू** | लक्ष्य | | | | | **जेखिम** |
|---|---|---|---|---|---|---|---|
| १ | **शिशु स्याहार केन्द्र** | २०८१ | २०८२ | २०८३ | २०८४ | **२०८५** | |
| १.१ | **शिशु स्याहार केन्द्रको मापदण्ड निर्धारण** | √ | | | | | |
| १.२ | **शिशु स्याहार केन्द्रको स्थापना** | | √ | √ | √ | | |
| १.३ | **शिशु स्याहार केन्द्रका सहजकर्ताको अनुमति पत्रको व्यवस्था** | | √ | √ | √ | √ | |
| २ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| २.१ | **प्रारम्भिक बालविकास केन्द्रको मापदण्ड निर्धारण** | √ | | | | | |
| २.२ | प्रारम्भिक बालविकास सहजकर्ताको लाइसेन्सको प्रबन्ध | | | √ | √ | √ | |
| २.३ | प्रारम्भिक बालविकास केन्द्रको स्तर निर्धारण | | √ | | | | |
| ३. | आधारभूत शिक्षा कक्षा (कक्षा १-८) | | | | | | |
| ३.१ | आधारभूत विद्यालयको तह निर्धारण मापदण्ड विकास र समायोजन | √ | √ | | | | |
| ३.२ | सामुदायिक विद्यालयमा आधारभूत तहको शिक्षा निःशुल्क | कक्षा ५ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | |
| ३.३ | कक्षा ४ देखि ८ सम्म विषयगत शिक्षकको व्यवस्था | | तह ३ | तह ४ | तह ४ | तह ४ | |
| ३.४ | विद्यालयमा विषयगत प्रयोगशालाको स्थापना र विकास | √ | √ | √ | √ | √ | |
| ३.५ | विद्यार्थीको सिकाइ उपलब्धि, आचार संहिता पालनाका आधारमा शिक्षकको क्षमता विकास र वृत्ति विकासका अवसर प्रदान | √ | √ | √ | √ | √ | |
| ३.६ | शिक्षकको अनुसान्धानात्मक कार्यमा प्रोत्साहन | √ | √ | √ | √ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.७ | विद्यालयको मागका आधारमा मातृभाषामा शिक्षा | | | कक्षा १ | कक्ष २ | कक्ष ३ | |
| ३.८ | विद्यालयको मागका आधारमा अंग्रेजी माध्यममा शिक्षा | | √ | √ | √ | √ | |
| ४. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | |
| ४.१ | आधारभूत विद्यालयको तह निर्धारण मापदण्ड विकास र समायोजन | √ | √ | √ | √ | √ | |
| ४.२ | विषयगत शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन | | √ | √ | | | |
| ४.३ | विद्यालयमा विषयगत प्रयोगशालाको स्थापना र विकास | √ | √ | √ | √ | √ | |
| ४.४ | विषयगत समिति स्थापना तथा क्षमता विकासका लागि परिचालन | √ | √ | √ | √ | √ | |
| ४.५ | प्रस्तावका आधारमा असल विद्यालय विकास कार्यक्रम | √ | √ | √ | √ | √ | |
| ४.६ | विद्यार्थीको सिकाइ उपलब्धि, आचार संहिता पालनाका आधारमा शिक्षकको क्षमता विकास र वृत्ति विकासका अवसर प्रदान | √ | √ | √ | √ | √ | |
| ४.७ | शिक्षकको अनुसन्धानात्मक कार्यमा प्रोत्साहन | √ | √ | √ | √ | √ | |
| ४.८ | विद्यार्थीलाई सीपमूलक तथा व्ययवसायिक तालिमका लागि अवसर प्रदान | √ | √ | √ | √ | √ | |
| ५ | **अनौपचारिक शिक्षा** | | | | | | |
| ५.१ | सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास | | √ | √ | √ | √ | |
| ५.२ | विद्यालय उमेर समूह वा उमेर बाहिरका समूहका लागि सचेतना तथा सीपमूलक कार्यक्रम सञ्चालन | √ | √ | √ | √ | √ | |
| ५.३ | प्रज्ञाप्रतिष्ठान मार्फत ज्येष्ठ नागरिक तथा सेवा निवृत व्यक्तित्वको क्षमता पहिचान र परिचालन | | √ | √ | √ | √ | |
| ६ | प्राविधिक तथा व्यावसायिक शिक्षा | | | | | | |
| ६.१ | आधारभूत तह शिक्षा पुरा गरेका विद्यार्थीहरूको लागि छोटा अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा लिनका लागि प्रोत्साहन अनुदानको व्यवस्था | √ | √ | √ | √ | √ | |
| ६.२ | प्राविधिक तथा व्यावसायिक धारको शिक्षा सञ्चालन गर्ने विद्यालय संस्थालाई नतिजाका आधारमा प्रोत्साहन कार्यक्रम | | √ | √ | √ | √ | |
| ६.३ | व्यावसायिक रूपमा रहेको परम्परागत ज्ञान तथा सीपको परीक्षण तथा प्रमाणीकरण र समकक्षता प्रदान | | | √ | √ | √ | |
| ७ | शैक्षिक व्यवस्थापन | | | | | | |
| ७.१ | शैक्षिक तथ्याङ्कको सफ्टवेयरको विकास र उपयोग | √ | √ | √ | √ | √ | |
| ७.२ | विद्यालयको तह अनुसार नेतृत्व छनोट | | √ | √ | √ | √ | |
| ७.३ | सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार तथा मानवीय संशाधनको उपलब्धताको सुनिश्चितता | | | | √ | √ | |
| ८ | समसामयिक विषय क्षेत्र | | | | | | |
| ८.१ | समावेशी तथा समतामूलक आधारमा सबै वर्गको शिक्षामा पहुँचको सुनिश्चितता | √ | √ | √ | √ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८.२ | विविधतताको सम्बोधन मार्फत सिकाइ उपलब्धिको सुनिश्चितताका लागि विशेष कार्यक्रम | | √ | √ | √ | √ | |
| ८.३ | प्राकृतिक प्रकोप तथा महामारीमा शैक्षिक क्षति हुन नदिने प्रणालीको विकास | | √ | √ | √ | √ | |
| ८.४ | विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि थप प्रोत्साहन कार्यक्रम | √ | √ | √ | √ | √ | |
| ९ | **गुणस्तरीय शिक्षाको लागि थप कार्यक्रम** | | | | | | |
| ९.१ | पाठ्यक्रम र मूल्याङ्कनका औजारहरू कक्षा कोठामा पूर्ण रूपमा उपयोग | √ | √ | √ | √ | √ | |
| ९.२ | अनुसन्धान र स्वमूल्याङ्कनका लागि प्रोत्साहन कार्यक्रम | √ | √ | √ | √ | √ | |
| ९.३ | स्थानीय पाठ्यक्रमको परिमार्जन र सुधार | | | √ | √ | √ | |
| ९.४ | अतिरिक्त कार्यक्रम विकासका लागि प्रोत्साहन | √ | √ | √ | √ | √ | |

## ७.३ शिक्षा क्षेत्रका प्रमुख विषयका उपलब्धि तथा उपलब्धि सूचकहरू

| क्र.स. | शिक्षा योजनाको प्रारम्भिक बिन्दुमा (२०८०) | | | | योजनाको अन्तमा (२०८५) |
|---|---|---|---|---|---|
| | **शिक्षा विकासका सूचकहरू** | **राष्ट्रिय** | **प्रदेश** | **स्थानीय** | |
| **१** | **शिशु स्याहार केन्द्र** | | | | |
| १.१ | शिशु स्याहार केन्द्रको मापदण्ड निर्धारण | | | ० | १ |
| १.२ | शिशु स्याहार केन्द्रको स्थापना | | | ९ | १८ |
| १.३ | शिशु स्याहार केन्द्रका सहजकर्ताको अनुमति पत्रको व्यवस्था | | | ० | १ |
| **२. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | |
| २.१ | प्रारम्भिक बालविकास केन्द्रको मापदण्ड निर्धारण | | | ० | १ |
| २.२ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* % | ९४.९ | ८९.७ | ९४.४ | ९९ |
| २.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालवालिका* % | ७६.७ | ८२.१ | ८०.८ | ९० |
| **३. आधारभूत शिक्षा कक्षा (कक्षा १-८)** | | | | | |
| ३.१ | कक्षा १ मा भर्ना भएका बालवालिकाको खुद भर्ना दर* % | ७०.६ | ९३.४ | ९८.४ | १०० |
| ३.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिकाको कुल प्रवेश दर % | १२३.३८ | १०१.१ | १२३.७ | १०५ |
| ३.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* % | ९७.६ | ९६.३ | ९७.७ | ९९.५ |
| ३.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर % | १२९.५ | १२३ | १२७.१ | १०६ |
| ३.५ | आधारभूत तह कक्षा ५ सम्म टिकाउ दर* % | ९८.१ | ९७.७ | ९८.७ | १०० |
| ३.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पुरा गर्ने दर* % | ९२.० | ९२.० | ९४.५ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.७ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | ०.९८ | १.०० | १.०५ | १.०० |
| ३.८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* % | | ९६.१ | ९५.७ | ९८.८ | १०० |
| ३.९ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर* % | | ११९.३ | ११९.५ | १२४.१ | ११५ |
| ३.१० | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर* % | | ८५.७ | ८४.३ | ९७.५ | ९९ |
| ३.११ | आधारभूत तहको (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | | ०.९८ | १.०१ | १.०१ | १.०० |
| ३.१२ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालवालिकाको सङ्ख्या % | नेपाली | | | १०० | १०० |
| | | गणित | | | १०० | १०० |
| ३.१३ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालवालिकाको सङ्ख्या % | नेपाली | | | | ९९ |
| | | गणित | | | | ९० |
| ३.१४ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालवालिकाको सङ्ख्या % | नेपाली | | | ९७.६५ | ९९ |
| | | गणित | | | ९५ | ९७ |
| ३.१५ | विद्यालय बाहिर रहेका बालवालिका* % | आधारभूत (कक्षा १-५) | | | ० | ० |
| | | आधारभूत (कक्षा १-८) | | | ० | ० |
| ३.१६ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या* % | | | | ६० भन्दा बढी | ६० भन्दा बढी |
| ४. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | |
| ४.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* % | | ५७.४ | ५६.५ | ४८.५ | ६० |
| ४.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* % | | ८३.४ | ८१.६ | ७५.३ | ८५ |
| ४.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* % (कक्षा ९-१२) | | | | ०.८४ | ०.९० |
| ४.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* % | | | | ०.९० | ०.९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर* % | | | | | ७५ |
| ४.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर* % | | | | | ७० |
| ४.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* % | | | | ०.१३ | ०.१५ |
| ४.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या* % | विज्ञान | | | २२ | २५ |
| | | प्राविधिक तथा व्यावसायिक शिक्षा | | | २.९५ | ५ |
| ४.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (औसत ग्रेड पोइन्टमा) | नेपाली | | | ३ | ३.४ |
| | | गणित | | | २.४ | ३.२ |
| | | विज्ञान | | | २.४ | ३.२ |
| | | अङ्ग्रेजी | | | ३ | ३.४ |
| **५. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | |
| ५.१ | साक्षरता दर (१५ वर्षभन्दा माथि) % | | ५८ | | ८० | ९० |
| ५.२ | साक्षरता दर (६ वर्षभन्दा माथि) % | | ७८ | | ९० | ९७ |
| ५.३ | साक्षरता दर (१५-२४ उमेर समूह) % | | ९२ | | ९९.९८ | १०० |
| ५.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्षभन्दा माथि) % | | | | ०.९० | ०.९५ |
| **६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | |
| ६.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति* % | | | | १० | २० |
| ६.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२) वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति* (वार्षिक सङ्ख्या) | छात्रा | | | २० | २५ |
| | | छात्र | | | २० | २५ |
| **७. सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ७.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | | | १:१६ | १:३० |
| ७.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | | | १:६८ | १:४० |
| ७.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | | | १:२४ | १:३० |
| ७.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | | | १:४० | १:३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी-शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | | १:६२ | १:४० |
| **८. शिक्षामा लगानी** | | | | | |
| ८.१ | कुल बजेटको शिक्षाक्षेत्रमा विनियोजित बजेट* % | ११.२७ | | ३.९ | ५.५ |
| ८.२ | प्रारम्भिक बालविकास तहमा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | ४.६१ | | ५.६८ | ७ |
| ८.३ | आधारभूत विद्यालय तहको शिक्षामा (कक्षा १ - ८) सम्म)प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | १५.६७ | | २.६७ | ४ |
| ८.४ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रतिविद्यार्थी सरकारी खर्च (रु हजारमा) | ५.६१ | | ०.९५ | ३ |
| | | | | | |

## ७.४ दीर्घकालीन सोच अनुसार शिक्षा क्षेत्रका प्रमुख कार्यक्रमहरूमा सम्भावित लागत

| क्र.सं. | प्रमुख क्षेत्र र अन्तर्गतका कार्यक्रमहरू | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | कुल खर्च | जेखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | | २०८२ | | २०८३ | | २०८४ | | २०८५ | | अवधिभर | |
| **१** | **शिशु स्याहार केन्द्र** | | **१००** | | **१००** | | **३००** | | **३००** | | | **८००** | |
| १.१ | **शिशु स्याहार केन्द्रको मापदण्ड निर्धारण** | √ | १०० | | | | | | | | | १०० | |
| १.२ | **शिशु स्याहार केन्द्रको स्थापना** | | | √ | १०० | √ | १०० | √ | १०० | | | ३०० | |
| १.३ | **शिशु स्याहार केन्द्रका सहजकर्ताको अनुमति पत्रको व्यवस्था** | | | | | √ | २०० | √ | २०० | | | ४०० | |
| **२** | **प्रारम्भिक बालविकास र शिक्षा** | | **३००** | | **७१००** | **०** | **८०००** | **०** | **८१००** | **०** | **७९००** | **३१४००** | |
| २.१ | **प्रारम्भिक बालविकास केन्द्रको मापदण्ड निर्धारण** | √ | १०० | | | | | | | | | १०० | समयमा कानुन निर्माण र स्रोत व्यवस्थापन हुनु पर्ने |
| २.२ | **प्रारम्भिक बालविकास सहजकर्ताको लाइसेन्सको प्रबन्ध** | | | | | √ | २०० | √ | २०० | √ | | ४०० | |
| २.३ | **प्रारम्भिक बालविकास केन्द्रको स्तर निर्धारण तथा पुर्वाधार विकास** | | | √ | ४०० | √ | १००० | √ | १००० | √ | १००० | ३४०० | |
| २.४ | **प्रारम्भिक बालविकास सहजकर्ताको क्षमता विकास कार्यक्रम** | √ | २०० | √ | २०० | √ | २०० | √ | २०० | √ | २०० | १००० | |
| २.५ | **कक्षा अनुसार बालविकास सहजकर्ताको** | | | √ | ६५०० | √ | ६६०० | √ | ६७०० | √ | ६७०० | २६५०० | |

| क्र.सं. | प्रमुख क्षेत्र र अन्तर्गतका कार्यक्रमहरू | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | कुल खर्च | जेखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | | २०८२ | | २०८३ | | २०८४ | | २०८५ | | अवधिभर | |
| | व्यवस्थापन | | | | | | | | | | | | |
| ३. | आधारभूत शिक्षा ( कक्षा १-८) | | १६२०० | | ३२४०० | | ३२८०० | | ३२८०० | | ३२८०० | १४७००० | |
| ३.१ | आधारभूत विद्यालयको तह निर्धारण मापदण्ड विकास र समायोजन | √ | १०० | √ | १०० | | | | | | | २०० | |
| ३.२ | सामुदायिक विद्यालयमा आधारभूत तहको शिक्षा निःशुल्क | कक्षा ५ | १५००० | कक्षा ५ | १५००० | कक्षा ६ | १५००० | कक्षा ७ | १५००० | कक्षा ८ | १५००० | ७५००० | |
| ३.३ | कक्षा ४ देखि ८ सम्म विषयगत शिक्षकको व्यवस्था | | | तह ३ | १०००० | तह ४ | १०००० | तह ४ | १०००० | तह ४ | १०००० | ४०००० | |
| ३.४ | विद्यालयमा विषयगत प्रयोगशालाको स्थापना र विकास | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | २५०० | |
| ३.५ | विद्यार्थीको सिकाइ उपलब्धि, आचार संहिता पालनाका आधारमा शिक्षकको क्षमता विकास र वृत्ति विकासका अवसर प्रदान | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | २५०० | |
| ३.६ | शिक्षकको अनुसान्धानात्मक कार्यमा प्रोत्साहन | √ | १०० | √ | ३०० | √ | ३०० | √ | ३०० | √ | ३०० | १३०० | |
| ३.७ | विद्यालयको मागका आधारमा संस्कृत/मातृभाषामा शिक्षा | | | | | कक्षा १ | ५०० | कक्षा २ | ५०० | कक्षा ३ | ५०० | १५०० | |
| ३.८ | विद्यालयको मागका आधारमा अंग्रेजी माध्यममा शिक्षा | | | √ | १००० | √ | १००० | √ | १००० | √ | १००० | ४००० | |
| | विद्यार्थीको पोषण प्रवर्द्धन कार्यक्रम | | | √ | ५००० | √ | ५००० | √ | ५००० | √ | ५००० | २०००० | |
| ४. | माध्यमिक शिक्षा ( कक्षा ९-१२) | | २४०० | | १९००० | | १९२०० | | १९२०० | | १९२०० | ७९००० | |
| ४.१ | माध्यमिक विद्यालयको तह निर्धारण मापदण्ड विकास र समायोजन | √ | १०० | √ | १०० | √ | १०० | √ | १०० | √ | १०० | ५०० | |
| ४.२ | विषयगत शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन | | | √ | १६००० | √ | १६००० | √ | १६००० | √ | १६००० | ६४००० | |
| ४.३ | विद्यालयमा विषयगत | √ | १००० | √ | १००० | √ | १००० | √ | १००० | √ | १००० | ५००० | |

| क्र.सं. | प्रमुख क्षेत्र र अन्तर्गतका कार्यक्रमहरू | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | कुल खर्च | जेखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | | २०८२ | | २०८३ | | २०८४ | | २०८५ | | अवधिभर | |
| | प्रयोगशालाको स्थापना र विकास | | | | | | | | | | | | |
| ४.४ | विषयगत समिति स्थापना तथा क्षमता विकासका लागि परिचालन | √ | ३०० | √ | ३०० | √ | ४०० | √ | ४०० | √ | ४०० | १८०० | |
| ४.५ | प्रस्तावका आधारमा असल विद्यालय विकास कार्यक्रम | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | २५०० | |
| ४.६ | विद्यार्थीको सिकाइ उपलब्धि, आचार संहिता पालनाका आधारमा शिक्षकको क्षमता विकास र वृत्ति विकासका अवसर प्रदान | | | √ | ४०० | √ | ५०० | √ | ५०० | √ | ५०० | १९०० | |
| ४.७ | शिक्षकको अनुसन्धानात्मक कार्यमा प्रोत्साहन | √ | १०० | √ | ३०० | √ | ३०० | √ | ३०० | √ | ३०० | १३०० | |
| ४.८ | विद्यार्थीलाई सीपमूलक तथा व्यवसायिक तालिमका लागि अवसर प्रदान | √ | ४०० | √ | ४०० | √ | ४०० | √ | ४०० | √ | ४०० | २००० | |
| **५** | **अनौपचारिक शिक्षा** | | **३००** | | **७००** | | **७००** | | **७००** | | **७००** | **३१००** | |
| ५.१ | सामुदायिक अध्ययन केन्द्रको क्षमता विकास | √ | २०० | √ | २०० | √ | २०० | √ | २०० | √ | २०० | १००० | |
| ५.२ | विद्यालय उमेर समूह वा उमेर बाहिरका समूहका लागि सचेतना तथा सीपमूलक कार्यक्रम सञ्चालन | √ | १०० | √ | ३०० | √ | ३०० | √ | ३०० | √ | ३०० | १३०० | |
| ५.३ | प्रज्ञाप्रतिष्ठान मार्फत ज्येष्ठ नागरिक तथा सेवा निवृत व्यक्तित्वको क्षमता पहिचान र परिचालन | | | √ | २०० | √ | २०० | √ | २०० | √ | २०० | ८०० | समयमा कानुन निर्माण र स्रोत व्यवस्थापन हुनु पर्ने |
| **६** | **प्राविधिक तथा व्यावसायिक शिक्षा** | | **४००** | | **९००** | | **१०००** | | **१०००** | | **१०००** | **४३००** | |
| ६.१ | आधारभूत तह शिक्षा पूरा गरेका विद्यार्थीहरूको लागि छोटा अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा लिनका लागि प्रोत्साहन अनुदानको व्यवस्था | √ | ४०० | √ | ८०० | √ | ८०० | √ | ८०० | √ | ८०० | ३६०० | |

| क्र.सं. | प्रमुख क्षेत्र र अन्तर्गतका कार्यक्रमहरू | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | कुल खर्च | जेखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | | २०८२ | | २०८३ | | २०८४ | | २०८५ | | अवधिभर | |
| ६.२ | प्राविधिक तथा व्यावसायिक धारको शिक्षा सञ्चालन गर्ने विद्यालय संस्थालाई नतिजाका आधारमा प्रोत्साहन कार्यक्रम | | | √ | १०० | √ | १०० | √ | १०० | √ | १०० | ४०० | |
| ६.३ | व्यावसायिक रूपमा रहेको परम्परागत ज्ञान तथा सीपको परीक्षण तथा प्रमाणीकरण र समकक्षता प्रदान | | | | | √ | १०० | √ | १०० | √ | १०० | ३०० | |
| **७** | **शैक्षिक व्यवस्थापन** | | **४००** | | **६५०** | | **१५५०** | | **१५५०** | | **१५५०** | **५७००** | |
| ७.१ | शैक्षिक तथ्याङ्कको सफ्टवेयरको विकास र उपयोग | √ | ४०० | √ | ४०० | √ | ३०० | √ | ३०० | √ | ३०० | १७०० | |
| ७.२ | विद्यालयको तह अनुसार नेतृत्व छनोट | | | √ | २५० | √ | २५० | √ | २५० | √ | २५० | १००० | |
| ७.३ | सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार तथा मानवीय संशाधनको उपलब्धताको सुनिश्चितता | | | | | √ | १००० | √ | १००० | √ | १००० | ३००० | |
| **८** | **समसामयिक विषय क्षेत्र** | | **२२००** | | **५४००** | | **६४००** | | **६९००** | | **६०००** | **२६९००** | |
| ८.१ | समावेशी तथा समतामूलक आधारमा सबै वर्गको शिक्षामा पहुँचको सुनिश्चितता | | | √ | ७०० | √ | १२०० | √ | १२०० | √ | १२०० | ४३०० | |
| ८.२ | विविधताको सम्बोधन मार्फत सिकाइ उपलब्धिको सुनिश्चितताका लागि विशेष कार्यक्रम | | | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | २००० | |
| ८.३ | प्राकृतिक प्रकोप तथा महामारीमा शैक्षिक क्षति हुन नदिने प्रणालीको विकास | √ | ५०० | √ | १००० | √ | १००० | √ | १००० | √ | १००० | ४५०० | |
| ८.४ | विशेष आवश्यकता भएका व्यक्तिहरूका लागि थप प्रोत्साहन कार्यक्रम | √ | १०० | √ | १०० | √ | १०० | √ | १०० | √ | १०० | ५०० | |
| ८.५ | छात्तजृत्ति वितरण कार्यक्रम | √ | ६०० | √ | ६०० | √ | ६०० | √ | ६०० | √ | ६०० | ३००० | |

| क्र.सं. | प्रमुख क्षेत्र र अन्तर्गतका कार्यक्रमहरू | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | लक्ष्य | खर्च | कुल खर्च | जेखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | | २०८२ | | २०८३ | | २०८४ | | २०८५ | | अवधिभर | |
| ८.६ | विद्यालय तह पुरा गरेका व्यक्तिहरुको त्वबअपश्लन च्भअयचम कार्यक्रम | | | | | √ | ५०० | √ | १००० | √ | १०० | १६०० | |
| ८.७ | खेलकुद तथा अतिरिक्त कृयाकलाप | √ | ५०० | √ | १५०० | √ | १५०० | √ | १५०० | √ | १५०० | ६५०० | |
| ८.८ | युवा लक्षित कार्यक्रम | √ | ५०० | √ | १००० | √ | १००० | √ | १००० | √ | १००० | ४५०० | |
| **९** | **गाुणस्तरीय शिक्षाको लागि थप कार्यक्रम** | | **१६५००** | | **२१३००** | | **२१८००** | | **२१८००** | | **२१८००** | **१०३२००** | |
| ९.१ | पाठ्यक्रम र मूल्याङ्कनका औजारहरू कक्षा कोठामा पूर्ण रूपमा उपयोग | √ | ६०० | √ | ६०० | √ | ६०० | √ | ६०० | √ | ६०० | ३००० | |
| ९.२ | अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषण कार्यक्रम | √ | ४०० | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | २४०० | |
| ९.३ | स्थानीय पाठ्क्रम तथा पाठ्यप्स्तकको सुधार र छपाई | √ | १७०० | √ | २००० | √ | २५०० | √ | २५०० | √ | २५०० | ११२०० | |
| ९.४ | अतिरिक्त कार्यक्रम विकासका लागि प्रोत्साहन कार्यक्रम (अभिभावक शिक्षा समेत) | √ | १०० | √ | ५०० | √ | ५०० | √ | ५०० | √ | ५०० | २१०० | |
| ९.५ | विद्यालय कर्मचारी, सहजकर्ता, आया, परिचालकहरुलाई प्रोत्साहन | √ | ११७०० | √ | ११७०० | √ | ११७०० | √ | ११७०० | √ | ११७०० | ५८५०० | |
| ९.६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | | | √ | २५०० | √ | २५०० | √ | २५०० | √ | २५०० | १०००० | |
| ९.७ | शिक्षक तथा विद्यार्थीको कार्य सम्पादनका आधारमा शैक्षिक कार्यक्रम तथा प्रोत्साहन | √ | ५०० | √ | १००० | √ | १००० | √ | १००० | √ | १००० | ४५०० | समयमा कानुन निर्माण र स्रोत व्यवस्थापन हुनु पर्ने |
| ९.८ | विद्यालयका शैक्षिक कार्यक्रमको असल अभ्यासको प्रस्तुति | √ | ५०० | √ | १००० | √ | १००० | √ | १००० | √ | १००० | ४५०० | |
| ९.९ | विद्यालय स्तरीय परीक्षा सञ्चालन, नियन्त्रण तथा व्यवस्थापन | √ | १००० | √ | १५०० | √ | १५०० | √ | १५०० | √ | १५०० | ७००० | |
| **जम्मा** | | | **३८८००** | | **८७५५०** | | **९१७५०** | | **९२३५०** | | **९०९५०** | **४०१४००** | |

## ७.५ अनुगमन योजना

गैँडाकोट नगरपालिकाले निर्माण गरेको पाँच वर्षीय शैक्षिक योजनाले राखेका दीर्घकालीन सोच सहितका लक्ष्य र योजनाको कार्यान्वयनबाट प्राप्त हुने कार्यक्रमको नतिजा सुनिश्चित गर्न अनुगमन र मूल्याङ्कनलाई  महत्त्वपूर्ण अवयवको रूपको रूपमा लिइएको छ । योजनाले राखेका उद्देश्य र लक्ष्यहरूको प्राप्तिका लागि स्रोत, सोच र सम्बद्द कानुनी प्रावधानको अनिवार्य व्यवस्थापन आवश्यक हुन्छ । यही आधारमा अनुगमन र मूल्याङ्कनलाई योजनाको सफलताको प्रमुख अङ्गको रूपमा लिइएको छ । यसका लागि निम्न सिद्धान्त तथा कार्यनीतिहरूको आधारमा अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया अपनाइने छ ।

- नतिजामा आधारित अनुगमन र मूल्याङ्कनलाई अनुसरण गरिने छ ।
- विभिन्न सूचक र मापदण्डको आधारमा मूल्याङ्कन गरिने छ ।
- सम्बन्धित निकायसँग समन्वय गरी मूल्याङ्कनलाई प्रभावकारी बनाइने छ ।
- विद्यार्थीको सिकाइमा सुधारको विषयलाई विद्यालय सुधार योजना र दैनिक पाठ योजना तथा उनीहरूको सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गरिने छ ।
- सूचना र प्रविधिमैत्री शिक्षण, परियोजनामूलक शिक्षण तथा विद्यार्थी केन्द्रित शिक्षणका आधारमा शिक्षण क्रियाकलापको मूल्याङ्कन गरिने छ ।
- समयवद्ध र सूचकमा आधारित अनुगमन मूल्याङ्कनलाई कार्यन्वयन गरिने छ ।
- बहुपक्षलाई शिक्षको अनुगमन मूल्याङ्कनमा सहभागी गराइने छ ।
- योजनाको मध्यावधि मुल्याङ्कन गरी आवश्यकता अनुसार परिमार्जन गरिने छ ।

## सन्दर्भ सामाग्रीहरू


Chapagain, B. (2021). *Interface between right holders and duty bearers in school level educational services*. A dissertation submitted for the degree of doctor of philosophy to the faculty of education, Tribuwan University. Kritipur.

Tomasevski, K. (2009). Human rights obligations: Making education availbale, accessible, acceptable and adaptable. *Right to education primers no. 3.* Sweeden: Latin American council of social sciences.

National Planning Commission (2076, BS). *Fifteenth periodic plan (2076/077-2080/081).* Kathmandu: Author.

National Planning Commission (2081, BS). *Sixteenth periodic plan (2081/082-2085/086).* Kathmandu: Author.

Education Review Office (2022). *Report on National Assessment of Student Achievement in Mathematics,Science, Nepali and English for Grade 8*. Bhaktapur: Author.

संविधान सभा (२०७२) । *नेपालको संविधान* । काठमाण्डौः कानुन किताब समिति ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९) । स्थानीय तहको शिक्षा निर्माण सम्बन्धी मार्गदर्शन, २०७९। भक्तपुर : लेखक ।

नेपाल कानुन आयोग (२०५९), शिक्षा ऐन २०२८ (संसोधन सहित) शिक्षा नियमावली २०५९ (संसोधन सहित) । काठमाडौं : लेखक ।

शिक्षा, युवा तथा खेलकुद शाखा(२०७८)। शैक्षिक बुलेटिन । गैंडाकोट : गैडाकोट नगर कार्यपालिका ।

शिक्षा, युवा तथा खेलकुद शाखा(२०७९)। शैक्षिक बुलेटिन । गैंडाकोट : गैडाकोट नगर कार्यपालिका ।

शिक्षा, युवा तथा खेलकुद शाखा(२०७९)। *कक्षा ५ को स्तरीकृत परीक्षाको (विज्ञान र गणित) विषयको नतीजा विश्लेषण प्रतिवेन ।* गैंडाकोट : गैडाकोट नगर कार्यपालिका ।

शिक्षा, युवा तथा खेलकुद शाखा(२०८०)। शैक्षिक बुलेटिन । गैंडाकोट : गैडाकोट नगर कार्यपालिका ।

शिक्षा, युवा तथा खेलकुद शाखा(२०८०)। *कक्षा ८ को स्तरीकृत परीक्षाको (विज्ञान र गणित) विषयको नतीजा विश्लेषण प्रतिवेन ।* गैंडाकोट : गैडाकोट नगर कार्यपालिका ।


### अन्य सामाग्रीहरू


शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रको एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली बाट प्राप्त तथ्याङ्क

शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन र स्टाटस प्रतिवेदन ।

राष्ट्रिय परीक्षा बोर्ड माध्यमिक शिक्षा परीक्षा कक्षा १० को ततिजा २०७९ ।